सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.




● वर्ष १६ ● अंक २९ ● काठमाडौं, शुक्रबार, मंसिर २४, २०६७ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Dec 10, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १२/-



तस्विरहरु : महेश प्रधान

# काठमाडौंमै उपलब्ध छन् सेक्सटोयहरू



यौन सम्बन्धमा समस्या हुनेहरूका लागि कृत्रिम यौनाङ्गको प्रयोग उपयुक्त हुने कुरा पुरानो भएको व्यवसायीहरू बताउँछन् । प्रविण ढकाल भन्छन्- 'कुरा के हो भने नियमित फ्रेन्ड्ली सेक्स गरिरहेका दम्पतीले वाइल्ड सेक्सको चाहना राख्ने क्रममा अत्यधिक सन्तुष्टिका लागि यस प्रकारका साधन प्रयोग गर्ने हो ।' स्वीट सेक्रेटमा पुरुषलाई चाहिने २७ प्रकारका महिला कृत्रिम यौनाङ्ग उपलब्ध छन्, जसमा डबल भेजिना भएको डल पनि छ ।

**साप्ताहिक समाचार**

यौनसम्पर्कका लागि राशिले कति फरक पार्ला ? कतिपयलाई लाग्न सक्छ, खासै फरक पर्दैन तर अनुसन्धानकर्ताहरू राशिअनुसार सेक्स सम्बन्ध प्रभावकारी हुने बताउँछन् । जतिसक्दो यौनसन्तुष्टि लिने चाहना अक्सर सम्बन्ध राख्नेहरूबीच हुन्छ, यही चाहनालाई बुझेर विभिन्न कम्पनीले राशिअनुसार सम्बन्धलाई रोमाञ्चक बनाउने साधनहरू पनि बजारमा ल्याएका छन् ।

नेपाली बजारमा राशिअनुसार कन्डम पाइन्छ भन्ने पनि धेरै कमलाई थाहा होला । '१२ राशिका मानिसको आ-आफ्नो यौन स्वभावअनुसार १२ थरीकै कन्डम उपलब्ध छन्,' नेपाली बजारमा यौनसम्बन्धसँग सम्बन्धित कृत्रिम उपकरणहरू आधिकारिक रूपमा बिक्री गर्ने न्युरोडस्थित प्रेक्सिस ग्रुपको आउटलेट स्वीट सेक्रेटका प्रबन्ध निर्देशक मन्जित पौडेलले भने-'यसको प्रभावकारिताका विषयमा उपभोक्ता आफैंले उपयोग गरेर परीक्षण गर्न सक्छन् ।'

आधुनिकतासँगै नेपाली समाज यौनका विषयमा पनि खुला बन्दै गएको छ । व्यवसायीहरूले यौन प्रयोगका निम्ति भित्र्याएका कृत्रिम उपकरणको बजार पनि बृहत् हुँदै गएकाले यस विषयमा चासो बढ्न थालेको छ । 'नेपालमा पनि अत्यधिक सन्तुष्टिका लागि कृत्रिम सेक्सुअल अर्गान प्रयोग गर्ने ट्रेन्ड बढेको छ ।' दर्जनौं ब्रान्डका कन्डम तथा कृत्रिम यौनाङ्गको आधिकारिक विक्रेता स्वीट सेक्रेटका प्रबन्ध निर्देशक पौडेल भन्छन्- 'प्राकृतिक यौनसम्पर्कबाट वञ्चित वा आकांक्षाबमोजिम चरम सुख नपाएकाहरूले यस प्रकारका सहयोगी साधन तथा कृत्रिम यौनांग खरिद गरेर पर्याप्त आनन्द लिन सक्छन् ।'

नेपालमा सेक्सुअल अर्गानको बजार गत वर्ष नै प्रारम्भ भए पनि ठूलो स्वरूपमा यसको व्यवसाय यसै वर्षदेखि प्रारम्भ भएको छ । समाज विकासको क्रमसँगै आएको कृत्रिम सेक्सको अवधारणा अब सामान्यीकृत हुँदै गएको यसले प्रस्ट पार्छ । न्युरोडस्थित स्वीट सेक्रेटमा दर्जनौं ब्रान्डका कन्डम तथा कृत्रिम यौनाङ्ग भेटिन्छन् । राशिअनुसारको कन्डम मात्र होइन, विभिन्न फ्लेभरका ललिपप, चकलेट आदिको स्वरूपका कन्डम त्यहाँ उपलब्ध छन् । आफूलाई मनपर्ने उपभोग्य वस्तु चकलेट, ललिपपको स्वरूपमा कन्डम पाउँदा सम्बन्ध राख्नेहरू अझ रोमाञ्चित हुन सकून् भन्ने आशयले कम्पनीहरूले यस्ता स्वरूपमा अस्थायी साधन विकसित गरेको पौडेल बताउँछन् । रातको समयमा चम्किने नाइट ग्लो कन्डम, किरिङसहितको कन्डम, पटक-पटक प्रयोग गर्न मिल्ने क्रिस्टल कन्डम स्वीट सेक्रेटमा छन् । त्यतिमात्र होइन्, एप्पल, जिन्स, लभ, इलाइट, प्लेजर विशेशता भएका कन्डम पनि त्यहाँ छन् । म्युजिकल कन्डम पनि उपभोक्तालाई आकर्षित गर्ने किसिमको छ । लामो समय सम्पर्क राख्न बेन्जोकेन रसायन मिश्रण भएको कन्डम पनि स्वीट सेक्रेट ल्याएको छ ।

'ओरल सेक्स मन पराउनेहरूका लागि बनाना, स्ट्रबेरी आदि विभिन्न स्वादका ओरल कन्डम पनि छन्,' स्वीट सेक्रेट प्रमुख कार्यकारी प्रबिण ढकालले भने- 'ओरल कन्डम स्वास्थ्यलाई ख्याल गरेर विकास भएकाले यसले एक प्रकारको रोमाञ्चकतासँगै सुरक्षा पनि दिन्छ ।'

स्वीट सेक्रेटमा विभिन्न स्वरूपमा कृत्रिम यौनाङ्गसमेत राखिएका छन् । 'अहिले हामीसँग ५७ थरीका यौनाङ्ग छन्,' प्रमुख कार्यकारी ढकालले भने- 'पुरुषका लागि महिला यौनाङ्ग तथा महिलाका लागि पुरुष यौनाङ्ग बिक्रीमा राखेका छौं ।' विश्वबजारमा

पृष्ठ २४ मा जारी








## एक साथ देखिए पारस र हिमानी

समाचार पृष्ठ १५ मा





मध्यपृष्ठमा सुहानी

## ● क्यासेट ●



### सर्वदा

विधा: आधुनिक
गायन: सविना कार्की
संगीतकार: सचिन सिंह, महेश खड्का, शक्ति वल्लभ, राजु सिंह, आनन्द कार्की, न्हयू बज्राचार्य, सत्य-स्वरूप र हरि लम्साल
गीतकार : भूपेन्द्र खड्का, कृष्णहरि बराल, विश्वम्भर खतिवडा, नवराज लम्साल, आनन्द अधिकारी, दुर्गालाल श्रेष्ठ, सञ्जय बराल, श्रीपुरुष ढकाल, दिनेश अधिकारी र केदवत्त भट्ट
बजार व्यवस्थापन: विन्दवासिनी म्युजिक



### श्रेय

विधा : आधुनिक/पप
गायन : अनुपकुमार रेग्मी
संगीत : आलोकश्री, सुरेश अधिकारी, न्हयू बज्राचार्य, राजु सिंह
गीत : वेणीमाधव भट्टराई, रमेश क्षितिज, नरेश भट्टराई, दुर्गालाल श्रेष्ठ तथा मोहन आचार्य
गीत संख्या : आठ

## ● सहरमा सिनेमा ●

**दाइको ससुराली** : विश्वज्योति, जमल/गुण सिनेमा, ग्वार्को/ गोपीकृष्ण, चावहिल/ अष्ट नारायण, बाजालुलगायत काठमाडौंका १५ वटा चलचित्र भवन

**धर्मा** : जयनेपाल, हात्तीसार/कुमारी, कमलपोखरीलगायत देशभरिका ६१ चलचित्र भवन

**ब्याण्ड बाजा बारात** : क्युएफएक्स सेन्ट्रल सिनेमा, सिभिल मल/गोपीकृष्ण, चावहिल

**नो प्रोब्लम** : गोपिकृष्ण, चावहिल

## ● रंगमञ्च ●

### अँध्यारोविरुद्ध



महिला हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा चेतना अभियान समूहले कचहरी नाटक अभियान सम्पन्न गरेको छ। घरेलु हिंसाविरुद्धको अभियान पूर्वाञ्चल नेटवर्कको आयोजनामा मंसिर ८ गते झापाबाट निस्किएको समूहले इलामको फिक्कल, दानाबारी, झापाको पृथ्वीनगर, डाँगीबारी, धनकुटाको पाखिबास तथा चुवाकोबोटमा नाटक प्रस्तुत गरेको थियो। ती ठाउँमा गन्तव्य थिएटर दमकको प्रस्तुति अँध्यारोविरुद्ध शीर्षकको कचहरी नाटक प्रदर्शन गरिएको नाटकका लेखक एवं निर्देशक भूपेन्द्र तिम्सिनाले बताए।

### खण्डित आकाश



अनाम नाट्य समूह, धरानले 'खण्डित आकाश' शीर्षकको कचहरी नाटक सोमबार विराटनगरमा मञ्चन गरेको छ। यसअघि धरानमा एकपटक मात्रै मञ्चन गरिएको यो कचहरी नाटकलाई राष्ट्रिय अपाङ्ग महासंघले देशभर लाने तयारी गर्दैछ। ग्रामिण क्षेत्रमा रहेको पुरानो प्रथा र छुवाछूतविरुद्ध अनाम समूहले तयार गरेको कचहरी नाटक आमनाटकहरूभन्दा भिन्न छ। नाटकका बारेमा प्रतिक्रिया दिनेलाई नै कलाकारका रूपमा कचहरीमा उभ्याएर नौलो प्रयोग गरिएको यो नाटकमा संगीत भरेर गीतिनाटकको रूप पनि दिइने निर्देशक रिमालले बताए।

### गुरुकुल हाउसफुल

आरोहण गुरुकुलले आयोजना गरेको तेस्रो काठमाडौं अन्तर्राष्ट्रिय नाटक महोत्सवमा दर्शकको उल्लेख्य भीड रहयो। नेपालसहित विभिन्न मुलुकका नाटक हेर्न दर्शकले ४ सय सिट क्षमताको रिमाल नाटकघर खचाखच भरिएको थियो। कतिपय नाटक दुई शो चलाउँदासमेत हाउसफुल भएको थियो। मंसिर १ गते प्रारम्भ भएको महोत्सव गत मंगलबार सम्पन्न भएको छ। महोत्सवमा दक्षिण एसियालगायत अमेरिका र युरोपका चर्चित नाट्य संस्थाको नाटकसमेत मञ्चन भएको थियो।

### एक्सप्रेसन अफ रिप्रेसन

फेथ तथा कर्पोरेट सोसल कन्सोर्टियमले दरबारमार्गस्थित होटल याक एन्ड यतिमा 'एक्सप्रेसन अफ रिप्रेसन' शीर्षकको कला प्रदर्शनी सम्पन्न गरेको छ। विश्व एड्स दिवसको अवसर पारेर आयोजित कार्यक्रममा मण्डला थिएटरका कलाकारहरूले यौनकर्मी महिलाका विषयहरू अभिनयको माध्यमबाट प्रस्तुत गरेका थिए। रंगकर्मी राजन खतिवडाद्वारा निर्देशित नाटकमा सिर्जना सुब्बा, नरेन्द्र बराल आदिले अभिनय गरेका थिए।

## ● लाइभ ●

### जसिहाङ साँझ

**आयोजक** : जिमी (राई) उत्थान समाज
**विशेषता** : गायक तथा संगीतकार जसिहाङ राईको एकल गायन कार्यक्रम
**कलाकार** : गायक जसिहाङ राई
**स्थान** : सोलुखुम्बु, **मिति** : मंसिर २४ गते शनिबार

## ● ग्यालरी ●

### प्रवीणको एकल फोटो प्रदर्शनी



वीरगन्जका फोटो पत्रकार प्रवीण मानन्धरले आफ्नो एकल तस्विरहरूको प्रदर्शनी सम्पन्न गरेका छन्। उनले एक दशकमा खिचेका तस्विरहरू रानी सती अतिथि सदनमा आयोजित फोटो प्रदर्शनीमा राखिएका थिए। उक्त प्रदर्शनीमा मानन्धरद्वारा खिचिएको विभिन्न जीवनशैली, आमजीवन, वातावरण, धर्म एवं संस्कृतिसँग सम्बन्धित ६५ वटा तस्विर समावेश थिए।

### एडम स्वार्टका चित्रहरू

झम्सिखेलस्थित काठमाडौं कन्टेम्पोररी आर्ट सेन्टरमा एडम स्वार्टका चित्रहरू प्रदर्शन आज शुक्रबारदेखि सुरु भएको छ। 'कुमारी लक्षण: लेयर अफ प्युरिटी' शीर्षकको उक्त प्रदर्शनी चार दिनसम्म चल्नेछ। प्रदर्शनीमा स्वार्टले तयार गरेका नयाँ चित्रहरू प्रदर्शन गरिनेछ।

### झम्सिखेलमा कलाप्रदर्शनी

कलाकारहरूको संस्था लसनाले झम्सिखेलमा आयोजना गरिएको तीनदिने कार्यशाला गोष्ठीमा तयार गरिएका इन्टरनेसनल एवं पर्फमेन्स कलालाई प्रदर्शनीमा राखिएको छ। 'ग्लोबलाइजेशन अफ आर्ट : कन्टेम्पोररी आर्ट प्राक्टिस' शीर्षकको उक्त कला सम्मेलन एवं कार्यशालाअन्तर्गत २५ जना कलाकारले ६ वटा समूह बनाएर विभिन्न विषयमा कला सिर्जना गरेका थिए।

### कलामा परिवर्तनको खोजी

बबरमहलस्थित आर्ट काउन्सिलमा हालै मूर्तिकला प्रदर्शनी भयो। कलाकार नरेन्द्रप्रसाद भण्डारीले 'परिवर्तन' शीर्षकमा तयार गरेका मूर्तिहरू प्रदर्शनीमा राखिएको थियो। प्रसव वेदनाले छटपटाइरहेकी महिला, मृत्युको मुखमा पनि बाँच्ने अभिलाषा साँचेका मानिसहरू, फुटपाथमा बेवारिसे जीवन बिताइरहेका आकृतिका मूर्तिहरू प्रदर्शनीमा राखिएका थिए।

### सागलका चित्र

काभ्रेको नासिकास्थान, भैंसेपाटीस्थित स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्रले चित्र प्रदर्शनी गरेको छ। आफ्नो स्थापनाको दोस्रो वार्षिकोत्सवको अवसर पारेर गत आइतबारदेखि बिहीबारसम्म बीसौं शताब्दीका चित्रकार मार्क सागलका चित्र प्रदर्शनीमा राखिएको हो।

## ● पुस्तक ●



### द्वन्द्व रूपान्तरण र शान्ति स्थापनामा धर्म तथा आध्यात्मिक क्षेत्रको भूमिका

आर्थिक तथा राजनैतिक विचलनले कुनै पनि समाजमा द्वन्द्व सिर्जना गर्छ। त्यस्तो द्वन्द्वलाई समाधानतर्फ लान अनेक विषयलाई सम्बोधन गर्नुपर्छ। यस्ता विषयहरूमा आध्यात्मिक तथा धार्मिक विषय पनि पर्छन्। द्वन्द्वलाई शान्तिपूर्ण रूपमा रूपान्तरण गर्न धर्म तथा आध्यात्मिक क्षेत्रले कस्तो भूमिका निर्वाह गर्न सक्छ भन्ने विषयमा केशवप्रसाद चौलागाईंले एउटा पुस्तक द्वन्द्व रूपान्तरण र शान्ति स्थापनामा धर्म तथा आध्यात्मिक क्षेत्रको भूमिका सार्वजनिक गरेका छन्। ५ अध्यायमा विभाजित यो पुस्तकले द्वन्द्वको जातिय तथा धार्मिक कारणहरू केलाउँदै तिनको निराकरणका लागि धर्मको भूमिकाको खोजी गरेको छ। वर्तमान नेपालको राजनैतिक परिप्रेक्ष्यमा पुस्तक सान्दर्भिक छ। श्रीमती मीना चौलागाईंद्वारा प्रकाशित यो पुस्तकको मुल्य ४ सय ५० रुपैयाँ छ।

## ● सहरको स्वाद ●

### बोकाको स्पेसल मासु



राजधानीमा प्राय: सबै रेस्टुराँमा खसीको मासुका परिकार उपलब्ध छन्। केही महिनाअघि मात्र कोटेश्वरको महादेवस्थान मन्दिरनजिकै सहयोगीनगरमा खुलेको हरियाली किचेनका सञ्चालक गोपाल तण्डुकारले भने खसीको होइन, बोकाको मासुका परिकारले ग्राहक पल्काएका छन्। बाग्मती नदीको किनारामा खुलेको यो रेस्टुराँमा दोलखाबाट ल्याइएका बोकाको मासुको परिकार पाइन्छ। 'म आफैं बोकाको मासु बनाउँछु,' रेस्टुराँ सञ्चालक गोपाल भन्छन्– 'हरियाली किचेनमा बोकाको मासु पाइन्छ भन्ने थाहा पाएर टाढा-टाढाबाट ग्राहकहरू आइरहेका छन्।'

**मूल्य : दुई सय रुपैयाँ।**



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

काममा सुधार आउनेछ भने कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। विश्वास गरेकाहरूले धोका दिने हुँदा अर्थिक समस्याले सताउन सक्छ। झुटा आरोप पनि लाग्न सक्छ। नोकरी तथा राजनीतिमा राम्रै स्थान प्राप्त हुनेछ। अधुरा काम पुरा हुने तथा नयाँ काम पाइने योग छ। सामाजिक कार्यमा प्रशंसा बटुल्न सकिनेछ।

### मिथुन

रोकिएका कामहरू पूरा हुनेछन्। अध्ययन एवं व्यवसायमा सफलता मिल्नेछ। पराक्रम, सोच्ने शक्ति एवं बोलीको प्रभाव बढ्नुका साथै नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। सोमबारदेखि स्वास्थ्य गडबड रहन तथा विश्वासमा धोका हुनसक्छ। आर्थिक कारोबारमा विवाद आउनेछ।

### सिंह

घरेलु काममा रुचि एवं सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ। काममा उतारचढाव आउने भएकाले सजग रहनुहोला। घरजग्गाको बन्दोबस्त एवं सवारी साधन जोड्ने अवसर पाउनुहोला। रोग, शत्रु तथा खर्च बढ्ने भएकाले संयम अपनाउनुपर्ने देखिन्छ।

### तुला

बोलीको प्रभाव बढ्नेछ भने अरूलाई सजिलै विश्वास दिलाउन सकिनेछ। काममा सजगता अपनाउनुहोला। पराक्रमको गति तीव्र हुनेछ। नोकरी तथा राजनीतिमा सोचेजस्तै सफलता मिल्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। वैदेशिक कार्यमा सफलता हासिल हुनेछ। तपाईंमाथि महत्त्वपूर्ण जिम्मेवारि आउनसक्छ।

### धनु

साना-तिना प्रयासमै ठूलो समस्या सुल्झाउन सकिनेछ। आफूले गरेको लगानीबाट राम्रै फाइदा उठाउन सकिनेछ। अरूलाइ विश्वास दिलाएर आफ्नो लक्ष्य पूरा गर्न सकिनेछ। मन हर्षित हुनेछ भने शरीरमा स्फुर्ति बढ्नेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### कुम्भ

जोस एवं जाँगर बढ्नेछ। सानै प्रयासले ठूलो काममा सफलता पाउनुहोला। वैदेशिक कार्यबाट सोचेभन्दा बढी लाभ प्राप्त हुनेछ। यात्रा रमाइलो रहला। सामाजिक कार्यमा गरेका प्रयत्न प्रशंसनीय हुनेछन्। व्यवसायमा राम्रै उन्नति हुनेछ। भाग्यमा भन्दा कर्ममा जोड दिनुहोला।

### वृष

पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले पनि ठूलो सफलता पाइनेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। व्यवसायमा गरेका प्रयास सन्तोषप्रद हुनेछन्। आम्दानीको तीव्रता कायमै रहनेछ। शनिबार र आइतबार स्वास्थ्य गडबड हुनुका साथै काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### कर्कट

रोग, शत्रु एवं चिन्ता बढ्नुका साथै काममा अवरोध आउने योग छ। लेनदेनमा विवादको सामना गर्नुपर्नेछ। विश्वास गरेकाहरूले धोका दिनसक्छन् भने धनमाल पनि हराउन सक्छ। सोमबारदेखि सोच्ने शक्ति बढ्नेछ। बौद्धिक सम्मान पाइने सम्भावना छ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### कन्या

पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सोचेजस्तै सफलता प्राप्त होला। नोकरी तथा राजनीतिमा गरेका प्रयास सकारात्मक हुनेछन्। सामाजिक कार्यबाट सम्मान पाउनुहोला।

### वृश्चिक

बोलीको प्रभाव बढ्नुका साथै अरूको मन जितेर अघि बढ्न सकिनेछ। पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले ठूलो काममा सफलता पाउनुहोला। देश-विदेशको यात्रा हुनसक्छ। आम्दानी प्रशस्त हुने योग भए पनि खर्च नरोकिने भएकाले धन सञ्चय गर्न गाह्रो हुनेछ। स्वास्थ्यको ख्याल गर्नुका साथै आर्थिक कारोबारमा अघि नबढ्नुहोला।

### मकर

खर्च, विवाद एवं कुरा काट्नेहरू बढ्नेछन्। विश्वासमा धोका हुनेछ भने झुटा आरोप पनि लाग्नसक्छ। सोमबारदेखि मन प्रसन्न हुनुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने सम्भावना छ। अध्ययनमा सफलता हात लाग्नेछ। महत्त्वपूर्ण कामहरू पूरा हुनेछन्।

### मीन

अध्ययनमा सफलता पाइनेछ। सानै प्रयासले ठूलो काममा सफलता हात लाग्ने देखिन्छ। नोकरी तथा राजनीतिमा सानातिना उल्झन आए पनि तपाईंको बौद्धिकताको प्रशंसा गर्नेहरू धेरै हुनेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। काममा अवरोध खडा गर्नेहरू प्रशस्तै हुनेछन्।

## यो साताको पञ्चाङ्ग

मंसिर २४ गते : संयुक्त राष्ट्रसंघीय मानवअधिकार दिवस, जनकपुरमा सीता विवाह पञ्चमी मेला,
२५ गते : अन्तर्राष्ट्रिय पर्वत दिवस, २९ गते : कीर्तिपुर पाँगामा वैष्णवी देवी जात्रा,
पुस १ गते : पौष संक्रान्ति, कीर्तिपुरमा इन्द्रायणी जात्रा।

# विद्यालय जीवनमै विवाह

**विमल खतिवडा**

देउराली (पर्वत)- मीना पुन १६ वर्षकी भइन्, तर उनी विवाह-बन्धनमा बाँधिएको भने दुई वर्ष बितिसकेको छ। हिमालय माध्यमिक विद्यालयमा कक्षा ९ अध्ययनरत पुनले दुई वर्षअघि सात कक्षामा पढ्दा गाउँकै युवासँग प्रेमविवाह गरेकी हुन्। उनका श्रीमान् उनीभन्दा आठ वर्ष जेठा छन्।

गाउँमा चैत महिनामा मेला लाग्ने हुँदा उनले त्यही मेलामा आफूखुसी विवाह गरेकी हुन्। 'अहिलेको जमानामा प्रेम गरेर विवाह गर्नु कुनै पाप होइन,' विवाहपश्चात् अध्ययनका लागि विद्यालय आएकी पुनले भनिन्, 'त्यही भएर हामीले पनि पहिले प्रेम गर्‍यौं अनि विवाह, पाप त गरेका होइनौं नि ?'

सुरुका एक वर्षसम्म दुबै पक्षका आफन्तले वास्ता नगर्दा मीना र उनका श्रीमान्ले सास्ती बेहोर्नुपरेको थियो। पछि परिवारलाई सम्झाइ-बुझाइ गरेपछि दुवैको जोडीलाई परिवारले स्विकार गरिसकेका छन्। अहिले मीना नियमित रूपमा अध्ययनका लागि विद्यालय आउँछिन् भने श्रीमान् रोजगारीका क्रममा जिल्लाबाहिर छन्। उनकी साथी विष्णु पुनले पनि परिवारको स्वीकृतिबिनै विवाह गरेकी हुन्। विष्णु १२ वर्षको उमेरमा दुई वर्षअघि सात कक्षा पढ्दापढ्दै विवाह-बन्धनमा बाँधिएकी हुन्। उनले पनि आफूभन्दा सात वर्ष जेठो युवकसँग विवाह गरेकी हुन्। पुनले पढाइका कुरा व्यवहारमा थोरैले मात्र लागू गर्ने र त्यसको सिकार आफूहरु पनि भएको बताइन्।

'सुरुमा त कम उमेरमा विवाह गरिस् भन्दै घरपरिवार, छरछिमेक सबैले गाली गरे,' उनले भनिन्, 'प्रेममा परेपछि घरपरिवारको समेत वास्ता हुँदो रहेनछ, त्यसैले दुवै जनाले भागेर विवाह गरेका हौं।' विवाह गरे पनि शारीरिक सम्पर्क उमेर पुगेपछि मात्र गर्ने उनले बताइन्।

सुरुमा कसैले वास्ता नगरेपछि समस्यामा परेका दुवै जनाले पछि परिवारका सदस्यले आफैं कुरा बुझेको बताए। यो क्षेत्रमा मगर समुदायको बाक्लो बसोबास छ। यहाँ परम्परागत रूपमा विवाह गर्ने भन्दा पनि आफू खुसी विवाह गर्नेहरूको संख्या उच्च छ। पछिल्लो समयमा विद्यालय अध्ययनरत युवायुवतीमा प्रेम-सम्बन्ध पछि भागेर विवाह गर्ने प्रवृत्ति हाबी भएको छ। मगर समुदायका युवायुवती मात्र कम उमेरमा लगन गाँठो गाँस्न कस्सिएका भने होइनन्। यसको सिको कथित दलित समुदायका युवायुवतीले पनि गर्दै आएका छन्। कक्षा सातमा अध्ययन गरिरहेकी १६ वर्षीया सुनिता परियारले अध्ययनका क्रममा गाउँभन्दा टाढाका २३ वर्षीय युवासँग विवाह गरिन्। विवाह योग्य उमेर नभए पनि पारिवारिक अवस्थाका कारण उनले विवाह गरेकी हुन्। परिवारको दबाबमा विवाह गरे पनि उनी खुसी नै छिन्।

'भागेर होस् वा परिवारको सहमतिमा एक दिन विवाह त गर्नु परिहाल्छ,' परियारले भनिन्, 'त्यही भएर कम उमेरमै भए पनि विवाह गरेकी हुँ।' सानै उमेरमा विवाह गरे पनि स्वास्थ्यलाई घात हुने कार्य नगर्ने र परिपक्व भएपछि मात्र शारीरिक सम्पर्क गर्ने उनले बताइन्। उनलेजस्तै केही साताअघि मात्र देउराली लाङ्दीकी १५ वर्षीया हेमा परियारले परिवारको सल्लाहअनुसार विवाह गरिन्।

६ कक्षामा अध्ययनरत हेमाले गाउँकै १९ वर्षीय युवासँग विवाह गरेकी हुन्। उनले पनि विवाह गर्नु ठूलो कुरा नभएको बरु विवाहपछि आइपर्ने परिस्थितिको सामना गर्नु ठूलो कुरा भएको बताइन्। हेमाले आफू शिक्षित भएकाले कम उमेरमा विवाह गर्दा आइपर्ने समस्या सिर्जना हुन नदिने बताइन्। कम उमेरमै विवाह-बन्धनमा बाँधिएका सबै छात्राछात्राले आफ्नो उमेर र स्वास्थ्यप्रति भने सचेत रहेको दाबी गरे। विवाह गर्नेमा कक्षा ६ देखि १० सम्मका छात्रछात्रा छन्।

यो विद्यालयमा अध्ययन गर्ने १२ देखि १९ वर्षका एक दर्जन विद्यार्थी बर्सेनि विवाह-बन्धनमा बाँधिने गरेका छन्। विद्यालयमा पढ्दापढ्दै विवाह गरे पनि सबै जनाले विवाह गरेको संकेत देखाउन हातमा चुरा र निधारमा टीका लगाएर आउने गरेका छन्। विद्यालय अध्ययनका क्रममा विवाह-बन्धनमा बाँधिए पनि उनीहरूले पढाइ भने छुटाएका छैनन्।

विद्यालयमा २०६२ सालदेखि विवाह गर्ने विद्यार्थीको संख्यामा वृद्धि भएको हो। माध्यमिक तहको पढाइका लागि विद्यार्थीहरू अन्यत्रै जान्थे। अन्य विद्यालयमा अध्ययनका क्रममा एक/दुई जनाको विवाह भए पनि यो विद्यालयमा २०६५ सालमा माध्यमिक तहको पढाइ सुरु भएलगत्तै विवाह गर्नेहरूको संख्या ह्वात्तै बढेको हो।

'विद्यालयमा अध्ययन गर्ने केही विद्यार्थीले बाध्यताले र केहीले संस्कारले गर्दा विवाह गरेका हुन्,' प्रधानाध्यापक एकनाथ शर्माले भने, 'तर विवाह गरेर पनि पढ्न आउन भने छोडेका छैनन्।' शर्माका अनुसार मगर समुदायमा आफूखुसी विवाह गर्ने चलन हावी भएकाले यहाँ अध्ययन गर्ने विद्यार्थीले त्यसको सिको गरेका हुन्। शर्माले पारिवारिक संस्कारले पनि विद्यार्थीलाई प्रभावित बनाएको बताए।



## स्कुले जीवनमा

**डम्बरसिं राई**

खोटाङ- दिक्तेलको एउटा स्कुलमा कक्षा ९ मा अध्ययनरत एक छात्राको झोलामा कन्डमको प्याकेट भेटियो। उनले पुस्तकमा च्यापेर राखेको अवस्थामा भेटिएको कन्डमका कारण कक्षामा खुल्दुली मच्चिएको थियो। ती छात्राकी हितैषीका अनुसार उनी सधैं कन्डम बोक्थिन्। कक्षा १० मा अध्ययनरत एक छात्रसँग उनको नियमित यौनसम्पर्क हुने कुरा उनको साथीलाई थाहा थियो। मोबाइलमा एसएमएस र उनीहरूबीचको गोप्य सम्बन्धका क्लिप्सहरू पनि साथीले देखेका रहेछन्।

त्यस्तै अर्को एक स्कुलकी छात्राको पनि त्यस्तै अवस्था छ। केटा साथीहरू धेरै भएकाले उनले सामूहिक यौनसम्पर्क गर्ने गरेकी छिन्। उनले एकैचोटि चार युवासँग विनाकन्डम सम्पर्क गरेको कुरा साथीलाई सुनाएकी थिइन्।

उनले पनि चारै जनासँग सामूहिक यौनसम्पर्क गरेको क्लिप्स तयार गरेकी छिन्। एक दिन साथीलाई सुनाउँदै उनले भनिन्- 'सुरु-सुरुमा गाह्रो भयो, पछि त बानी पर्‍यो।' उनले कहिले साथीको कोठामा, कहिले आफ्नै कोठामा गोप्य सम्बन्धको क्लिप्स तयार गरेकी हुन्।

केटा साथीहरूले भनेपछि नाइँ भन्न नसकेको उनले बताइन्। क्लास चलिरहँदा केटासाथीले यौन उत्तेजक एसएमएस पठाउने र क्लासमा बस्नै नसक्ने अवस्थामा पुगेपछि कतिपय कक्षाबाट बाहिरिएको पनि उनले साथीसमक्ष खुलासा गरिन्। स्कुलको तथ्यांकअनुसार उनको उमेर १५ वर्ष मात्र छ।

उनीजस्तै धेरै किशोर-किशोरीहरू स्कुल उमेरमै यौनसम्पर्क गर्छन्। गाउँका विद्यालयहरूमा समेत यो विकृति देखा परेको छ। यो प्रतिनिधि घटना मात्र हो। श्रीमान् वैदेशिक रोजगार वा घरबाहिर गएकाहरूका कतिपय श्रीमती पनि यस्ता प्रकरणमा संलग्न छन्। कतिपयले दोस्रो विवाह नै गरेका छन् भने कतिले गर्भ बसेपछि गर्भपतन गराउँछन्।

### असुरक्षित गर्भपतन बढ्यो

जिल्लामा असुरक्षित गर्भ पतन गराउनेहरूको संख्या बढेको छ। एक स्वास्थ्यकर्मीका अनुसार जिल्ला अस्पतालमा मासिक २० जनाभन्दा बढीले गर्भपतन गराउँछन्। त्यसो त अस्पताल नआई असुरक्षित गर्भपतन गराउँदा धेरै जना थलिएका पनि छन्। एक स्वास्थ्यकर्मीले भने-'अस्पतालमा आउनुअघि घरमै वा गाउँका स्वास्थ्य निकायहरूमा गर्भपतन गराउन खोज्छन्, त्यसमा असफल भएपछि मात्र अस्पताल आउँछन्।'

SLC/+2 फेल? A Level फेल ?
www.himalayan.edu.np
९ महिनामै +2 तथा Science/Math नपढी
SLC पास गर्न Delhi Board को 12th Batch र
American +2
3-6 महिनामै 6th Batch Best for pilot course & abroad study
Best option for piloting and abroad study
Rojina Kandel Nepal Top-2009
Lhakpa R. Sherpa Pilot Course American +2
Himalayan Open College कक्षा शुरु भैसकेको छ। अन्तिम भर्ना
Old Baneshwor- 4476685
9721404481
(काठमाण्डौमा हाम्रो अरु शाखा छैन)






● सम्पादकीय ●

# गलत नजिर

नेकपा (एमाओवादी)को भ्रातृसंगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) को राष्ट्रिय सम्मेलनका लागि त्रिभुवन विश्वविद्यालयले हाल सञ्चालनमा रहेको स्नातक तह दोस्रो वर्षको परीक्षा कार्यक्रम अचानक पछाडि सारेपछि नेपालको शैक्षिक क्षेत्रमा एउटा गलत संस्कारको जन्म भएको छ। कुनै एउटा विद्यार्थी संगठनको अधिवेशनका लागि त्रिभुवन विश्वविद्यालयले यसरी परीक्षाको मितिमा हेरफेर गर्ने हो भने नेपालमा कहिल्यै पनि कुनै पनि परीक्षा तोकिएको मितिमा हुन नसक्ने खतरा उत्पन्न भएको छ। यतिबेला नेपालमा राजनैतिक दलहरूसँग सम्बद्धता राख्ने विद्यार्थी संगठनहरूको संख्या एक दर्जनभन्दा बढी छ। ती सबै संगठनले आफ्नो राष्ट्रिय सम्मेलनको नाममा त्रिभुवन विश्वविद्यालयको परीक्षा कार्यक्रमलाई प्रभावित गर्न थाले भने यो मुलुकको उच्च शैक्षिक कार्यक्रम नै विथोलिने सम्भावना हुन्छ। अहिले क्रान्तिकारीले जुन शैलीमा परीक्षा कार्यक्रम स्थगीत गर्न त्रिभुवन विश्वविद्यालयलाई दबाब सिर्जना गरेर सफलता प्राप्त गरेको छ, त्यसलाई कुनै पनि अवस्थामा न्यायोचित भन्न मिल्दैन। क्रान्तिकारीको यस्तो दबाबले उच्च शिक्षा अध्ययन गरिरहेका लाखौं विद्यार्थीको भविष्यमाथि खेलबाडसमेत गरेको छ। विद्यार्थीहरूको हकहितका लागि संघर्ष गर्दै आएको दाबी गर्ने एउटा राजनैतिक आस्था बोकेको विद्यार्थी संगठनले शक्ति र धम्किका भरमा त्रिभुवन विश्वविद्यालयको प्रशासन संयन्त्रलाई नै प्रभावित गर्नुले मुलुकको बेथितिलाई उजागर गरेको छ।

कुनै पनि स्तरको परीक्षा विद्यार्थीका लागि महत्त्वपूर्ण मोड मानिन्छ। विद्यार्थीले योग्यता प्रमाणित गर्दै आफ्नो ज्ञान र सीप देखाउने अवसर नै परीक्षा हो। यस्तो परीक्षालाई मुलुकले बेहोर्नुपर्ने विषम परिस्थिति, प्राकृतिक प्रकोप र असामान्य अवस्थाबाहेक स्थगित गरिनु हुन्न भन्ने विश्वव्यापी मान्यता छ। कुनै पनि राज्यले कुनै पनि स्तरको परीक्षालाई राष्ट्रिय महत्त्वका साथ लिएको हुन्छ, किनभने त्यस्ता परीक्षाले उम्मेदवारहरूको योग्यतालाई प्रमाणित मात्र गर्दैनन् अपितु मुलुकका लागि दक्ष जनशक्ति उपलब्ध गराउन समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन्। सम्भवतः यसैकारणले परीक्षाको आफ्नै महत्त्व रहन गएको हो, तर क्रान्तिकारीहरूले आफ्नो सम्मेलनका नाममा मुलुककै शैक्षिक पात्रो प्रभावित हुने गरी परीक्षा स्थगित गराउनुले उनीहरू विद्यार्थीहरूको हकहितका लागि भन्दा बढी कुनै खास राजनैतिक दलको पक्षपोषणमा संलग्न छन् भन्ने कुरा प्रमाणित गरेको छ। यसरी परीक्षा जस्तो महत्त्वपूर्ण मोडलाई हल्का रूपमा लिएर सम्बन्धित विद्यार्थी संगठनले जुन किसिमको नजिर कायम गरेको छ त्यसले मुलुकको भावि शैक्षिक कार्यक्रमहरूलाई दीर्घकालसम्म प्रभावित गरिरहनेछ।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।

● चिठीपत्र ●

## सवारी साधन दुर्घटना न्यून गर्ने उपाय



हाम्रो देश नेपाल विश्वको भूगोलमा एकदम सानो देश हो। सानो देश हुनुका साथै यहाँको भौगालिक बनावट पनि कष्टकर छ। यसैले पनि हाम्रो देश विकासका हिसाबले पछि पर्नु स्वाभाविक हो। देश विकासका लागि पहिलो आधार भनेकै मोटरबाटो हो। हाम्रो देशमा अझै पनि सबै जिल्लामा मोटर बाटो पुगिसकेको छैन। जति पनि बाटोहरू निर्माण भएका छन् सहरी भागमा मात्र भएका छन्। गाउँगाउँमा पर्याप्त बाटो पुग्न सकेको छैन। यसै कारणले सहरमा जनसंख्या तथा सवारी साधनको चाप बढ्दै गएको छ। नेपालमा जति पनि सवारी साधन सञ्चालन भैरहेका छन्, ८० प्रतिशत सहरभित्रै छन्।

यी सहरमा पनि सरकारले उचित मापदण्डअनुरूपका बाटा निर्माण गर्न सकेको छैन। सवारीका साधन भने बढ्दो रूपमा आयात भै रहेका छन्। सवारी साधनको आयातमा न त सरकारले अनुगमन गरेको छ, न त बाटो निर्माणमा उचित ढंगले ध्यान नै दिएको छ। फलस्वरूप बढ्दो रूपमा सवारी दुर्घटना भैरहेको छ। अनाहकमा मानिसको ज्यान गैरहेका छन्। यसरी जीउधनको नाश हुनु भनेको राष्ट्रले पनि मूल्य चुकाउनु हो। बढ्दो सवारी साधन एवं दुर्घटनालाई कसरी न्यून गर्न सकिन्छ। केही निश्चित नियम अवलम्बन गरे यस्ता समस्याबाट केही हद भए पनि मुक्ति पाउन सकिन्छ।

१. देशको भौगालिक हिसाब एवं जनताको आवश्यकतालाई समायोजन गरी सवारी साधन आयात गर्ने।

२. देश विकासको मूल आधार नै बाटो निर्माण हो। त्यसकारण पर्याप्त रूपमा बाटो निर्माणतर्फ अग्रसर हुनुपर्छ।

३. बढी दुर्घटना परेर ज्यान गुमाउने भनेका मोटरसाइकल चालकहरू नै हुन्। त्यसकारण चेक जाँच गर्दा चालक अनुमतिपत्र तथा कर बुक मात्र जाँच गर्ने होइन, चालकको नागरिकताको प्रमाणपत्र पनि जाँच गर्नुपर्छ। चालकको उमेर २२ वर्षभन्दा माथि छ भने मात्र मोटरसाइकल चलाउन दिने नियम बनाउनुपर्छ।

४. यातायात मन्त्रालयले विभिन्न सञ्चारका माध्यमबाट दुर्घटना न्यून गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ। तिनै कार्यक्रममार्फत आफ्ना छोराछोरीहरू कसरी, कहाँ, के गर्दैछन् भन्ने कुरामा आमाबाबुलाई सजग गराउनुपर्छ।

५. बस तथा कारचालकहरूको लापरवाहीले गर्दा पनि बढी दुर्घटना हुने हुँदा विभिन्न ठाउँमा सूचना टाँस गर्ने तथा होर्डिङ बोर्डहरू राख्ने, जसले गर्दा चालकहरू सजग हुन्।

६. राति चालकहरूले मदिरापान गरी सवारी हाँक्दा बढी दुर्घटना हुन्छ। यसरी चालकले मदिरापान गरेको पाइए हदैसम्मको कारबाही गर्नुपर्छ र समय-समयमा र ठाउँठाउँमा ट्राफिक प्रहरी तथा सुरक्षाकर्मीहरूले छड्के चेक गर्नुपर्छ।

७. सवारी चालकले सवारी चलाइरहेको समयमा मोबाइल फोन प्रयोग गरेको पाइए कडा कारबाही हुनुपर्छ।

८. कालो रंगको सिसा प्रयोग गरिएको सवारी साधन चलाउन प्रतिबन्ध लगाइनुपर्छ।

९. सवारी साधनमा प्रयोग गरिएको नम्बर प्रस्टसँग देखिने ठाउँमा र प्रस्टसँग लेखिएको नपाइए कारबाही गर्नुपर्छ।

१०. सवारीमा भएको इन्डिकेटर लाइटहरू पूर्ण रूपमा ठीक छन् छैनन् ध्यान दिने, यदि त्यस्तो नपाइए कारबाही गरिहाल्ने।

११. हिजोआज धेरैजसो चालकमा हेपाहा प्रवृत्ति भएकाले जुनसुकै बेला जहाँसुकैबाट आफ्नो सवारी साधन उल्टो मोड्ने चलन छ। यसमा ट्राफिकले पनि उचित ध्यान दिएको पाइँदैन। यस्ता कार्य देख्नासाथ तुरुन्त कारबाही गर्नुपर्छ।

१२. सवारी साधनमा बालमजदुरलाई सहचालकका रूपमा प्रयोग गरिएको हुँदा उनीहरूको कम विवेक र कम शारीरिक बलले गर्दा पनि दुर्घटना हुन्छ। यस्ता कुरामा पनि सरकारले ध्यान पुऱ्याउनुपर्छ।

१३. विभिन्न ठाउँमा ड्युटीमा रहेका ट्राफिक प्रहरी तथा सुरक्षाकर्मीहरूले पथप्रदर्शक तथा बाटो काट्ने बेला जनतालाई सुझाव दिने तथा सहयोग गर्ने तत्परता देखाउनुपर्छ।

यी माथिका सबै कुरालाई सरकारले केही हदसम्म लागू गर्न खोजेको हो, तर नीति-नियम कडा नभएकाले सफल हुन सकेन। तैपनि अझै यी कुरालाई ध्यान दिएर नीतिनिर्माण एवं कारबाहीका मापदण्ड तोकेर काम गरे पक्कै पनि अहिलेको सवारी दुर्घटना कम गर्न सकिन्छ र देशले अनाहकमा नागरिक गुमाउनुपर्दैन।

**महेन्द्र तामाङ**

● तीतो सत्य ●

● सबैसँग प्रेम गर, थोरैलाई विश्वास गर, कसैको हान नगर।

● सुख बाँडियो भने दोब्बर हुन्छ, दुःख बाँडियो भने आधा हुन्छ।

● गाली प्रायःजसो लाभदायक हुन्छ।

● माया त्यस्तो चीज हो, जसलाई श्रवणशक्ति नभएकाहरू पनि सुन्न सक्छन् र दृष्टिविहीनहरूले पनि देख्न सक्छन्।

● अर्काको कमजोरी देखाउनेले आफ्नो कमजोरी लुकाएको हुन्छ।

● जब कुनै क्षण रिस उठ्छ, त्यसबेला त्यसको परिणाम विचार गर।

**गलत मानिस**

● अरूको कुरा काट्ने मानिस तथा अरूलाई नचाहिँदो लाञ्छना लगाउने मानिसको संगत ठीक हुँदैन।

● झुक्याएर आक्रमण गर्नुभन्दा चुनौती दिएर सामुन्ने लड्नुमा बहादुरी हुन्छ।

● मीठो खाना पाएबापत रुखो बचन सुन्नुभन्दा भोकै बसी प्रभुको भजन गर्नु राम्रो।

**रामेश्वर सिलवाल**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

***–सम्पादक***

● मोडल वाच ●

## एलिनाको क्याटवाक



यसै वर्ष सम्पन्न एञ्जल-२०१० शीर्षकको सौन्दर्य प्रतियोगितामा सहभागिता जनाउँदै मोडलिङ क्षेत्रमा प्रवेश गर्ने सुन्दरी हुन्– एलिना गुरुङ। प्रतियोगितामा बेस्ट क्याटवाकको शीर्षक उपाधि जित्न सफल एलिना भर्खर १७ वर्षकी भइन्। ५ फिट ४ इन्च अग्ली एलिना नखिपोट, ललितपुरकी स्थायी बासिन्दा हुन्। नृत्य, गायन, फोटोग्राफी तथा मोडलिङ उनको रुचिका विषय हुन्। ए लेभलकी यी विद्यार्थी मोडलिङमा करियर बनाउन इच्छुक छिन्। 'अध्ययनलाई जारी राख्दै मोडलिङमा केही गर्ने योजना छ, एलिना भन्छिन्, 'एउटा राम्रो मोडल बन्न राम्रो फिगर, सुन्दर अनुहार, आकर्षक क्याटवाक तथा प्रशस्त आत्मविश्वास चाहिन्छ।' आफूमा यी सबै गुण भएकैले मोडलिङतर्फ आकर्षित भएको उनको तर्क छ। एञ्जल-२०१० को सहभागिताबाट मोडलिङका सकारात्मक पक्षका बारेमा जानकारी हासिल गर्न सफल भएको एलिना बताउँछिन्।

● सहर चर्चा ●



## मनकारी लाहुरे

आफ्ना सहकर्मीहरू धमाधम बेलायततिर हुइँकिरहेका बेला अवकाशप्राप्त पूर्वबेलायती सैनिक ५८ वर्षीय शेरबहादुर गुरुङ यतिबेला लठ्ठी टेकेर असहाय, विपन्न तथा एकल महिलालाई सहयोग गर्दै गाउँघर चहारिरहेका छन्। विदेशमा पसिना बगाएर कमाएको सम्पत्ति उनले मानवीय सहयोगमा खन्याएका छन्। आफ्नै गोजीको पैसा खर्चिएर आर्थिक रूपले पिछडिएका गुरुङ अहिले महिलाहरूलाई बाख्रा पैंचो अभियान सञ्चालन गरेर विकट गाउँ डुलिरहेका छन्।

एक दशकअघि उनले थालेको यो अभियानले गाउँका पिछडिएका महिलाहरूलाई आयआर्जन गरी आयस्रोत बढाउन मद्दत पुऱ्याएको छ। धेरैलाई लाग्थ्यो, पोखरामा लाहुरेहरू आफ्नो कमाइ आकर्षक घर बनाउनमै खर्च गर्छन्, तर गुरुङ भने अपवाद मानिएका छन्। लेखनाथ गगनगौंडाका गुरुङले ४० हजार रुपैयाँबाट सुरु गरेको यो अभियानका क्रममा महिलाहरूलाई निःशुल्क बाख्रा किन्न १४ लाख रुपैयाँ खर्च भैसकेको छ। उनले बाँडेको ५ सय ७३ बाख्रा पैंचो अभियानबाट प्रतिमहिलाले वार्षिक ७० हजार रुपैयाँसम्म आम्दानी गरिरहेका छन्।

● मुखाले ●

सरकारको नेतृत्व गर्ने हैसियत मधेसवादी दलहरूसँग छैन।

**उप-राष्ट्रपति परमानन्द झा**

सहमतिविना संसद बोलाइए मुठभेड निम्तिन्छ।

**उप-प्रधानमन्त्री विजय गच्छदार**

माओवादीले भन्दैमा संसद अधिवेशन किन बोलाउने ?

**शेरबहादुर देउवा**

माओवादी आफैंले जघन्य अपराध गरेर संसद अवरुद्ध गरेको हो, उसैको प्रतिबद्धता आए मात्र संसद् बोलाउन सकिन्छ।

**शंकर पोखरेल**

शक्तिशाली धक्का नदिए जनताको भविष्य छैन।

**पुष्पकमल दाहाल**

देशलाई निकास दिन नसक्ने हामी राजनीतिज्ञ चैते बाँदर जस्तै भएका छौं।

**डा. बाबुराम भट्टराई**

विगतमा गिरिजाप्रसाद कोइराला र प्रचण्डबीच चिया खाँदा भएका गफलाई मान्ने पक्षमा माओवादी छैन।

**सीपी गजुरेल**

जेठ १४ गते संविधान आउँदैन।

**जयप्रकाश प्रसाद गुप्ता**

हामी बहुलवादलाई कुनै पनि हालतमा स्वीकार गर्दैनौं।


**देव गुरुङ**

ठूला दलहरू एक-एक गरेर माओवादीको जालमा पर्दैछन्।

**रुक्माङ्गद कटुवाल**

एक दशकअघि निर्मित हिन्दी चलचित्र 'धर्मयुद्ध' एउटा बालक बौद्ध भिक्षुको कथामा केन्द्रित थियो। त्यसबेला राम्रो चर्चा पाएको उक्त चलचित्रमा बालक भिक्षुका रूपमा अभिनय गर्ने अवसर भने नेपाली बालकलाकारले पाएका थिए। ती बालक सिद्धार्थ लामा यतिखेर २५ वर्षका लक्का जवान भएका छन्। नेपाली चलचित्र देउता, जीवन संघर्ष, देउराली एवं प्रतीक्षामा समेत बालचरित्र निर्वाह गरेका सिद्धार्थ अहिले भने चलचित्र प्लस टु निर्देशन गर्ने तयारीमा छन्, तर यहाँ सिद्धार्थको अभिनय वा निर्देशनको होइन, उनको जीवनकालको अँध्यारा पक्षको चर्चा हुँदैछ। सन् २००० को नयाँ वर्षको पार्टीदेखि जमेर ड्रग्स (हेरोइन) लिन थालेका सिद्धार्थ सन् २००६ को अन्त्यसम्ममा मृत्युको सँघारमा पुगिसकेका थिए। मृत्युसँग संघर्ष गर्दागर्दै उनले सन् २००७ को नयाँ वर्षमा नयाँ जीवन प्रारम्भ गर्ने अठोट गरे। नभन्दै मृत्यु र दुर्व्यसनको डरलाग्दो शत्रुलाई पराजित गरेका सिद्धार्थ अहिले दुर्व्यसनीहरूका लागि रोल मोडल बनेका छन्। दुर्व्यसनविरुद्धको संस्था डी केयरका महासचिवका रूपमा अहिले उनी नेपालका करिब ७ सय विद्यालयमा आफ्नो मृत्यु कथा सुनाएर अरूलाई सचेत बनाउँदैछन्।

# जीवन के हो, मसँग सोध्नुहोस्


तस्बिर : नवराज वाग्ले

सिद्धार्थ लामा, महासचिव डी केयर

**बालकलाकारका रूपमा ख्याति पाउने क्रममै तपाई दुर्व्यसनमा फस्नुभयो, अहिले सम्झँदा कस्तो लाग्छ ?**

शरीरमा काँडा उम्रन्छ। मानिसहरू दुःखी हुँदा भन्छन्- म जिउँदो लास भैसकें, तर जिउँदो लासको खास अर्थ म मात्र भन्न सक्छु। सास चलेको थाहा हुन्छ, तर केही गर्न सकिँदैन। म बारम्बार भन्थें, या त मलाई मृत्यु देऊ या त ड्रग्स देऊ। अवस्था कस्तो थियो भने मलाई बिहान ओछ्यानबाट उठ्न पनि ड्रग्स चाहिन्थ्यो। ड्रग्स नखाई म ट्वाइलेट पनि जान सक्दिनथें। अहिले सम्झँदा कुनै डरलाग्दो सपनाझैं लाग्छ।

**युवाहरू ड्रग्स किन खाँदा रहेछन् ?**

कसैले पनि म ड्रग एडिक्ट हुन्छु भनेर ड्रग खाँदैन। टिनएजमा रमाइलो गर्ने रहर हुन्छ, कस्तो हुँदो रहेछ भन्ने क्युरिसिटी पनि हुन्छ। अरूका अघि हिरो हुन पनि ड्रग खाइन्छ। हिरो हुन खोज्दाखोज्दै जीरो भएको पत्तै पाइँदैन।

**कुनै किशोरले एकैपटक कसरी हेरोइनजस्तो दुर्लभ र महँगो वस्तु प्राप्त गर्छ ? यसको सञ्जाल कस्तो हुँदो रहेछ ?**

एकैपटक कसैले पनि हेरोइन पाउँदैन। पहिले चुरोट खाने युवाहरूलाई गाँजा ख्वाइन्छ। जब उसले गाँजा खान थाल्छ, त्यसबेला ट्याब्लेटको चर्चा चलाइन्छ। चुरोट खाँदा गाँजाको कुरा सामान्य लाग्छ। गाँजा खाँदा ट्याब्लेट समान्य लाग्छ। अनि ट्याब्लेट खाने किशोरहरूलाई हेरोइन ख्वाउने बानी बसाइन्छ। यो प्रक्रिया बिस्तारै हुन्छ। यसमा संगठित रूपमै ठूलै मानिसहरू लाग्दा रहेछन्।

**तपाई कहाँबाट हेरोइन किन्नुहुन्थ्यो, नेपालमा यसको डिलरसिप कसले चलाउँछ ?**

नेपाल नशालु पदार्थ सप्लाई गर्ने ट्रान्जिट प्वाइन्ट रहेछ। अफगानिस्तान वा इरानतिरबाट पाकिस्तान हुँदै यस्ता पदार्थ नेपाल भित्रिँदा रहेछन्। यसमा भारतीय नागरिकहरू पनि सामेल हुँदा रहेछन्। ट्रान्जिट प्वाइन्ट भएकाले केही सामग्री यहीँ लुकाएर राखिँदो रहेछ तर यो काम कसले गर्छ भन्ने कुरा मलाई कहिलै थाहा भएन। किनभने ड्रगको लत बसेको मानिसलाई हेरोइन पाउनु ठूलो कुरा हो, त्यो कहाँबाट आउँछ, कसले सप्लाई गर्छ सबै कुरा महत्वहीन लाग्छन्।

**अहिले त सामान्य अवस्थामा हुनुहुन्छ, केही त अन्दाज गर्न सक्नुहुन्छ नि ?**

घरका मानिसले म ड्रग लिन्छु भन्ने थाहा पाएपछि मैले पैसा लिने ठाउँहरूलाई चारैतिरबाट ब्लक गरिदिनुभयो। त्यसपछि म बाध्य भएर ड्रग सप्लायरको एजेन्ट बन्न पुगें। त्यसबेला ड्रग दिने मानिसले मलाई रेस्टुराँमा बसाउँथ्यो। केही बेरपछि ऊ उठेर जान्थ्यो र स-साना प्याकमा मलाई चाहिएजति हेरोइन ल्याउँथ्यो। त्यसबेला मलाई लाग्यो, योसँग लिनुभन्दा डाइरेक्ट डिलरसँग लिन पाए मलाई फाइदा हुन्छ। एक दिन म उसको पछि-पछि गएँ। त्यसबेला मैले के देखें भने एउटा पजेरो रोडमा साइड लगाइएको थियो। त्यही पजेरोमा चढेको मानिसले उसलाई स-साना प्याक बनाएर दिदोरहेछ। त्यो मानिस नेपाली नै थियो, तर त्यसबेला ड्रग पाउनुबाहेक अरू कुरा सोच्नै सकिँदो रहेनछ। फेरि मलाई उसँग डिलरसिपको कुरा गर्न आँटै आएन।

**ड्रग एडिक्ट भएपछि पाएको सबैभन्दा ठूलो दुःखचाहिँ के हो ?**

म नेपालको चर्चित चलचित्रकर्मी युवराज लामाको छोरा हुँ। उहाँले दुःख गरेर जुन नाम र दाम कमाउनुभएको छ, त्यो इमेज बिगार्दै म पटक-पटक जेल परें। म बिग्रिएपछि बुबा यति सक हुनुभयो कि चलचित्र बनाउन छाड्नुभयो, डिप्रेसनमा जानुभयो। उहाँले मेरै कारण आफ्नो उपचार गराउनुपर्ने भयो। मैले ड्रगको एक डोज पाउन कतिलाई ढाँटे, कति चोरी गरें, कतिलाई इमोसनल ब्लाकमेल गरे, त्यसको कुनै सीमा छैन। मलाई दिनमा चार डोज चाहिन्थ्यो। एक डोजलाई ५ सय रुपैयाँ पर्थ्यो। एक डोज बल्ल-बल्ल मिलायो, अर्को डोज कसरी मिलाउने भन्ने चिन्ताले सताउँथ्यो। ड्रगको तिर्सना यति डरलाग्दो हुन्छ कि त्यसलाई शब्दमा व्यक्त गर्न सकिँदैन। दुःखको त कुरै नगरौं।

**तैपनि सबैभन्दा पछुतो लागेको क्षणचाहिँ कुन हो ?**

मेरो हजुरबुबा बिरामी भएर लामो समयसम्म अस्पतालमा बस्नुभयो। बुबा आमाले अस्पतालमा राति कुर्ने जिम्मा मलाई दिनुभएको थियो, तर म भने बिरामी हजुरबुबालाई अस्पतालमा छाडेर रातभर ड्रगको जोहो गर्न हिँड्थे। मेरो हजुरबुबाको मृत्यु भयो बौद्धधर्मअनुसार हजुरबुबाको मृत्यु संस्कारमा नातिको ठूलो भूमिका हुन्छ, तर म त्यो कार्यक्रममा सरिक हुन सकिनँ। अहिले सम्झँदा मेरै कारणले हजुरबुबाको मृत्यु भएझैं लाग्छ। त्यसमा मलाई ठूलो पछुतो छ।

**ड्रग एडिक्सनबाट छुट्कारा पाउनुपर्छ भन्ने सोच आउँदैनथ्यो ?**

त्यसबेला मस्तिष्क नै शून्य हुँदो रहेछ। कसरी अर्को डोज प्राप्त गर्ने भन्नेबाहेक अर्को सोच नै आउँदो रहेनछ। मृत्यु वा ड्रग, त्यसबाहेक अर्को सोच नै आउँदैनथ्यो।

**त्यसो भए आज जुन जीवन पाउनु भएको छ, त्यो कसरी सम्भव भयो ?**

पृष्ठ २४ मा जारी




तु-आवश्यकता
NCDB Multinational Company
को लागि कर्मचारी आवश्यकता
संख्या: 8 Ladies / 8 Gents
योग्यता: SLC +2or Above
सुविधा: 8500 + अन्य
USI
9841691218
9808750968
कलंकी खसिबजार
UAI
012292363
9841747489
9808902932
चावहिल मित्रपार्क
बुझ्न आउँदा Document अनिवार्य छ

चाहियो
L.G. Company
लाई कर्मचारी चाहियो
योग्यता: SLC Or Above
संख्या: 15 Gents & Ladies
तलब: 12000
Unique Reliance Int. P. Ltd
9851038463
9803152873, 9808195367
कोटेश्वर SOS को अपोजिट दिपनगर प्रवेशद्वार संगैको लामो घर
Note: बुझ्न आउदा Document अनिवार्य छ।

अर्जेन्ट आवश्यकता
नेपाल सरकारबाट मान्यता प्राप्त संस्थालाई कर्मचारीहरुको आवश्यकता। part time / full time job
तलब: 20500
योग्यता: SLC above र Basic computer जानेका
संख्या: १० पुरुष / १० महिला
सम्पर्क:
०१-२२९६९३०, ९७४१२५६०७०, ९८४१८६९३४६ बागबजार
नोट: विद्यार्थीलाई समय अनुकुल part time job को व्यवस्था। शनिवार अफिस खुल्ला रहनेछ।

URGENTLY WANTED
The Rising Company लाई थप कर्मचारी आवश्यकता।
संख्या-15 Gents/7 Ladies
तलब-16,000/-
योग्यता-S.L.C. or Above
लोकेशन: गौशाला, पिंगलास्थान
नोट: विस्तृतजानकारी अफिसमा गराईनेछ।
9841950626
9803809968

# रोजगारीको सम्भावना | हस्पिटालिटी म्यानेजमेन्टमा



● शिव मुखिया

सन्-२०११ लाई सरकारले 'पर्यटन वर्ष' का रूपमा मनाउने तयारी गरिरहेका बेला त्रिभुवन विश्वविद्यालयको सम्बन्धन लिएर चितवन र काठमाडौंका पाँचवटा कलेजले ब्याचलर अफ हस्पिटालिटी म्यानेजमेन्ट (बीएचएम) को अध्यापन सुरु गरेका छन् । सेवा व्यवस्थानको यो विषय 'पर्यटन' सँग सम्बन्धित छ । सरकारले पर्यटन वर्षका सन्दर्भमा १० लाख बाह्य पर्यटक भित्र्याउने लक्ष्य राखेको छ, जसले सेवा व्यवस्थापनमा दक्ष जनशक्तिको खाँचो बढाएको छ । त्यसैले रोजगारमुखी यो विषयमा विद्यार्थीको आकर्षण पनि ह्वात्तै बढेको छ । 'प्रयोगात्मक विषय भएकाले यसमा रोजगारीको सम्भावना बढी छ,' त्रिभुवन विश्वविद्यालयअर्न्तगत हस्पिटालिटी म्यानेजमेन्ट पढाई हुने गोल्डेनगेट कलेजका रमेश सिलवाल भन्छन्- 'त्यसैले विद्यार्थीहरू झुम्मिएका छन् ।'

नेपाल पर्यटीकय सम्भावना बोकेको मुलुक हो । पर्यटनसम्बन्धी विषयमा दक्ष जनशक्तिका लागि यहाँ सधैं रोजगारको ढोका खुला रहने जानकारहरू बताउँछन् । यो क्षेत्रमा अझै पनि दक्ष जनशक्ति नहुँदा पर्यटन व्यवसायले गति लिन नसकेको गेटवे कलेजका एकेडेमिक कोअर्डिनेटर सुरेश केसीको टिप्पणी छ । केसी भन्छन्- 'हाम्रो जस्तो पर्यटकीय मुलुकमा हस्पिटालिटी म्यानेजमेन्टमा दक्ष जनशक्तिको अभाव छ ।' नेपालका थुप्रै क्याम्पसले पछिल्लो समयमा हस्पिटालिटी म्यानेजमेन्टलाई प्राथमिकताका साथ अध्ययपन गराउँदै आएको छ । होटललगायतका क्षेत्रमा सेवा व्यवस्थापनका लागि आवश्यक जनशक्ति उत्पादन गर्न यो विषय अध्ययन पूरा गरेका विद्यार्थीले होटल लगायतका सेवा क्षेत्रमा रोजगारी पाउँछन् । 'होटल, ट्राभल एजेन्सीजस्ता कुनैपनि सेवाक्षेत्रमा काम गर्न सक्छन्,' गेटवेका केसी भन्छन् । त्यसो त नेपालमा मात्र होइन, विश्व रोजगार बजारमै यस्ता जनशक्ति खपत हुने उनले बताए । अब्रोड स्टडीको तयारी गरिरहेका नेपाली विद्यार्थीहरू विदेशमा काम गर्दै पढ्ने मानसिकता बनाउने गरेका छन् । यस्ता विद्यार्थीहरूले पनि नेपालमै हस्पिटालिटी म्यानेजमेन्ट अध्ययन

**नेपालमा ब्याचलर अफ हस्पिटालिटीको तीन तथा चारवर्षे कोर्स पढाइ हुने गरेको छ भने पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतका कान्तिपुर होटल म्यानेजमेन्ट कलेजमा स्नातकोत्तरको पढाइ सुरु भएको छ। तीन दशकदेखि नै हस्पिटालिटी म्यानेजमेन्ट पढाइ हुँदै आएको नेपाल पर्यटन होटल व्यवस्थापन प्रतिष्ठान (नाथम) ले अर्को वर्षदेखि स्नातकोत्तरको कक्षा सञ्चालन गर्ने बताइएको छ।**

अनिवार्य मानिन्छ । यो पूर्णतः प्रयोगात्मक विषय हो, जसअर्न्तगत फुड प्रोडक्सन, हाउस किपिङ, हस्पिटालिटी मार्केटिङ, फ्रन्ट अफिस, सर्भिसजस्ता विषय समेटिन्छन् ।

नेपालमा ब्याचलर अफ हस्पिटालिटीको तीन तथा चारवर्षे कोर्स पढाइ हुने गरेको छ भने पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतका कान्तिपुर होटल म्यानेजमेन्ट कलेजमा स्नातकोत्तरको पढाइ सुरु भएको छ । तीन दशकदेखि नै हस्पिटालिटी म्यानेजमेन्ट पढाइ हुँदै आएको नेपाल पर्यटन होटल व्यवस्थापन प्रतिष्ठान (नाथम) ले अर्को वर्षदेखि स्नातकोत्तरको कक्षा सञ्चालन गर्ने बताइएको छ । नेपालका अधिकांश कलेजमा बीएचएम गर्न ३ देखि ४ लाख रुपैयाँसम्म खर्च हुने गोल्डेनगेटका सिलवाल बताउँछन् ।

बीएचएम अध्ययन गर्न दस जोड दुई वा प्रमाणपत्र तहको पढाइ पूरा गरेको हुनुपर्छ । त्रिभुवन विश्वविद्यालयअर्न्तगतका कलेजहरूमा भने सिम्याट परीक्षासमेत दिनुपर्छ । सिम्याट परीक्षामा ४० भन्दा बढी अंक प्राप्त गर्ने विद्यार्थीले बीएचएम अध्ययनका लागि भर्ना पाउँछन् ।

हस्पिटालिटी म्यानेजमेन्ट गरेर जाँदा रोजगारीका लागि सहज हुने बताइन्छ ।

नाथम हस्पिटालिटी म्यानेजमेन्ट अध्ययन हुने नेपालकै जेठो अध्ययन संस्था हो । तुलनात्मक रूपमा यहाँ सुलभ शुल्कमा यो कोर्स गर्न सकिन्छ । नाथमले बीएचएमको पहिलो वर्षको पहिलो सेमेस्टारमा अंग्रेजी, प्रिन्सिपल अफ म्यानेजमेन्ट, प्रिन्सिपल अफ एकाउन्टिङ, फुड प्रोडक्सन एन्ड पाटिसरिज जसअन्तर्गत फुड वेभरेज सर्भिस अपरेसन, हाउसकिपिङ अपरेशन, होटल प्रबन्ध पढाउने गरेको छ । यसअर्न्तगत होटलका स-साना व्यावस्थापन, खाद्यन्न व्यावस्थापनजस्ता विषय पनि समेटिएको हुन्छ ।

दोस्रो सेमेस्टरमा कस्ट एन्ड म्यानेजरियल एकाउन्टिङ, कम्प्युटर एप्लाइन्स, न्युट्रिसन थपिन्छन् । तेस्रो र चौथो सेमेस्टरमा होटल एकाउन्टिङ एन्ड इन्भन्टरी म्यानेजमेन्ट, स्टाटिस्टिक्स, फ्रन्ट अफिस अपरेशन जसअन्तर्गत फुड साइन्स एन्ड हाइजिन, इकोनोमिक्स, बिहेभिएरल साइन्स, ह्युमन रिसोर्स म्यानेजमेन्ट र होटल इन्जिनियरिङ, नयाँ व्यक्तिसँगको सम्बन्ध विस्तार तथा आतिथ्य सत्कार पर्छन् । अन्तिम वर्ष पाँचौं सेमेस्टरमा प्रोजेक्ट वर्क २ सय र इन्डस्ट्रियल एक्सपोजर ४ सय पूर्णकको पढ्नुपर्छ ।
छैटौं सेमेस्टारमा हस्पिटालिटी ल, क्याटरिङ, टुरिज्म, हस्पिटालिटी मार्केटिङ आदि ६ सय पूर्णाङ्क पढ्नुपर्छ ।


९ महिना मै +2/SLC
➲ कक्षा ७,८,९,१० फेल भएपनि Math/Science/Test नदिई ५ बिषय मात्र पढेर ९ महिनामै S.L.C. पास गर्न चाहानुहुन्छ ?
➲ +2/A Level फेल भएपनि ५ बषय मात्र पढेर +2 पास गर्न चाहानुहुन्छ ?
➲ विश्वभर मान्यता प्राप्त-गृहिणी/जागिरे/व्यावसायीले घरैमा बसी पढ्न सकिने ।
➲ पास गन सकिने ।
बिगत १० वर्ष देखि संचालित
पाथ फाईन्डर ग्लोबल एजुकेशन
पुतलिसडक (रिपोर्टर्स क्लबको अगाडि)
2005077, 9841787602
www.pathfinder.edu.np



* नयाँ PROTEIN HAIR पुनःर्स्थापन - रू. १८,०००/-
* नयाँ PROTEIN HAIR प्रयोग गर्न चाहनु हुन्छ भने तपाईंको पुरानो प्रविधिको कपाल पुनःर्स्थापन हामी किन्ने छौं ।
फोन: ४११०७३३ | सम्पर्क सिंह
प्रोटिन हेयर डिजाईन काठमाडौ
प्रोटिन हेयर डिजाईन काठमाडौ प्रा.लि. (सुन्दर सिंहको व्यवस्थापनमा)
सिनामंगल-९, पो.ब. २०३९७, ब्लु होस्टेल बिल्डिङ, काठमाडौं
मोबाइल : ९८५१०-६७५४० (सिंह) E-mail: KATHMANDU@EASYHAIRGROUP.COM

कस्मेटिक सर्जरी
➲ शरिरमा भएको दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
➲ शरिरमा आगोले पोलेर भएको समस्याको लागी
➲ नाक, कान, आखा सम्बन्धि कस्मेटिक सर्जरी
➲ मंगोलियन आखाको उपचार
➲ टाउकोमा केश उमार्न
➲ अनुहारको चाउरीपन हटाउन
➲ स्तनसम्बन्धि कस्मेटिक सर्जरी
नेपाल प्लाष्टिक सर्जरी अस्पताल
हरिशिद्धी, ललितपुर
५२५०६६५, ९८०३८८३५७७

AU-PAIR IN (Work+Study) GERMANY & NETHERLAND
Salient features:
1) Can Study
2) Low Expenses
3) Easy Visa Process
4) S.L.C. & above can apply
5) 100% Visa success rate till date
6) Age below 25 years old.
Study in UK Dependent can apply No Visa! NOcharge
Marigold Abroad Consultancy
Samakhusi, Ktm
Tel: 4380632/ 9841275572

सौन्दर्यका सामान
✺ Height बढाउने (Yoko Japanese) - 1050/-
✺ मोटोपन घटाउने (Sauna Belt)
✺ अनुहार गोरो बनाउने (Roop Amrit)
✺ स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
✺ डण्डीफोर, चाया पोतो हटाउने (Cream)
✺ धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
✺ कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
✺ लिङ्ग बढाउने साथै गुप्ताङ्ग टाईट गर्ने ।
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Newbaneshwor, 9808301235
Ph. 2290871, Mob. 9841506134

काम नगरे पुरै पैसा फिर्ता
YOKO
Height बढाउने (Japanies) RS. 1046/-
Roop Amrit, Sona Belt, Anti Spot, स्तन बढाउने, घटाउने, कपाल उमार्ने तेल, मोटोपन बढाउने, थाहा नपाई जाँड रक्सी, चुरोट छुटाउने, चाउरीपन हटाउने क्रिम
Free Home Delivery
Global Fitness Shop
चावहिल (मेडिकेयर अगाडी)
9851120728, 2141094
9803464971, 9851057632

Language & Computer
English: Elementary, Intermediate & Advanced Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/lab practice)
TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Japanese/German/Chinese/French/Spanish classes
Computer: Basic/Advanced/Accounting/Graphic.. courses
Our Products: Language books/Cassettes/CDs/Video DVDs ....
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Face to Face Language Videos Price: Rs. 160/-
Easy Way Prem Swoveet's best language books with Audio Video DVDs has recently come in the market! Price: 145/- only
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Boost Vocabulary Enhance word power Price: 50 & 60/-
-OLC's Publications, 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945
OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet!) Web site: creativeoseas.com email: olc_swoveet@wlink.com.np

LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more .........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service : 9841549320

# भर्चुअल वर्ल्डमा फेसबुक

● प्रदीप बस्याल

३५ करोड प्रयोगकर्तासहित सामाजिक सञ्जाल फेसबुकले आफ्नो पाँचौं वार्षिकोत्सव मनाइरहँदा त्यसका संस्थापक मार्क जुकेरवर्ग जति खुसी छन् त्यत्तिकै यो सफलतालाई चिन्ताको विषय मान्नेहरू पनि छन् । हालसालै भारत र बेलायतमा फेसबुकका सम्बन्धमा गरिएका दुई फरक अध्ययनले पनि यही भन्छ । भारतका बिभिन्न कम्पनी एवं सरकारी कार्यालयका कर्मचारीहरूले आफ्नो कार्यालय समयको १२ दशमलव ५ प्रतिशत समय फेसबुकमै खर्चन्छन् । उता युरोपका बिद्यार्थीहरूमा गरिएको त्यस्तै अर्को अध्ययनले फेसबुकमा धेरै समय खर्चनाले उनीहरूको अध्ययनको स्तर खस्किएको बताइएको छ ।

सन् २००० पछि जसरी संसार व्यापक रूपमा इन्टरनेटको सञ्जालमा बाँधिन थाल्यो, त्यसरी नै खुलेका सामाजिक सञ्जालहरूमा इन्टरनेट प्रयोगकर्ताहरू झुम्मिन थालेका हुन् । सुरुमा आफूसँग उमेर, विचार र क्षेत्र मिल्ने मानिसहरूका लागि इन्टरनेट सामाजिक सञ्जालहरू खोलिएका हुन्, तर बिस्तारै यसले आफ्नो क्षेत्र र दायरा व्यापक बनाउँदै लगेको छ । अब सामाजिक सञ्जालहरू आफ्नो सर्कलका साथीहरूबीच रमाउनेहरूमा मात्र सीमित रहेनन् । यसको प्रयोग नयाँ साथीहरू खोज्ने, आफ्ना निश्चित विषयमा बहस चलाउनेजस्ता धेरै विषयमा हुन थालेको छ । हाइफाइभ, माइस्पेस, ट्वीटरपछि पछिल्लो पटक व्यापक प्रयोगमा आएको फेसबुकले छोटो समयमै ठूलो लोकप्रियता हासिल गरेको छ, जसका ३५ करोड प्रयोगकर्तामा धेरैजसो विद्यार्थी एवं कर्मचारी छन् ।

भारतीय कम्पनीहरूको संगठनले जनाएअनुसार हरेक कम्पनीका कर्मचारीहरू दिनमा कमसेकम एक घण्टा फेसबुकमै व्यस्त हुन्छन् । दैनिक ८ घण्टा वर्किङ आवर रहेको भारतमा कर्मचारीहरू यसरी दैनिक एक घण्टा कम काम गर्दा त्यहाँको सेवा-सुविधामा सुस्तता आउनुका साथै उत्पादनमूलक क्षेत्रसमेत समस्या देखिन थालेको छ ।

नेपालमा भने पछिल्ला दुई वर्षयता फेसबुक लोकप्रिय हुन थालेको हो । तत्कालीन अर्थमन्त्री डा. बाबुराम भट्टराईलगायतका केही सेलिब्रिटीले फेसबुक चलाएको समाचार सञ्चारमाध्यममा आउन थालेपछि नेपालमा पनि यसका प्रयोगकर्ता बढेका हुन् । काठमाडौंका धेरै निजी संस्था एवं कलेजहरूमा अहिले फेसबुक खोल्न नमिल्ने गराइएको छ । हाम्रा सरकारी कार्यालयमा भने त्यसो हुन सकेको छैन । कर्मचारीहरूले फेसबुक पछिको प्राथमिकतामा जनतालाई दिने सेवा सुविधालाई राख्ने गरेको देखिन्छ । यस्तै समस्याबाट आजित भएर भारतका केही दूरसञ्चार कम्पनीले फेसबुकमा वर्किङ आवर खर्चने आफ्ना कर्मचारीहरूप्रति निगरानी राखी कारबाही गर्न छुट्टै सफ्टवेर प्रयोग गरिरहेका छन् । भारतीय कम्पनीका ८२ प्रतिशत कर्मचारीको फेसबुक एकाउन्ट भएको विश्वास गरिन्छ ।



सामाजिक सञ्जालहरूमा राखिने सूचना विश्वसनीय र आधिकारिक हुँदैनन्, जसले जे लेखे पनि हुने। अझ फेसबुकमा ब्रगेल्ती बनाउन सकिने फ्यान क्लब र ग्रुपहरू कसैको ब्यक्तिगत मानहानि र प्रतिष्ठामाथि आक्षेप लाग्नेगरी बनेका प्रशस्त उदाहरण छन्। 'वी हेट यु प्रचण्ड' फेसबुक सञ्जालमा रहेको एउटा पपुलर ग्रुप हो, जहाँ प्रचण्डको क्रस गरिएको प्रोफाइल फोटो छ।

सामाजिक सञ्जालहरूमा रहने सूचना विश्वसनीय र आधिकारिक हुँदैनन्, जसले जे लेखे पनि हुने । अझ फेसबुकमा ब्रगेल्ती बनाउन सकिने फ्यान क्लब र ग्रुपहरू कसैको ब्यक्तिगत मानहानि र प्रतिष्ठामाथि आक्षेप लाग्नेगरी बनेका प्रशस्त उदाहरण छन् । 'वी हेट यु प्रचण्ड' फेसबुक सञ्जालमा रहेको एउटा पपुलर ग्रुप हो, जहाँ प्रचण्डको क्रस गरिएको प्रोफाइल फोटो छ । उता 'गान्धी वाज बर्न इन नेपाल इभ बुद्ध वाज बर्न इन इन्डिया' मा महात्मा गान्धीले ढाकाटोपी लगाएको तस्बिर राखिएको छ । त्यस्तै 'आई लभ स्मोकिङ' फेसबुककै फ्यान क्लब हो । यसरी बनेका ग्रुपले हाम्रो समाजमा दिन सक्ने नकारात्मक सन्देशका सम्बन्धमा फेसबुक संवेदनशील हुन आवश्यक छ । धूम्रपानजस्तो कुलतलाई आदर्श बनाएर इन्टरनेटमा प्रचार गरिँदा बालमनोविज्ञानमा पर्ने असरप्रति हामी अझै गम्भीर भैसकेका छैनौं, यद्यपि इन्टरनेट यस्तो संसार हो जहाँ हामीलाई सोच्नेसम्म फुर्सद हुँदैन । छिनभरमा यहाँ धेरै कुरा भैसक्छ । एक सेकेन्डभन्दा सानो समयमा इन्टरनेट सञ्जालमा फयाँकिएका सूचनाहरू विश्वभर फैलन सक्छन् ।

फेसबुकले विश्वभर लोकप्रियता पाइरहँदा यसका सञ्चालकलाई अब प्रयोगकर्ताको गोपनियता भंग हुन नदिने चुनौती थपिएको छ । फेसबुकका सञ्चालक जुकेरवर्गले फेसबुकको पाँचौं वार्षिक उत्सवका अवसरमा आफ्ना प्रयोगकर्ताहरूलाई खुलापत्र पठाउँदै भनेका छन्, 'आफ्ना कुन-कुन सामग्री क-कसलाई बाँड्ने वा देखाउने भनेर अब तपाई आफै निर्णय गर्न सक्नुहुन्छ ।' त्यसलगत्तै फेसबुकले आफ्ना प्रयोगकर्तालाई नयाँ प्राइभेसी सेटिङ समिक्षा गर्न र अपडेट गर्न लगाइरहेको छ, तर त्यति मात्र गोपनियता पर्याप्त छैन । फेसबुकमा रहने सामग्रीहरू फिल्टर गर्ने सफ्टवेयर विकास गर्न निकै आवश्यक छ । फेसबुकमा अश्लील सामग्री, सामाजिक एवं कूटनैतिक सद्भाव खलबल्याउने सामग्रीहरू राख्न नमिल्ने भनिए पनि त्यसलाई फिल्टर गर्ने प्रविधिको अभाव छ । गोपनियताकै कुरा गर्दा भारतको एक सहरमा फेसबुकको स्टाटस हेरेर घरमा एक्लै भएको थाहा पाएपछि एक-युवती बलात्कृत भइन् । फेसबुककै रिलेसनसिप स्टाटसमा विवाहित लोग्नेले अविवाहित लेखेपछि उनको हत्या भएको समाचार पनि आयो । यस्ता केही उदाहरणबाट फेसबुक सञ्चालक एवं प्रयोगकर्ताले धेरै कुरा सिक्नु आवश्यक छ ।

आजभोलि फेसबुकमा हरेक साता ५० लाख नयाँ प्रयोगकर्ता थपिन्छन् । स्ट्रिट सपदेखि तारे होटलसम्म, शैक्षिक संस्थादेखि कार्यालयसम्म फेसबुककै चर्चा सुनिन्छ । जस्तो कि फेसबुकले यहाँ कुनै नयाँ क्रान्ति नै ल्याउँदैछ । फुर्सदको समयमा आफ्ना साथीहरूसँग भुल्न मात्र यस्ता सामाजिक सञ्जाल उपयोगी हुन सक्छन् भन्नेतर्फ धेरै कमको ध्यान पुगेको छ ।

फेसबुकलाई आफ्नो कामभन्दा बढी महत्त्व दिँदैमा यसबाट केही उपलब्धि हासिल हुँदैन । फेसबुक पनि एउटा त्यस्तै भर्चुअल वर्ल्ड हो, जुन कम्प्युटरमै सुरु भएर कम्प्युटरमै प्राप्त हुन्छ । 'भर्चुअल साथी, भर्चुअल बर्थडे केक, भर्चुअल खेल, भर्चुअल गिफ्ट' तर जिन्दगी रियल । हामीमा रियल लाइफ र भर्चुअल लाइफबीच भिन्नता छुट्याउने क्षमता हुनुपर्छ । जब रियल लाइफ र भर्चुअल लाइफ उस्तै मानिन थालिन्छ, समस्या आफैं सुरु हुन्छ । बीबीसीका एक जना पत्रकारले भनेका छन्, 'म अझै के सोचेर समस्यामा छु भने रियल लाइफ कहाँबाट अन्त्य हुन्छ र भर्चुअल लाइफ कहाँबाट सुरु हुन्छ ?'

---

# फेसबुकको बढ्दो प्रभाव




आजका बालबालिकाले टेलिभिजन हेर्नु तथा फोनमा कुरा गर्नुलाई असामान्य मान्नुपर्ने स्थिति छैन। याहु, जीमेल, फेसबुक जस्ता प्रविधिसँग खेल्दाखेल्दै खाना खान भुलिन्छ, रातले बिहानीको सुस्केरा हाल्दासम्म आँखाहरूटाठै र मन चङ्गै भैरहे जस्तो लाग्छ।

हिजो हजुरआमाको पालामा टेलिभिजन, फोन, इन्टरनेट त परै जाओस् रेडियो पनि मुस्किलले मात्र सुन्न सकिन्थ्यो । जीवन सरल र सहज पनि थियो, बिस्तारै विकासले बाटो लियो । परिवर्तित नयाँ आयामसँगै हाम्रा पूर्खाले कल्पनासमेत नगरेका वस्तुहरू आज हामीले भोगिरहेका छौं । त्यति बेलाको बाल्यसंसार प्राकृतिक वस्तुहरूसँग रम्थ्यो, डन्डिबियो, चुङ्गी, पराल तथा घाँसका खेलौना बाल्यकालका सहपाठी हुन्थे । समय घुमिरहेछ तीव्र गतिमा । त्यही समयको चक्रसँगै मानव जीवन पनि भौतिक सुखसुविधा एवं विद्युतीय प्रणालीको सदुपयोग गरिरहेको छ । आजभोलि नेपालमा पनि टेलिफोन तथा इन्टरनेटको सुविधा गाउँघरसम्म विस्तार भैसकेको छ ।

आजका बालबालिकाले टेलिभिजन हेर्नु तथा फोनमा कुरा गर्नुलाई असामान्य मान्नुपर्ने स्थिति छैन । याहु, जीमेल, फेसबुक जस्ता प्रविधिसँग खेल्दाखेल्दै खाना खान भुलिन्छ, रातले बिहानीको सुस्केरा हाल्दासम्म आँखाहरूटाठै र मन चङ्गै भैरहे जस्तो लाग्छ । यसै क्रममा विभिन्न स्थानका साथीहरूसँग परिचित हुन पुगिन्छ ।

आज चर्चामा रहेको फेसबुकले विश्वभरि नै प्रभाव पारेको छ भने विविध आपराधिक गतिविधिको सञ्जाल पनि मौलाएको छ । क्यालिफोर्निया निवासी एक पुरुषले आफ्नी २३ वर्षीय गर्लफेन्डको फेसबुकमा कसैले राखेको एउटा सन्देश पढेपछि क्रुद्ध भएर कपाल तान्दै घिसारेर मार्ने धम्की दिँदै डोरीले बाँधेर राखेका थिए भन्ने खबर तीन महिनाअघि प्रकाशमा आएको थियो । त्यस्तै फेसबुकमा खेल्न नपाएको निहुँमा एक किशोरीले आफ्नी आमाको हत्या गरेको कुरा पनि समाचारमा आएको थियो । विश्वको यो बढ्दो आपराधिक वातावरणबाट नेपाल पनि अछुतो रहने कुरा भएन । आज इन्टरनेट सुविधाले विश्वलाई एउटै घर जस्तो बनाइदिएको छ । आजको फेसबुक, इन्टरनेटको संसारमा बहुप्रचलित सञ्चारमाध्यम हो भन्नेमा कसैको दुई मत छैन । सामाजिक सम्बन्ध विकासका लागि भन्ने लक्ष्यका साथ अघि आएको फेसबुकले वास्तवमै अपूर्वयोगदान दिइरहेको छ । सर्वेक्षणले के देखाएको छ भने ६० वर्ष उमेर नाघेका व्यक्तिहरू पनि फेसबुकका सदस्य छन् । यद्यपि जति बढी किशोर-किशोरी र युवा यो माध्यममा लागेका छन्, त्यति वयस्कहरू छैनन् ।

खासगरी ४० नाघेका व्यक्तिहरूको संख्या क्रमशः घट्दै गएको फेसबुककै सर्वेक्षणले देखाएको छ । समस्या अनुपातिक रूपमा कम मात्र भएको हो तर वयस्कहरूको समस्या पनि करोडौंमा हुनुपर्छ । हामीले फेसबुक हेर्दै जाँदा स्कुल पढ्दाका पुराना साथी खोज्दै जाने र कसैको नाम सर्चबारमा टाइप हानेर खोज्ने हो भने तस्बिरसहित ती व्यक्तिहरूदेखिने भएका कारण यसको आकर्षण बढेको हो । किनभने यस प्रकारको सुविधा कुनै इन्टरनेट माध्यममा पाइँदैन ।

दशकौं नभेटेका पुराना साथीहरू हँसिलो अनुहारमा परिवारसहित आफ्नै कम्प्युटरको पर्दामा प्रकट हुँदा रमाइलो लाग्नु अस्वाभाविक पनि होइन । जसलाई चाहयो उसलाई म्यासेज पठाउन पनि मिल्ने भएका कारण स्वतन्त्रता र अवसर दुवै दृष्टिकोणले यसको महिमा उच्च हुन पुगेको हो । लामा-लामा भिडियो चित्र तथा तस्बिरहरू समावेश गर्न सकिने सुविधाका कारण प्राविधिक रूपले पनि यो निक्कै उचाइमा रहेको प्रष्ट हुन्छ । कतिपय व्यक्तिको यही माध्यमबाट परिचित हुँदै विवाह भएका समाचारहरू पनि आइरहन्छन् । प्राकृतिक नियम के छ भने जुन वस्तुका सकारात्मक गुण बढी हुन्छन्, त्यसका नकारात्मक कुरा पनि कम हुँदैनन् । फेसबुकको माध्यमले विशेष गरी युवतीहरूमा नकारात्मक असर पर्न सक्छ । फेसबुकबाट परिचित सबै राम्रा मान्छे नै हुन्छन् भन्ने छैन ।

**विमला पण्डित (थापा)**



# सूर्योदयको मौसम

**युवराज गौतम**

इलाम- आकाशको बादल हराएर मौसम खुला हुन थालिसकेको छ। सेताम्मे कञ्चनजंघाबाट हुइँकिएर आएको चिसो सिरेटोले मुटु कमाउन थालिसकेको छ। झुल्कने सूर्योदयको दृश्यावलोकनका लागि प्रख्यात मानिने अन्तुडाँडालगायत इलामका अग्ला डाँडाहरूमा पर्यटकको आगमन पनि प्रारम्भ भैसकेको छ। सूर्योदयको दृश्य अवलोकन गर्ने उपयुक्त मौसम सुरु भएपछि पर्यटकको उपस्थिति बाक्लिन थालेको हो।

इलामको अन्तुडाँडामा कात्तिकको पहिलो सातादेखि नै पर्यटकहरू आउन थालेको स्थानीयहरू बताउँछन्। समुद्री सतहबाट १ हजार ८ सय २५ मिटर उचाइमा रहेको अन्तुडाँडामा स्थानीय बासिन्दाहरूले 'पेइङ गेस्ट' का रूपमा खाने-बस्ने व्यवस्था मिलाएका छन्। गाउँले घरहरूलाई सिँगारेर सफा-सुग्घर बनाइएको छ। मेची राजमार्गनजिकैको कन्याम चियाबगानबीचको मिर्मिरे डाँडामा पनि पर्यटकहरूको भीड बढ्न थालेको चन्द्रकला शर्माले बताइन्।

मिर्मिरेमा जिल्ला विकास समितिले निर्माण गरेको भ्यू टावरमुनि बसेर बिहान झिसमिसेमा सूर्योदयको दृश्यावलोकन गरिरहेकाहरूको भीड देख्न सकिन्छ। सफा मौसमको अवसर छोपेर कन्याम चियाबगान घुम्न आउने पर्यटकहरू एक रात बास बसी मिर्मिरे डाँडाबाट सूर्योदयको दृश्यावलोकन गरेर फर्कने गरेका छन्। मिर्मिरे आउने पर्यटकहरूका लागि नजिकैको फिक्कल बजारमा सुविधायुक्त होटल तथा लजहरूको व्यवस्था छ।

सूर्योदय र सूर्यास्त प्रस्टसँग हेर्न सकिने लेकाली पर्यटकीय स्थल सन्दकपुरमा भने भारतलगायत तेस्रो मुलुकका पर्यटकहरूको भीड छ। ३ हजार ६ सय ३६ मिटर उचाइमा रहेको सन्दकपुरमा यतिबेला दैनिक १ सय पर्यटक पुग्ने गरेको स्थानीय बासिन्दा दिनेश महतले बताए। हिमश्रृखंला प्रस्टसँग हेर्न सकिने सन्दकपुर तेस्रो मुलुकका पर्यटकहरूको गन्तव्य हो।

सूर्यास्तको दृश्यावलोकनका लागि ख्याति कमाएको सिद्धिथुम्कामा पनि आन्तरिक पर्यटकहरूको भीड देख्न सकिन्छ। भर्खरै चर्चा पाएको नयाँबजारको थुम्केडाँडामा पनि गाउँलेहरू झुल्केघाम हेर्न भेला हुन थालेको स्थानीय बासिन्दा प्रेम भण्डारीले बताए। बंगालको खाडीबाट उदाएको सूर्यको पहिलो झुल्को हेर्न कात्तिकको पहिलो सातादेखि मंसिरको अन्तिम सातासम्मको समयलाई उपयुक्त मानिन्छ। सूर्योदय अवलोकनका लागि बिहान पाँच बजे नै डाँडामा पुग्नुपर्छ। यहाँबाट सूर्यको कलिलो झुल्कोलाई आधा घण्टासम्म हेर्न सकिन्छ।

# मौसम पिकनिकको



**पोखरा-** यतिबेलाको मौसम विछट्टै खुलेको छ। त्यही भएर त यो मौसम रमाइलो तथा घमाइलो हुन्छ। यस्तो मौसमको सदुपयोग गर्दै अहिले समूह बनाएर ठाउँ-ठाउँमा पिकनिक जानेहरूको झुन्ड बाक्लो हुन्छ। स्कुल कलेजमा अध्ययनरत विद्यार्थीहरू यतिबेला साथीहरूसँग समूह बनाएर पिकनिकतिर हुत्तिहाल्छन्। पिकनिकले साथीभाइसँगको सम्बन्धलाई पनि प्रगाढ तुल्याउँछ।

ब्युटीसियन चिनु गुरुङ भन्छिन्- 'यो मौसममा हरेक वर्ष हामी ब्युटीसियनहरू पिकनिक गएर रमाइलो गर्छौं।' ब्युटिसियनहरू मात्र होइनन्, हरेक पेसा-व्यवसायमा संलग्नहरू अहिले पिकनिकको रमझमा रमाइरहेको पाइन्छ।

पोखरा आसपासका पर्यटकीय गाउँहरूमा पिकनिक जानेहरूको लस्कर देखिन्छ। खास गरी कास्कीको लुम्लेकाँडेमा जाडो महिनाको प्रारम्भसँगै पिकनिक आउनेहरूको संख्या ह्वात्तै बढेको छ। त्यसो त यहाँ सुविधासम्पन्न पिकनिक स्पटको सुविधा पनि छ। त्यसै गरी आसपासका रमणीय दृश्यलाई यहाँबाट सहजै नियाल्न सकिन्छ।

लुम्लेकाँडेले यस क्षेत्रको महत्त्वपूर्ण पिकनिक स्थलका रूपमा ख्याति कमाएको छ। त्यसो त यो क्षेत्र नेपालको सबैभन्दा बढी पानी पर्ने क्षेत्रका रूपमा समेत प्रख्यात छ। अलौकिक सुन्दरताका कारण पनि लुम्लेकाँडे पिकनिकस्थलका रूपमा विकसित भएको हो। यहाँको खुलेको मौसमले हरेकलाई प्रभावित तुल्याउँछ। पिकनिकसँगै प्रेमी-प्रेमिकाहरू डेटिङका लागि पनि यहाँ आउने गरेका छन्।

फागुन महिनासम्म यो ठाउँमा पिकनिक आउनेहरूको ओइरो लाग्छ। यहाँको मौसम चिसो भए पनि पिकनिकको नाचगानमा मस्त भएपछि जाडो भाग्छ। यसका अतिरिक्त पोखरा भ्यू-प्वाइन्ट, रानीवन, शान्तिस्तूप, हेम्जाको घट्टेकुलो, पावरहाउस, महेन्द्र गुफा, पामे आदि स्थलमा पनि पिकनिकको घुइँचो देखिन्छ। यी स्थानहरूमा पार्किङका लागि स्थान पाउन पनि हम्मे-हम्मे पर्छ।

# झापामा पर्यटन वर्ष-२०११




**युवराज विवश**

झापा- पर्यटन वर्ष-२०११ को उल्टो दिनगन्ती सुरु भैसकेपछि झापाका २ प्रमुख पर्यटकीय क्षेत्रको विकास गर्न झापालीहरू तम्सिएका छन्। झापाको सताशीधाममा रहेको सताशीधाम र दोमुखाको पर्यटकीय सम्भावना रहेको देखाउँदै त्यसको जगेर्नाका लागि जुटेका हुन्। ऐतिहासिक एवं पुरातत्विक महत्त्वका रूपमा ती क्षेत्रको विकास गरिनुपर्ने पर्यटन वर्ष-२०११ का झापा संयोजक प्रसाद सुब्बा बताउँछन्। सुब्बाका अनुसार 'सताशीधामको ऐतिहासिक महत्व हामीले विश्वसामु दर्साउन सक्नुपर्छ।

सताशीधाम विकास समितिका सचिव सुब्बाले सताशीधामको झरना मुख्य आकर्षण रहेको बताए। महाभारतकालमा हिमालय पर्वतकी पुत्री पार्वतीले विष्णुसँग विवाह अस्वीकार गरी भागेर सोही स्थानमा लुकेको पौराणिक कथन छ। पार्वतीको मञ्जुरबिना बुबा-आमाले भगवान् विष्णुसँग विवाह गर्ने निधो गरेपछि पार्वतीले साताशीधाममा लुकेर बसेको उल्लेख छ। पृथ्वीमा लामो समय खडेरी लागेपछि सतीदेवीले आफ्ना सयौं आँखाबाट एकैपटक आँसुको वर्षा गराएर सिञ्चित गरेको र सोही वर्षाका कारण यहाँ नदी बगेकाले सतीदेवीकै नाममा सो क्षेत्रको नाम साताशी रहेको अर्को कथन पनि छ। सोही धार्मिक अस्थाका कारण बर्सेनि आन्तरिक तथा भारत र भुटानका भक्तजनले दर्शन गर्दै आएका छन्।

उक्त क्षेत्रमा खानेपानी, होटल र सताशीखोलाको कटान नियन्त्रणजस्ता समस्या छन्। यहा हरेक वर्ष बाला चतुदर्शी र माघेसंक्रान्तिका दिन ठूलो मेला लाग्ने गरेको छ। तीर्थस्थल मात्र नभएर तराई र पहाडको मिलन बिन्दुका रूपमा रहेको उक्त स्थान एकान्त र रमणीय प्रकृतिक दृश्य भएकाले पिकनिक स्पोर्टका रूपमा विकास गर्नुपर्ने आवश्यक देखिएको छ।

## पर्यटन वर्षमा

# पर्यटकीय स्थलहरूको बेवास्ता

**पवन अधिकारी**

इटहरी- पर्यटन वर्ष सुरु हुन केही दिन बाँकी रहँदा पूर्वका पर्यटकीय स्थलहरूमा भने यसको कुनै प्रभाव पर्न सकेको छैन। पर्यटन वर्ष-२०११ भव्य रूपमा सफल बनाउन बोर्ड र सरकारको योजनामुताबिक काम हुन त परै जाओस्, अझैसम्म स्थानीय तहका सम्बन्धित पक्षहरूलाई समेत यसको महत्व बुझाउन सकिएको छैन।



पूर्वमा रहेका दुई दर्जनभन्दा बढी पर्यटकीय एवं धार्मिक स्थलसँग प्रत्यक्ष्य सम्बन्ध रहेका व्यक्तिहरू अझै पनि पर्यटन वर्ष-२०११ का बारेमा अनभिज्ञ रहेको बताउँछन्। इटहरी नगरपालिकाभित्रको पर्यटकीय स्थल तालतलैयामा समेत पर्यटन वर्षको कुनै प्रभाव छैन। स्थानीयवासी मात्र नभएर स्वयं तालतलैया विकाश एवं सरक्षण समितिका अध्यक्ष तुलाराम दङ्गालले समेत प्रभावकारी काम केही नभएको स्वीकार गरे। दङ्गाल भन्छन्, 'अहिलेसम्म खासै केही काम भएको छैन तर केही दिनभित्रै यसक्षेत्रको विकासका लागि काम थाल्छौं।'

इटहरी चोकदेखि ४ किलोमिटर उत्तरमा रहेको तालतलैया आन्तरिक पर्यटकका लागि महत्वपूर्ण स्थलका रूपमा चिनिने गरेको छ। हिउँदमा दैनिक १ सय ५० भन्दा बढी समूहले यस क्षेत्रको भ्रमण गर्ने गरेका छन्। यसको विकास गरी प्रचार-प्रचार गर्न सके उल्लेख्य पर्यटक भित्र्याउन सकिन्छ।

इटहरी नगरपालिकाले भने उक्त क्षेत्रलाई व्यवस्थित गर्ने विषयमा तल्लीन रहेको जनाएको छ। अध्यक्ष दङ्गालले चाँडै पर्यटकीय क्षेत्रको घेराबार तथा बोटिङको सुविधा मिलाइने बताए। तालतलैया मात्र नभएर विश्वमै प्रख्यात पर्यटकीय स्थलका रूपमा परिचित दर्जनौं स्थल पूर्वाञ्चलमा भने पनि अझै तिनको पर्याप्त प्रचार-प्रसार हुन सकेको छैन। पूर्वका पर्यटकीय स्थलहरूमध्ये इलामको श्रीअन्तु डाँडा, बेलबारीको बेतौना सीमसार क्षेत्र, इलामको माइपोखरी, मोरङको विराट राजाको दरबार, धनपालगढी आदि स्थलको समेत न त उचित संरक्षण र संवर्द्धन भएको छ, न त कुनै प्रभावकारी कदम नै अघि बढेको छ।

पर्यटन वर्ष-२०११ को सँघारमा आइपुग्दा समेत सरोकारवालाहरू पर्यटन प्रवर्द्धन गर्न तल्लीन हुन नसकेका कारण सर्वसाधारणहरूले पर्यटन वर्ष सफल हुने कुरामा आशंका व्यक्त गर्न थालेका छन्।

सरकारी निकायको मुख ताक्नुभन्दा आफैं एकजुट भएर प्रयास गरे सफल हुने उदाहरण झापाका सुरुङ्गावासीले दिएका छन्। २०६० सालमा मात्र सुरुङ्गा वडा नम्बर २ र ३ का स्थानीय बासिन्दाहरू एकजुट भएर गरेको श्रमदानले अहिले करोडौंको आम्दानी दिन थालेको छ। पूर्व-पश्चिम राजमार्गबाट १ किलोमिटर उत्तरमा रहेको उक्त सामुदायिक वन अवलोकन गर्न अहिले दैनिक सयौं पर्यटक पुग्ने गरेका छन्। आर्थिक वर्ष २०६७/०६८ का लागि उक्त सामुदायिक वनले १ करोड ४० लाखभन्दा बढीको बजेट सार्वजानिक गरेको छ। पूर्वको चिडियाखानाका रूपमा विकसित भएको उक्त जामुनखाडी क्षेत्रमा लोपोन्मुख प्रजातिका वन्यजन्तुहरूलाई सरक्षण गरेर राखिएको छ। त्यसैगरी पर्यटकलाई बोटिङको सुविधा पनि प्रदान गरिएको छ।

मोरङको बेलबारीस्थित बेतौना सीमसार क्षेत्र पनि पर्छ। इटहरीबाट १५ किलोमिटरको पूर्वमा पर्ने उक्त क्षेत्र उचित संरक्षणको अभावमा झाडीमा परिणत हुन लागेको छ। प्राकृतिक रूपमै धनी उक्त ठाउँको उचित संरक्षण तथा संवर्द्धन गर्न नसके त्यस क्षेत्रकै अस्तित्व मेटिन सक्ने बेलबारीका कुलप्रसाद बराल बताउँछन्। पर्यटन वर्ष-२०११ का मेची-कोसी सयोजन समितिका सुनसरी सयोजक देबी गौतम (रबिन) पनि सरकारी बेवास्ताका कारण पूर्वका पर्यटकीय स्थलहरू ओझेलमा परेको आरोप लगाउँछन्।



तस्विरहरू : नवराज बाग्ले

## उलन लङ स्वेटर विथ स्टकिङ

जाडोमा पनि ग्लामरस देखिने पहिरनको खोजिमा हुन्छ- युवापुस्ता। त्यसैले अहिले वानपिस पहिरन निकै रुचाइएको छ। गर्मीमा मात्र होइन जाडोमा पनि वानपिस पहिरन लगाउन सकिन्छ। वानपिससँगै स्टकिङ, क्लोज सुज तथा लङबुट, मफलर र टोपी लगाउनुपर्छ। जाडोका लागि उलन लङ स्वेटर उपयुक्त हुन्छ। ब्ल्याक, ग्रिन र ब्राउन कलरमा पाइने स्विटर विभिन्न डिजाइनमा तयार गरिएको छ। स्विटर राउन्ड गलामा उपलव्ध छ। त्यसैले यो स्वेटरसँगै कलर कम्बिनेसन मिल्ने मफलर तथा टोपी लगाउनु राम्रो हुन्छ। हाइनेक भए मफलर आवश्यक हुँदैन।




**लङ स्विटर-१ हजार २ सय रुपैयाँ।**
**स्टकिङ-२ सय ५० देखि ६ सय रुपैयाँसम्म।**
**क्लोज सुज-८ सय ५० देखि १ हजार १ सय रुपैयाँसम्म।**

## विन्टर कलेक्सन

जाडो यामको सुरुवातसँगै नेपाली फेसन बजारमा नयाँ-नयाँ बान्की देखापर्न थालेका छन्। फेसन विज्ञहरु भन्छन्- “यही वेला हो फेसनको ट्रेन्ड परिवर्तन हुने।” गर्मीमा छोटा र पारदर्शी पहिरनमा सजिने युवायुवतीहरु यतिवेला न्याना र लामा पहिरनको खोजीमा भेटिन्छन्। फेसनेवल युवापुस्ता जाडोको पहिरनमा पनि ग्लामर चाहन्छ। जाडोको पहिरनमा युवापुस्ताको रुचि हेर्दा कोरियाली चलचित्रको प्रभाव प्रष्टै झल्कन्छ। हाइनेक तथा लङ कोटसँगै मफलर, राउन्ड टोपी, लङ्वुटको फेसन अहिले चल्तीमा छ। मौसम नुसार उपयुक्त पहिरन रोज्न सक्नुपर्छ। गर्मीमा हल्का, छोटा र उज्याला रंगको पहिरन आवश्यक हुन्छन् भने जाडोमा लामा, न्याना तथा गाढा रंग उपयुक्त हुन्छन्।

## जम्पर विथ पाइन्ट

जम्पर जाडो मौसमका लागि उपयुक्त हुन्छ। फेसन बजारमा अहिले जम्पर निकै रुचाइएको छ। युवा युवतीदेखि बाल-बालिकाहरूलाई समेत मिल्ने पहिरन हो यो। जम्पर विभिन्न आकर्षक डिजाइनमा पाइन्छ। यो कटन तथा उलनबाट बनेको हुन्छ। पिंक, ग्रीन, ब्ल्याक कलरमा उपलब्ध जम्परसँग जिन्स पाइन्ट सुहाउँछ। यो पहिरनमा राउन्ड तथा फ्ल्याट क्याप लगाउन सकिन्छ। जम्पर र जिन्समा कन्भर्स जुत्ता उपयुक्त हुन्छ।



**जम्पर-८ सय देखि १ हजार १ सय रुपैयाँसम्म**
**जिन्स पाइन्ट-८ सय ५० देखि एक हजार रुपैयाँसम्म।**
**कन्भर्स सुज-६ सयदेखि ८ सय रुपैयाँसम्म।**



## विन्टर बेबी सेट (लेडिज)

यो पहिरन ५ देखि ११ वर्ष उमेर समूहका लागि हो। जाडो मौसममा लङ ज्याकेट, टोपी, कटराइज पाइन्ट र क्लोज सुजको कम्बिनेसन मिलाएर लगाउन सकिन्छ। यसले आकर्षक लुक्स दिनुका साथै शरीरलाई न्यानो राख्न सघाउँछ। यो सेटमा फेदरको लङ ज्याकेट पनि समावेश छ। यसमा बटम तथा जिपर प्रयोग गरिएको छ। विन्डप्रुफ यो ज्याकेटको भित्री भाग भने कटनको छ। हाइनेकसँगै टी नेक डिजाइनमा तयार गरिएको यो ज्याकेट पिंक, ब्लु, रेड तथा ग्रिन कलरमा पाइन्छ। लङ ज्याकेट सँगै कटराइज पाइन्ट तथा सेन्थेटिक र कटनको क्लोज सुज सुहाउँछ।

**लङ ज्याकेट-१ हजार ५ सय ५० रुपैयाँ।**
**कटराइज पाइन्ट-८ सय ५० रुपैयाँ।**
**क्लोज सुज-४ सय ५० देखि ८ सय रुपैयाँसम्म।**
**राउन्ड क्याप-१ सय ७० देखि ३ सय ८० रुपैयाँसम्म।**



## विन्टर बेबी सेट (जेन्स)

यो बेबी सेटमा ज्याकेट, कटन पाइन्ट र कानेटोपीको कम्बिनेसन सुहाउँछ। हाइनेक डिजाइनमा तयार गरिएको ज्याकेटमा जिपर प्रयोग गरिएको छ। हावा नछिर्ने भएकाले भित्र पातलो टिसर्ट लगाए पनि हुन्छ। विन्डप्रुफ ज्याकेटको भित्री फरको छ। यो ज्याकेट ग्रीन, ब्लु तथा ब्ल्याक कलरमा उपलब्ध। यो ज्याकेटसँग कटन पाइन्ट र उलनको कानेटोपी राम्रो देखिन्छ।

**ज्याकेट-१ हजार ५ सय ५० रुपैयाँ।**
**कटन पाइन्ट-८ सय ५० रुपैयाँ।**




"The Text message is that which song your heart, and can sing it back to you when you have forgotten the words"

General SMS
Example: love & send to 4343 Jokes & send to 4343 Birthday & Send to 4343 Freindship & send to 4343 Goodnight & send to 4343 Hate & send to 4343 Missing & send to 4343 Propose & send to 4343 Sayari & send to 4343 Valentinday & send to 4343 Tragedy & send to 4343 Funny & send to 4343

Match Making
Type: MR<space>Name<space>Age<space> Sex<space> Education<space> Height<space> Weight<space>Seeking Relationship & send to 4343
Example: MR Ritika 21 F BBS 5.6" 60 Kg friendship

Date Conversion
For Nepali date: Type CalN<Space> 2009-06-16 & send to 4343
Example: CalN 2009-06-16
For English date: Type CalE<space> 2066-03-02 & send to 4343
Example: CalE 2066-03-02

Horoscope
Type : Rasi<space> Desired horoscope & send to 4343, Example: Rasi mesh

Occasional SMS
New Year & send to 4343 Dashain & send to 4343 Tihar & send to 4343 Christmas & send to 4343 Rakhi & send to 4343 Father's Day & send to 4343, Janmasthami & send to 4343 Mother's Day & send to 4343 Sakranti & send to 4343

Miracle Pam
Miracle Infocom Pvt. Ltd.
Anamnagar, Kathmandu, Tel: 4251515
E-mail: info@miracleinfo.com
The service is available at Ncell UTL

The charges for above mentioned services will be Nrs. 2 & 3/- for short code number 4343 & 7373 respectively exclusive of all applicable taxes.



# कता गयो बौद्धिकता

दुई दशकयता राजेश हमाल निरन्तर सक्रिय नायक हुन्, यो भनिरहने कुरा होइन, नेपाली चलचित्र उद्योगमा उनको आधिपत्यको कुरा पनि गर्न आवश्यक छैन । नेपाली चलचित्र हेर्ने-नहेर्ने सबैका लागि प्रिय बनेका यी नायक बौद्धिक नायकका रूपमा पनि चिनिन्छन् । चलचित्र नहेर्नेहरू पनि राजेश हमाल भयंकर विद्वान् हुन् भनेर गफ छाँट्छन् । राजेशमा दार्शनिक शैलीमा आफ्ना कुरा व्यक्त गर्न सक्ने खुबी छ । योग्यता र क्षमताका आधारमा पक्कै पनि उनी विद्वान् नै हुन्, तर राजेशको बौद्धिकताको कुरा न त चलचित्र उद्योगमै प्रयोग भएको छ, न त नेपाली समाजकै विकासका निम्ति उनले खर्चिएका छन् । महानायक, सुपरस्टार आदि विभिन्न विभिन्न पगरी गुथे पनि राजेश हमाल नेपाली राजनीतिमा चासो राख्ने वा समग्र नेपालको हितको विषयमा कुनै अभियानमा सक्रिय हुने चाहना राख्दैनन् भनेर कतिपयले आरोप लगाउने गरेका छन् । त्यतिमात्र होइन, असामाजिक व्यक्तिको ट्याग पनि उनीमाथि छ । यद्यपि कसैले के आरोप लगाउँछ भनेर त्यसतर्फ चासो नदिने राजेश बताउँछन् । राजेश भन्छन्- 'मेरो काम अभिनय गर्ने हो, गरिरहेकै छु, ।' तर आरोप लगाउनेहरू उनलाई उपभोक्तामाथि लात मारेको भन्नसमेत भ्याउँछन् । उनले केही समयअघि एउटा विज्ञापनमा एउटा विवादास्पद उत्पादनको बचाउ गर्न खुलेआम अपिल गरेको विषयले उनलाई उपभोक्ताप्रति जिम्मेवार नभएको आरोप छ । यो विषयमा अदालतमा मुद्दा पनि चलिरहेको छ । यी सबै कुरालाई मध्यनजर गर्दा अब राजेश हमालले बोल्नैपर्ने बेला आएको छ, कता हुनुहुन्छ, महानायक लौन अब त केही बोलौ ?



# पाए अर्को बिहे गर्ने

पूजा चन्दले अचम्म कुराको भनिछन्- 'भनेजस्तो पुरुष पाए अर्को बिहे गर्छु ।' बाह्र वर्षीय चलचित्र करियरलाई लत्याएर पाँच वर्षअघि अमेरिका पलायन भएकी पूजाको भनाइ सोचनीय छ । प्रेमविवाह गरेर छोरी जन्मिएको केही वर्षपछि श्रीमान सुरज चन्दसँग पारपाचुके गरेकी पूजाकी छोरी दिब्या पनि सत्र वर्षकी भैसकेकी छिन् । यतिबेला आएर उनलाई जीवनमा अर्को जीवनसाथीको खाँचो महसुस भएछ । त्यसैले बेबसाइट फिल्मीखबर डटकममा उनले भनिन्- 'विवाह गर्ने सोच भए पनि भने जस्तो पुरुष पाएकी छैन ।' पारपाचुके गरेको यति धेरै वर्षपछि नेपाली चलचित्रकी यी पूर्वनायिकालाई किन अर्को विवाह गर्ने इच्छा जागेछ ? उनले भनेकी छिन्- 'माया र केयरिङ गर्ने पुरुष पाए विवाह गर्छु ।' छोरी तरुनी हुँदै गएपछि सायद उनलाई लाग्यो- 'छोरी विवाह गरेर गएपछि एक्लो कसरी जीवन बिताउने ? चार वर्षपछि नेपाल आएकी पूजाले पूर्वपतिको थर भने छाडेकी छैनन् ।

# क्याम्पबाट बाहिर



फुरुङ्ग छिन् युना उप्रेती । पिंजडामा थुनिएको पन्छी मुक्त भएजस्तो आभास भैरहेको छ उनलाई । गत शुक्रबार बानेश्वरको एउटा क्याफेमा भेटिएकी युनाको फुर्ती नै बेग्लै थियो । 'अब यहाँहरूले देख्नुहुनेछ, युनाको कमाल,' कुनै जादुगरले पिटाराबाट खरायो निकाल्नुअघि बोल्ने शब्द उनले सुनाइन् । हामीलाई लाग्यो, कतै युनाले अभिनय छाडेर जादुगरी त थालिनन् ? तर उनको आशय अर्कै रहेछ । युना दीपक श्रेष्ठको निर्देशनमा पहिलो चलचित्रमा अभिनय गरेपछि अनवरत दीपककै पाँचवटा चलचित्रमा नायिका भइन् । अवसर त राम्रै दिएका हुन् दिपकले, तर त्यहाँ एउटा समस्या सिर्जना भयो । 'युना दीपक क्याम्पकी नायिका हुन् । उनलाई आफ्नो चलचित्रमा खेलाउन दीपकको चाकरी गर्नुपर्छ' जस्ता खबर फैलाइए । आधा दर्जन चलचित्रमा नायिका भैसके पनि युनालाई दीपकले मात्र पत्याइरहेका थिए । दीपकका चलचित्रकी मात्र नायिका हुनुपर्दा युनालाई करियर अघि बढाउन गाह्रो परिरहेको रहेछ । यद्यपि उनले हिम्मत हारिनन् । पछिल्लो समयमा उनी दीपकबाहेक अरू निर्देशकको निर्देशनमा भकाभक काम गरिरहेकी छिन् । फरक निर्देशकसँग काम गरेर फरक अनुभव सँगालिरहेकी युनाको करियरको गाडी फुल स्पिडमा अघि बढिरहेकाले पो फुरुङ्ग परेकी होलिन् उनी ।

# ठूलो पर्दामा



दीपकराज गिरीका बारेमा नयाँ कुरा, उनी चलचित्र निर्देशन गर्दैछन् र त्यो चलचित्र हास्यप्रधान हुनेछ । चलचित्रमा टेलिचलचित्रहरूमा हँसाउने कलाकारकै वर्चस्व रहनेछ । ठूलो पर्दाको चलचित्र निर्देशन गर्न उनलाई उक्साएका हुन्- निर्मल शर्माले । अभिनयमा रुचि भएका निर्मल चलचित्र क्षेत्रमा निर्माताका रूपमा देखा परे । उनले निर्माण गरेको चलचित्र 'नेपाल' विविध कारणले असफल चलचित्रको सूचीमा पर्‍यो । उनलाई दीपकराजले 'तीतो सत्य'मा रमाइलो चरित्र 'गैंडा'का रूपमा चिनाएपछि निर्मलको अभिनयको गाडी दौडिन थाल्यो । 'नेपाल'ले घाटा ख्वाए पनि निर्मललाई गैडा चरित्रले दिनुसम्म चर्चा दियो । दीपकराजले लगाएको त्यो गुनको बदला तिर्न पनि होला, उनले निर्माण गर्ने आगामी चलचित्रको निर्देशकमा दीपकलाई लिएका छन् । हाल स्क्रिप्ट तयार पार्ने क्रम चलिरहेकाले उक्त चलचित्रको शीर्षक 'तितो सत्य' नै पो राखिने हो कि ?



# बखतीको नेपालमोह

नेपाली चलचित्रमा नृत्य निर्देशन गर्दागर्दै बलिउडमा आफ्नो प्रतिभा देखाउन पुगेका शैलेश बखती अहिले पुनः नेपाल फर्किएका छन् । बलिउडमा केही समय कोरियोग्राफी गरेर धेरै थोरै अनुभव सँगालेका बखती नेपाल आएपछि नृत्य निर्देशन गर्नुभन्दा चलचित्रको नायक बन्ने सपना देख्न थाले । निर्माता-निर्देशकको पछि लाग्न थालेकाले बखती धेरै निर्माता-निर्देशकको घर धाए, तर कति निर्माता-निर्देशकले आश्वासन दिए भने कतिले साझेदारीमा काम गरौं भन्ने आशय व्यक्त गरे । यही सिलसिलामा निर्देशक उद्धव अविदितको आँखा शैलेशको कला र छरितो शरीरमाथि पर्‍यो । अन्ततः शैलेशले चलचित्र 'देशले रगत मागे'मा विराज भट्टको समानान्तर भूमिकामा शैलेशलाई उभ्याउने निर्णय गरे । अभिनय एवं नृत्य प्रशिक्षक शैलेश बखतीसँग अन्य विषयमा पनि काम गर्न सहज भएको अविदितको भनाइ छ । बखती भन्छन्- 'ग्रुप डान्सरको काम गर्नेहरू त नेपाली चलचित्रमा चल्तीका नायक बनिसकेका छन् भने म त नृत्य निर्देशकका रूपमा काम गरिसकेको व्यक्ति हुँ । त्यसकारण पनि नेपाली चलचित्र उद्योगमा जम्ने विश्वास लिएको छु ।' बखती जम्ने हुन् कि पग्लिने हुन् त्यो भने समयले नै देखाउनेछ ।

# दक्षिण लाग्ने निखिल

नायिका सञ्चिता लुइटेलसँग दोस्रो विवाह गरेपछि नायक निखिल उप्रेती बलिउड पुगे । लगभग नेपाली चलचित्र उद्योगलाई बाईबाई गरेर मुम्बइ पुगेका निखिल यतिखेर के गरिरहेका छन् भन्ने विषयमा सबै बेखबर छन् । नेपाल रहुन्जेल महिनामै दुई-तीन चलचित्रको छायांकनमा व्यस्त रहने निखिल एक्कासि कामबेगर रहँदा के गर्लान् भन्ने पनि थियो । हुन त समय दिने हो भने नेपाली चलचित्र उद्योगमा उनको बजार यथावत् नै छ, तर उनी अब नेपाली चलचित्रमा काम नगर्ने मुडमा भएको सूत्र बताउँछ । भारतमै छायांकन गर्ने हुदा काम गर्ने सम्भावना छ, तर उनी अब नेपाल फर्कंदैनन्, स्रोत उल्लेख गर्छ । मुम्बइ रहँदा एक तमिल चलचित्रमा नायकको भूमिकामा अभिनय गरेका निखिल यतिखेर मुम्बई छोडेर दक्षिणतिरै लाग्ने सोचमा छन् । दक्षिण भारतीय चलचित्रमा अफर आउन थालेकाले उनी चेन्नई चलचित्र उद्योगमा सक्रिय हुन लागेका हुन् । सम्भवतः यहि महिनाभित्र उनी बस्ने गरी चेन्नई पुग्दैछन् । स्रोतका अनुसार उनी यतिखेर बलिउडमा पार्टटाइम प्रोडक्सनको काम पनि गर्छन् ।





पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## ● लभ गुरु रेखा ●

**म नेपाली सेनामा कार्यरत २५ वर्षीय विवाहित युवक हुँ। तीन वर्षअघि घर-परिवारले मलाई गाउँकी एक युवतीसँग विवाह गर्न दबाब दियो। यो कुरा मैले मेरो नजिकको साथीसँग गरे। उनले ती युवतीबाट सन्तान हुँदैन भन्छन्, राम्रोसँग विचार गर भने। मैले घर-परिवारसँग कुरा गर्दा त्यो हल्ला मात्र हो, केही फरक पर्दैन भनियो। त्यसपछि मैले घरपरिवारको कुरामा असहमति जनाउन सकिनँ। त्यतिबेला गाउँमा गएर विवाह गर्ने परिस्थिति नभएकाले हतारमा ती युवतीसँग विवाह गरियो। मैले ती युवतीलाई विवाहअघि नदेखेको र हतारमा विवाह गरिएकाले त्यतिखेर खासै केही कुरा थाहा भएन, तर विवाहपश्चात उनी मभन्दा धेरै पातली र होची भएकाले उनीसँग हिंड्दा हाम्रो जोडी मिलेन जस्तो लाग्यो। त्यसपछि मलाई उनी मन पर्न छाडिन्। अर्को कुरा, उनी यौनसम्पर्कमा पनि त्यति रुचि राख्दिनन् र मेरो खुसीका लागि मात्र सहमत हुन्छिन् कि जस्तो लाग्छ। अहिलेसम्म हाम्रो सन्तान पनि भएका छैनन्। केही समय मैले उनलाई आफ्नै साथमा पनि राखेका थिएँ। अहिले उनले सन्तानका लागि चिकित्सकलाई देखाउँदा पाठेघरसम्बन्धी समस्या देखिएको छ। उक्त समस्या सार्वजनिक भएपछि अहिले मेरो घर-परिवार पनि उनीसँग सम्बन्धविच्छेद गरी मेरो अर्को विवाह गर्ने पक्षमा छ, तर यो कुरा त्यति सजिलो छ जस्तो लाग्दैन, यस्तो स्थितिमा म के गरूँ ?**

**एस**

विवाह भन्ने कुरा हतारमा गर्नु हुँदैन, जुन तपाईंले गर्नुभयो। अर्को कुरा विवाह गरिसकेपछि सम्बन्धलाई निर्वाह गर्नुपर्छ। विवाह गरिसकेपछि दुलाहा वा दुलहीमा कुनै खोट छ भन्ने कुरालाई हाम्रो समाज र कानुनले समेत स्वीकार गर्दैन, तसर्थ जोडी मिलेन भनेर तपाईंले जतिसुकै कराए पनि त्यो तपाईंको अरण्य रोदन मात्र हुन्छ। जहाँसम्म तपाईंकी श्रीमतीबाट सन्तान नहुने कुरा छ, त्यसमा तपाईंहरूले सहमतिमा कुनै ठोस निर्णय लिनु उपयुक्त हुन्छ। हाम्रो समाजमा श्रीमतीका कमजोरीका कारण सन्तान हुन नसके श्रीमान्ले दोस्रो विवाह गर्ने परम्परा छ, यस्तो स्थितिमा कानुनले पनि साथ दिने गरेको छ। यसका लागि तपाईंले आफ्नी श्रीमतीलाई विश्वासमा लिएर आफ्ना आमाबाबु तथा सासु/ससुरासमेतको सहयोगमा अर्को विवाह गर्न सक्नुहुन्छ, तर अर्को विवाहका लागि तपाईंले आफ्नी श्रीमतीसँग सम्बन्ध-विच्छेद गर्न सक्नुहुन्न। यस विषयमा तपाईंलाई कानुनले पनि साथ दिँदैन। तपाईंले जे-जस्तो निर्णय गरे पनि त्यसमा तपाईंकी श्रीमतीको सहमति एवं विश्वास आवश्यक छ।

## ● फिल्मी खबर ●

### मेरो सिनेमा पपुलर एवार्ड

चलचित्रसम्बन्धी वेबसाइट मेरो सिनेमा डटकमले अनलाइनमार्फत चलचित्र, कलाकार तथा प्राविधिकहरूबीच लोकप्रियताको प्रतिस्पर्धा प्रारम्भ गरेको छ। सन् २०१०को जनवरीदेखि नोभेम्बरभित्र सार्वजनिक भएका ३८ वटा नेपाली चलचित्रका कुल १७ वटा विधाका लागि दुई चरणमा वेबसाइट भिजिटरले भोटिङ गर्न सक्ने व्यवस्था छ। पहिलो चरणमा १७ वटै विधाका संभावित कलाकार, चलचित्र तथा प्राविधिकहरूको नामावलीमा अनलाइन भोटिङ गरी अर्को साता दोस्रो चरणका लागि प्रत्येक विधाका उत्कृष्ट पाँच-पाँचको छनौट भिजिटरहरूको भोटिङकै आधारमा हुनेछ। दोस्रो चरणमा नोमिनेशन लिष्ट वेबसाइटमा प्रकाशित भएपछि भिजिटरहरूलाई पुनः अनलाइन भोटिङका लागि आग्रह गरेर त्यसैका आधारमा सर्वाधिक लोकप्रियलाई सम्मान गरिनेछ।

### अन्तर्राष्ट्रिय चलचित्र गोष्ठी

चितवनमा अन्तर्राष्ट्रिय स्तरको चलचित्र गोष्ठी हुने भएको छ। चलचित्र निर्देशक समाजले आउँदो माघ महिनाको पहिलो साता चितवनमा अन्तराष्ट्रिय स्तरको चलचित्र गोष्ठीको आयोजना गर्न लागेको हो। चलचित्रको कथा लेखन, प्रस्तुतीकरण एवं निर्देशन कसरी गर्ने भन्ने विषयमा जानकारी गराउन चलचित्र निर्देशक समाजले चलचित्र गोष्ठीको आयोजना गर्न लागेको हो। गोष्ठीमा अमेरिका, कोरिया तथा भारतका चलचित्र निर्देशकहरूले यहाँका सिने निर्माता निर्देशकहरूलाई आफ्ना देशमा गरिएका अभ्यासका सम्बन्धमा जानकारी गराउनेछन्। गोष्ठीका संयोजक तथा चलचित्र निर्देशक समाजका उपाध्यक्ष विमल पौडेलले गोष्ठी आठ दिनसम्म चल्ने जानकारी दिए। पौडेलका अनुसार चितवनको मेघौलीमा आयोजना गर्ने योजना गरिएको चलचित्र गोष्ठीमा अहिलेसम्म नेपालका चलचित्र निर्देशक तथा सिनेकर्मीहरूले निर्माण गरेका चलचित्रका सबल तथा कमजोर पक्षका बारेमा पनि विश्लेषण गरिनेछ।



### द गेम अर्को वर्ष

निर्माण सम्पन्न भैसकेको चलचित्र 'द गेम' ले सार्वजनिक प्रदर्शनका लागि अर्को वर्षसम्म पर्खनु पर्ने भएको छ। चलचित्र अब वर्ष ०६८ को असार वा साउनमा मात्र प्रदर्शन हुनेछ। रक्षासिंह राणाले निर्देशन गरेको यो चलचित्रमा निरुता सिंह, सुमन सिंह, झरना थापा तथा बालनरसिंह राणाको मुख्य भूमिका छ।

### मार्कण्डय भए निर्देशक

संगीतकार मदन दिपबिमका छोरा तथा गायिका ममता दिपविमका भाइ मार्कण्डय दिपविम चलचित्र निर्देशक भएका छन्। उनको निर्देशनमा चलचित्र 'द्रव्य' को छायांकन यसैसाता सम्पन्न भएको छ। जेबी कार्की तथा करणबीर मालाकारको लगानीमा निर्माण भएको चलचित्र द्रव्यमा विराज भट्ट, अशोक फुयाँल, अनु शाह, कल्पना शाही, अनुपविक्रम शाही, अमित पोखरेल, उत्सव शाह आदिको मुख्य भूमिका छ। चलचित्रका संगीतकार विशेष पाण्डे हुन्।

### को छ र आफ्नो ?

भविन्द्र तामाङको निर्देशनमा चलचित्र 'को छ र आफ्नो ?' को छायांकन काठमाडौं उपत्यकाका विभिन्न स्थानमा भैरहेको छ। जीवन बोडेले निर्माण गर्ने यो चलचित्रमा सुरज प्रजापति, विमल राई, गणेश न्यौपाने, जेनिशा अधिकारी तथा अस्मिन दर्लामीको मुख्य भूमिका छ। चलचित्रका संगीतकार कमलकृष्ण हुन्।

### ९ गते एकदिन एकरात

देवकुमार श्रेष्ठको निर्देशनमा हरर र सस्पेन्समा आधारित चलचित्र 'एकदिन एकरात' पुस ९ गतेदेखि देशव्यापी प्रदर्शनमा आउनेछ। गौरी मल्ल, अनुप बराल, कर्म, विनय श्रेष्ठ, दिया मास्के, प्रवेश गिरी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेको यो चलचित्र नेपाली चलचित्रमा नयाँ प्रयोग हुने विश्वास निर्देशक श्रेष्ठले लिएका छन्।

### अन्तिम चरणमा मालतीको भट्टी

गणेशदेव पाण्डेको निर्देशनमा चलचित्र 'मालतीको भट्टी' को निर्माण अन्तिम चरणमा पुगेको छ। हाल प्राविधिक कार्य भैरहेको यो चलचित्रका निर्माता प्रदीप उदय हुन्। रेखा थापा, नन्दिता केसी, जीवन लुइँटेल, अयुब केसी, सुनिल थापा आदि कलाकारले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको यो चलचित्रमार्फत आधुनिक गीतका संगीतकार कालीप्रसाद बाँस्कोटाको चलचित्रमा 'डेब्यु' हुँदैछ। चलचित्र 'मालतीको भट्टी' मा छायांकन सञ्जय लामा, द्वन्द्व रोशन श्रेष्ठ तथा नृत्य रिनेशा राईको रहनेछ।

### राजेशपायलको रेकर्ड

गायक राजेशपायल राईले पार्श्व गायनमा नौलो रेकर्ड कायम गरेका छन्। राजेशले पाँच दिनको अवधीमा नौवटा चलचित्रका गीत रेकर्ड गर्न भ्याएका छन्। यसअघि उनले आठ दिन लगाएर यति नै संख्यामा गीत गाएका थिए। अघिल्लो साता रुघाखोकीका कारण स्टुडियो छिर्न नभ्याएका राजेशपायलले गत शुक्रबारदेखि मंगलबारसम्ममा विभिन्न नौ चलचित्रका गीत गाएका हुन्।

यो अवधिमा उनले संगीतकार वसन्त सापकोटाको संगीत निर्देशनका 'दिलमा सजाएँ तिमीलाई', 'जब दिल रुन्छ', 'नबोले नि हाँसिराख न', संगीतकार विकास चौधरीको 'मानव', 'अमेरिकन ड्रिम्स', 'हात लाग्यो शून्य', संगीतकार ताराप्रकाश लिम्बुको 'प्रीतिको फूल', दिनेश सुनामको 'हरपल साथ' तथा सुनिल वर्देवाको 'साथीबिना' चलचित्रका लागि पार्श्व गायन गरेका हुन्। राजेश भन्दै थिए– 'अझै आधा दर्जन चलचित्रको रेकर्डिङ गर्न बाँकी नै छ।' पार्श्व गायनमा अति व्यस्त राजेश सुगम संगीतमा आधारित गीतहरू पनि रेकर्डिङ गराइरहेका छन् भने सांगीतिक कार्यक्रममा पनि नियमित रुपमा सहभागी भैरहेका छन्।

नारीको पुस अंक चाँडै बजारमा आउँदै छ




होटेल तथा पर्यटन तालिम
रोजगारीको राम्रो मौका
Target Together: 'Tourism Year 2011'
Cook, Waiter/ess, Bartender, Housekeeping
* Travel & Tourism (Level-I) - 40 hrs
* English for Tourism (Level-I/II) - 38/43 hrs
* Marketing (Introductory) - 30 hrs
* Customer Service (Level-II) - 75 hrs
* Call Center Operations (New) - 40 hrs
Int'l Certificate from UK
LCCI London Chamber of Commerce & Industry International Qualifications
Indreni Tourism & Hotel Training Centre
Indreni Complex, New Baneshwor, Ph: 4783361

६ महिना मै +2 तथा Math/Science/Test नदिईकनै S.L.C. पास !! (Nios Delhi Board)
Arts Commerce Science
अन्तिम भर्ना !!
+2, 'A'Level तथा PCL फेल भएता पनि ६ महिना पदेर एक वर्ष मै +2 पास गर्न सकिने, ११ को नपढी सिधै १२ को मात्रै पढेर Exam दिन पाईने, कक्षा ८, ९ Test फेल भएता पनि Test नै नदिईकन SLC दिन पाईने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, पास गर्न सजिलो, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने।
बाहिर बाट आएकाहरुलाई होस्टेलको व्यवस्था ।
प्राईभेट Test/SLC-2067
(आठै बिषयका नियमित कोचिङ्ग कक्षाहरू)
रेगुलर/एक्जाम्टेड
(Tuition, Coaching Classes)
उपत्यका बाहिरबाट
(SLC दिनेहरुलाई विशेष तयारी कक्षा)
SLC Preparation Class
(Maths, Opt. Maths, Science, English etc.)
Free internet facility for NIOS Students
२ वर्ष मै BA, BBS पास
अंग्रेजी Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु, भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.
ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400, 9851021071
चावाहिल: 4460091, 9851085823
नयाँ बानेश्वर (ओरियन साकुरा): 4484634
orion_academy2003@yahoo.com
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665
लगनखेल: 5531437
diplomatic_education@asia.com

साान्डा तेल
जस्तो सुकै यौन दुर्वलता र कमजोरीको लागि
Herbal Levitra+ सान्डा तेल
A Quality German Product
जगाउँछ नशा नशामा जोस र शक्ति दिन्छ Xtra Time र अधिक सन्तुष्टि
शिघ्र पतनको लागि Spray
लिङ्ग विकासको लागि LONG JOHN
खुनी/बादी नयाँ पुरानो (दिशा हर्षा) पाईल्स निको पार्ने जडिबुटी दबाई ।
जाँड-रक्सीको कुलत छुटाउन
गुप्ताङ्ग टाइट गर्ने Guaranted Gel
Breast बढाउने/घटाउने टाईट गर्ने
मोटोपना घटाउन/तौल घटाउन
चायाँ पोते र चाउँरीपनाको ग्यारेण्टी उपचार
हर्बोट्रेडिङ्ग होम, नयाँ बसपार्क
९७२१५३९२३५, ९८०३४३६४३८

फ्रि : वेटर / वेट्रेस
दैनिक भत्ता रू-२००/-
तालिम पश्चात फ्रि - BARTENDER पनि
5 STAR होटलमा Practical हुने
उत्कृष्टलाई १०००० सम्मको जागिरको व्यवस्था ।
विदेश जानेकोलागी होटल सम्बन्धी स्पेशल कोर्षको व्यवस्था ।
WISDOM HOTEL TRANING
KALIMATI CHOWK 01-4277104
CHABHIL CHOWK 01-6223587

FREE
● Language/Computer/Mobile
● Build English Tongue
● Abroad Job Management
NIOS SLC/+2
PASCAL
4478483 / 9841271035

यौन शक्ति
आकर्षक स्तन
सानो, ठुलो, टाईट, सुडाल बनाउने क्रिम तथा व्यायम मेशिन
चायाँ पोतो हटाउने क्रिम
लिङ्ग:- लम्बाई, मोटाई, यौनपावर शिघ्रपतन, अधिक आनन्दको लागि साण्डाको तेल व्यायम मेशिन
मोटोपना:- घटाउने/बढाउने
फ्रि
गुप्ताङ्ग:- टाईट गर्ने जेल
महिलाको पेट वा छातिमा भएको सेतो धर्सा हटाउने ।
HERBAL SHOP NEPAL
01-2296904, 9808468350



## आमा हुनुको गर्व

हलिउडकी नायिका तथा गायिका क्रिस्टिना अगिलेराले आफू आमा बनेपछि मात्र जीवनमा खुसी भएको बताएकी छिन् । केही समयअघि मात्र श्रीमान् जार्डन ब्रेटम्यानसँग अलग भएकी क्रिस्टिनाले आमा भएपछि आफैंप्रति गर्व भएको बताएकी छिन् । उनको वैवाहिक सम्बन्ध पाँच वर्ष चलेको थियो । क्रिस्टिनालाई आफ्नो दुई वर्षीय छोरा म्याक्सकी आमा हुनुमा गर्व छ । क्रिष्टिना भन्छिन्– 'आमा बनेपछि स-साना कुराले पनि धेरै खुसी दिन्छ ।' उनलाई छोरा काखमा लिएर बाल सुलभ गीत गाउन मन लाग्छ । छोरासँग बसेर रमाइलो गर्दा उनलाई समय बितेको पनि पत्तै हुँदैन ।



## ट्वाइलाइटकी क्रिष्टेन अब बलिउडमा

चलचित्र 'काइट्स'मा मेक्सिकन सुन्दरी बारबारा मोरीसित अभिनेता ऋतिक रोशनको रोमान्स हेर्न पाएका दर्शकले चाँडै नै तिनै ऋतिकलाई अर्की हलिउड सुन्दरीसित देख्न पाउनेछन् । स्रोतका अनुसार निर्देशक शेखर कपुरले निर्माण गर्ने चलचित्र 'पानी' मा अभिनेता ऋतिकको जोडीका रूपमा हलिउड चलचित्र 'ट्वाइलाइट' की अभिनेत्री क्रिष्टेन स्टेवार्टलाई देख्न पाइनेछ । शेक्सपियरको 'रोमियो एन्ड जुलियट' मा आधारित चलचित्र 'पानी' मा क्रिष्टेनले धनी युवती र ऋतिकले गरिब युवकको भूमिका निर्वाह गर्नेछन् ।

## गीत गाउँदै नेहा धुपिया

ग्ल्यामरस छवि बनाए पनि कम सफलता आर्जन गरेकी बलिउड बाला नेहा धुपियाले आफ्नो आगामी चलचित्रका लागि गीत रेकर्ड गराएकी छिन् । सुरुमा गीत गाउन आनाकानी गरे पनि अन्ततः आफ्नो स्वरमा गीत रेकर्ड गराएकी नेहाले उक्त गीत चर्चित गायक कैलाश खेरसित गाएकी हुन् । स्रोतका अनुसार अभिनेत्री नेहाले उक्त चलचित्रमा पुरुषवर्गलाई घृणा गर्ने मुन्नी मेडमको चरित्र निर्वाह गरेकी छिन् ।



## एउटा विज्ञापनको सवा करोड

हलिउडका सेलिब्रेटीमध्ये नायिका जुलिया रोबर्ट्स ब्रान्ड छनौट गर्ने मामिलामा सधैं अग्रपंक्तिमा रहन्छिन् । उनी आफू सन्तुष्ट भएको ब्रान्डमा मात्र काम गर्न मन पराउँछिन् । हलिउडमा उनी महँगी नायिकाका रूपमा चिनिन्छिन् । पुनः एकपटक उनले आफूलाई महँगो भएको प्रमाणित गरेकी छिन् । हालै मात्र यी नायिकाले एउटा इटालियन कफीको विज्ञापनका लागि निकै मोटो रकम हासिल गरेकी छिन् । विज्ञापनमा उनले केवल कफीको वासना सुँघ्नका लागि करिब सवा लाख युरो (झन्डै सवा करोड रुपैयाँ) पारिश्रमिक लिएकी छिन् । विज्ञापन जम्मा ४५ सेकेन्डको छ । विज्ञापनमा जुलियाले एक शब्द पनि बोलेकी छैनन् । विज्ञापन एउटा पेन्टरबाट प्रारम्भ हुँदै जुलियामा आएर अन्त्य हुन्छ । यो महँगो विज्ञापनमा मोडलिङ गरेपछि जुलियाको अभिनय करियर ओरालो लाग्यो भनेर आलोचना गर्नेहरू अचम्ममा परेका छन् ।





## एन्जोलिना जोली मन्दिर

हलिउडकी एक्सन नायिका एन्जोलिना जोली देवीका रूपमा पुजिने भएकी छिन् । हालै प्रकाशित एक समाचार अनुसार कम्बोडियामा एउटा मन्दिरको नाम नै एन्जोलिनाप्रति समर्पित गरिएको छ । युभिनर्स सोसाइटी अफ हिन्दुइज्मका अध्यक्ष राजन जैनका अनुसार उक्त मन्दिर १२ औं शताब्दीमै निर्माण गरिएको हो । यो मन्दिरलाई 'ओल्ड ब्रह्मा' पनि भनिन्छ । यसभन्दा अघि यो मन्दिरको नाम 'राजाविहार' राखिएको थियो । अहिले आएर उक्त मन्दिरको नाम 'एन्जोलिना जोली मन्दिर' राखिएको छ । भनिन्छ, 'टम्ब राईडर' श्रृंखलाको पहिलो चलचित्रमा यो मन्दिरका थुप्रै दृश्य समावेश छन् । जोलीले नै उक्त चलचित्रमा अभिनय गरेकी छिन् । जोलीले निकै अघि उक्त प्राचिन मन्दिरको संरक्षणमा सहयोग गर्ने घोषणा गरेकी थिइन् । राजनका अनुसार जोलीले उक्त धार्मिक धरोहरको संरक्षणप्रति जागरूकता फैलाउन सल्लाह दिएकी छिन् । स्मरण रहोस्, जोलीले कम्बोडियाकै मेडक्सलाई धर्मपुत्र बनाएकी थिइन् ।



## क्याटरिना अब राधाका रूपमा

ग्ल्यामरस, बोल्ड र सेक्सी क्याटरिना कैफ पछिल्लो पटक चलचित्र 'राजनीति' को डिग्ल्यामराइज्ड भूमिकामा पनि उत्तिकै चर्चामा रहिन् । अब क्याटरिना कैफ धार्मिक चरित्र राधाको भूमिका देखा पर्ने भएकी छिन् । चलचित्र 'मैं कृष्णा हुँ' मा क्याटरिनाले राधाको भूमिका निर्वाह गर्ने बताइएको छ । उक्त चलचित्रमा आफ्नो भूमिकालाई जीवन्त बनाउन अभिनेत्री कैफले भगवान् श्रीकृष्णको जीवनीमा आधारित पुस्तकहरू अध्ययन गर्न थालेको समाचार एजेन्सीहरूले बताएका छन् ।



हाँस्यजोडी
# दमन/शेखर

## ● मेरो अनुभव ●

नेपालमा हास्यकलाकारहरू जोडी बाँधिएर दर्शकलाई मनोरञ्जन दिने क्रम प्रारम्भ भएको धेरै भैसकेको छ । मदनकृष्ण-हरिवंशको जोडी बाँधिएकै ३० वर्षभन्दा बढी भैसक्यो । मह जोडी नेपालकै एउटा उदाहरणीय हास्यजोडी हो । मह जोडीलाई पछ्याउँदै कलाकारिताको क्षेत्रमा थुप्रै जोडी बाँधिएका छन् । कुनै बेला जितु नेपाल र म दमन रुपाखेतीको जोडी पनि खुबै जमेको थियो । विभिन्न कारणले उक्त जोडी लामो समयसम्म टिकेन । केसी अर्थात् केदार घिमिरे 'माग्ने बूढा' तथा सीताराम कट्टेल 'धुर्मुस' को जोडीलाई पनि दर्शकले असाध्यै मन पराएका छन् । दीपकराज गिरी तथा दीपाश्री निरौलाको जोडी त लोकप्रिय छँदैछ । यही मेसोमा हामी दुई भाइ हास्यकलाकार दमन रूपाखेती र शेखर खनाल पनि विगत तीन वर्षदेखि जोडीका रूपमा सँगै काम गर्दैछौं । बलिउडका शेखर सुमनको नामसँग मिल्ने गरी हामीले 'शेखर-दमन' नाम राख्दै जोडी बाँधेका हौं । हामीलाई नेपाल टेलिभिजनबाट शुक्रबार राति प्रसारण भैरहेको हास्यश्रृंखला 'झ्याइँकुटी झ्याइँ' ले जोडी बाँध्न प्रेरित गरेको हो । यो श्रृंखलाको निर्देशन हाम्रै जोडीले गरिरहेको छ । यही जोडीले श्रृंखलामा मुख्य भूमिका पनि निर्वाह गरिरहेको छ । श्रृंखलाको लेखन पनि हामी सँगै बसेर गर्छौं । विभिन्न महोत्सव तथा सांस्कृतिक कार्यक्रममा समेत हाम्रो जोडीले दर्शकलाई हँसाइरहेको छ र यो क्रम लामो समयसम्म जारी रहनेछ । जोडी बाँधेपछि काम गर्न पनि सजिलो हुने तथा दर्शकले पनि कामको मूल्यांकन गर्ने भएकाले हामीले जोडी बाँधेर काम गर्ने निर्णय गरेका हौं । जोडी बाँधेर काम गर्दा एक-अर्काको मूल्यांकन गर्न मात्र होइन, कमि कमजोरी पनि बाँड्न पाइने भएकाले हास्य कलाकारिता क्षेत्रमा जोडीको महत्व बढ्दो छ । दर्शकहरूले हाम्रो जोडीलाई मन पराइदिनुभएकोमा भविष्यमा अझ स्तरीय कार्यक्रम तथा प्रहसन तयार पार्ने प्रेरणा मिलेको छ ।

केवल ८ प्रश्न

# तपाईंलाई कस्तो विवाह मनपर्छ ?

आफ्नो त यो वर्ष पनि साइत जुर्ला जस्तो छैन । जात र वर्णमा विश्वास नगर्ने भएकाले म प्रेम विवाहमै विश्वास गर्छु। प्रेम विवाह गर्दा माया बढी हुने र एकले अर्कालाई झुक्याउने सम्भावना कम हुन्छ ।

**राजेशपायल राई (गायक)**

मलाई त सटचाक-सुटुक विवाह मनपर्छ । धेरै खर्च गरेर होहल्ला गरी गरिएको विवाहभन्दा सुटुक्क मन्दिरमा गएर गरिएको विवाह मनपर्ने भएकाले म त त्यस्तै विवाह गर्ने तयारी गर्दैछु। त्यस्तो विवाहलाई प्रेम-विवाहभन्दा पनि फरक पर्दैन ।

**शिव परियार (गायक)**

मलाई प्रेम विवाह मनपर्छ किनभने आफूले माया गर्ने व्यक्तिसँग विवाह गर्दाको आनन्द नै बेग्लै होला ।

**विमलेश अधिकारी (नायक/मोडल)**

मलाई प्रेम विवाह नै मनपर्छ । म आफू पनि भविष्यमा प्रेम विवाह गर्ने भएकाले अरूले पनि प्रेम विवाह नै गरेको मन पराउँछु ।

**जेनिशा मोक्तान (पूर्वमिसनेपाल)**

विवाह...अहिले त गर्ने बेलै भएको छैन, त्यसैले कस्तो विवाह मनपर्छ भन्ने कुराको जवाफ दिन गाह्रो पर्‍यो । तै पनि अहिलेको ट्रेन्ड नै प्रेम विवाह गर्ने भएकाले मलाई पनि त्यस्तै विवाह मन पर्छ ।

**रेखा पुरी (मोडल)**



## ● अपोजिट सेक्स ●



# अशोक फुयाँल
(नायक)

### मनपर्छ

**गाजल लगाएको :** ठूला-ठूला आँखामा मिलाएर गाजल लगाएको युवतीहरूलाई निकै सुहाउँछ । गाजल लगाएको आँखाको सौन्दर्यले भुतुक्कै पार्छ ।

**पानीमा रुझेको :** कुनै राम्री युवती पानीमा रुझेको वा भिजेको देखियो भने मलाई उनको सौन्दर्य हेरिरहन मन लाग्छ ।

**छिनेको कम्मर :** छिनेको कम्मर, त्यसमा पनि नाइटो छेडिएको छ भने हेर्ने बित्तिकै काउकुती लाग्छ ।

**गहुँगोरो :** काली पनि होइन, गोरी पनि होइन, ठिक्ककी युवती राम्रा लाग्छन् ।

### मनपर्दैन

**नखरा :** नखरा देखाउनु युवतीहरूको स्वभाव हो, तर सधैं नखराबाजीले काम चल्दैन । मलाई सीधा कुरा गर्ने बानी मनपर्छ, त्यसैले म नखराबाजी सहन्न ।

**चुरोट तानेको :** आधुनिक बन्ने धुनमा धेरै युवतीले चुरोट तानेको पाइन्छ । चुरोट पिउनु राम्रो होइन, अझ केटीहरूले तानेको त पटक्कै सुहाउँदैन ।

**पेट लागेको :** गर्भावस्थामा मात्रै उनीहरूको पेट ठूलो भएको सुहाउँछ । अरू बेला ठूलो पेट राम्रो देखिँदैन ।

**सुकेको हिप :** युवतीहरूको हिप ठूलो भएकै राम्रो हुन्छ, सुकेको हिप भएका युवतीको शरीर पूर्ण नभए जस्तो लाग्छ ।


के तपाई Math, Science/ Test नदिई S.L.C. तथा १ वर्षमा +2 पास गर्न चाहानु हुन्छ ?
यदि चाहनु हुन्छ भने NIOS Board मा Oct. 2011 को लागि Admission खुल्यो !
5 Subjects पढे पुग्ने । Class 10 मा Math, Science तथा Test दिनु नपर्ने । नेपाल तथा world wide equivalent नेपालीबाट पनि Exam दिन पाईने ।
SLC पास गरेको १ वर्ष Gap भए सिधै +2 पढ्न पाईने ।
6/6 महिनामा Exam दिन पाईने ।
Milu Shrestha 78% in Mgt.(+2) 92 in Business
WISDOM EDUCATION FOUNDATION
PH. 4238086
Bagbazar (एसिया पब्लिकेशनको अगाडि)

ब्युटीसियन कोर्स नि:शुल्क
• नेपाल सरकारबाट मान्यता प्राप्त ।
• उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
• रोजगारीको ग्यारेण्टी ।
• अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने ।
• विदेश जानेहरूको लागि Special Class
कोर्स: बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौ

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus, Galileo & IATA)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
11th Year of Establishment
South Asia Tourism HRD Program based training
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक, BICC को पश्चिम
www.shangrilatraining.com.np
✆4472553/4475113
Affiliated to CTEVT
Associates HAN REBAN ATHTIN

MOBILE तालिममा
Special छुट !
किन नि ?
MICROLINK
स्थापनाको 8 वर्षको शुभ-उपलक्ष्यमा
साथै Free Tools
Free Software पनि
सिप सिकौं, आर्जन गरौं
Grab the opportunity
'यो मौका फेरि आउँदैन है'
फोन नं.: ०१-४२६७९०४

विशेष छुटमा !
होटल तालिम
100 % रोजगारमूलक
कुक/वेटर
• 5 Star होटलका प्रशिक्षकबाट तालिम
• विदेश जानेहरुका लागि विशेष कक्षा
कामना, कोटेश्वर
फोन नं.: ४६०१८७८/४६००३३५

उद्घोषण
प्रतिष्ठित NGO को सहयोगमा सिमित सिटका लागि
मात्र रु.१,५००/- मा
उद्घोषण तालिम
साथसाथै ४५ दिने Radio Technician तालिम
(Job Guarantee)
फोन नं.०१-४२४६१५५, ०१-२२९६४५७
Echo Media अद्वैतमार्ग,पुरानो बसपार्क

तालिमको अवसर
Valley Banquet Training Center मा Cook, Helper, Banquet Manager, Reservation Manager, Waiter, Waitress, Storekeeper र Utility Supervisor को तालिम दिइरहेको हुँदा सम्बन्धित तालिम लिन इच्छुक महानुभावहरुलाई तुरुन्त सम्पर्क गर्न अनुरोध गरिन्छ ।
यहाँ तालिम पछि रोजगारीको पनि व्यवस्था छ ।
VALLEY Banquet Training Center
9851085519
सातदोबाटो, ललितपुर
(यातायात कार्यालयको अगाडि)

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ ।
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver,Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

The Flying Institute announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
Call: 4465653, 9841278689
www.theflyinginstitute.edu.np
The Flying Institute P. Ltd. Minbhawan, Kathmandu

RJ VJ MC
उद्घोषण तथा पत्रकारीता तालिम
पत्रकारीताका विद्यार्थीलाई लक्षितपूर्ण प्रयोगात्मक तालिम
ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
मृदुला खनाल, मुनाल शिशिर, रबि थापा
सन्तोष खनाल, केशबजङ्ग पाण्डे, नबिन लुँइटेल
हिरामणि तिमल्सिना, मधु नेपाल, R.D. श्रृंखला
विकास सुवेदी
रू १०००/ छुट
BIKALPA THE OPTION फोन: ०१-४२४१७०९, ०१-२२९०१६८
बागबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी
उत्कृष्टलाई रोजगारीको ग्यारेण्टी

# सरिता ज्ञवाली



तस्बिर : नवराज बाले

## ३ प्रश्न

कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको दुई लोकप्रिय कार्यक्रमकी भिडियो जक्की हुन् सरिता ज्ञवाली। सुरजसिंह ठकुरीसंग सहकार्य गर्दै उनी प्रत्येक साँझ कल कान्तिपुर कार्यक्रममार्फत दर्शकमाझ पुगिरहेकी हुन्छिन्। दर्शकसँग प्रत्यक्ष कुराकानी गर्दै नेपाली गीतका म्युजिक भिडियो बजाउँदा उनलाई असाध्यै रमाइलो लाग्छ। नियमित रुपमा कल कान्तिपुर हेर्ने दर्शकबाट उनले सकारात्मक प्रतिक्रिया पाइरहेकी छिन्। बाटोमा हिंड्दा कल कान्तिपुरकी भिजे भन्दै उनीसँग बोल्न खोज्नेहरु प्रशस्तै हुन्छन्। युवापुस्तामाझ अत्यन्त लोकप्रिय यो कार्यक्रमले आफ्नो समेत उचाइ बढाएको सरिताको तर्क छ। यसबीच विगत दुई महिनादेखि उनी कान्तिपुर टेलिभिजनकै अर्को सांगीतिक कार्यक्रम म्युजिक मेलासमेत सञ्चालन गरिरहेकी छिन्। बिहीबार साँझ ७:३० बजे प्रसारण हुने म्युजिक मेला नेपाली सांगीतिक गतिविधिहरु समावेश गरिने कार्यक्रम हो। यो कार्यक्रमबाट पनि उनले राम्रो प्रशंसा पाइरहेकी छिन्। कान्तिपुर टेलिभिजनमा भिजेका रुपमा सहभागी हुनुअघि उनी अमेरिकामा थिइन्। त्यहाँ उनले आमसञ्चार तथा पत्रकारितामा उच्च शिक्षा हासिल गरेकी हुन्। भिजेको रुपमा लोकप्रिय भैरहेकी सरितालाई *साप्ताहिक*को तीन प्रश्न :

**कल कान्तिपुर र म्युजिक मेलामध्ये एउटा रोज्नुपर्‍यो भने ?**

दुवै कार्यक्रममा म भिडियो जक्कीका रूपमा सहभागी छु, त्यसैले एउटा मात्र रोज्न गाह्रो पर्‍यो, । यद्यपि दर्शक प्रतिक्रियालाई आधार मान्ने हो भने कल कान्तिपुरबाट बढी चिनिएकी छु ।

**लाइभ कार्यक्रम सजिलो कि रेकर्डेड ?**

सजिलो त रेकर्डेड कार्यक्रम नै हुन्छ, तर लाइभ कार्यक्रम रोमाञ्चक हुन्छ ।

**भविष्यमा कुनै नयाँ कार्यक्रम आउँदै हुनुहुन्छ कि ?**

अहिले म यिनै दुई कार्यक्रममा व्यस्त भएकीले तेस्रो कार्यक्रमका बारेमा सोच्न भ्याएकी छैन तर बालबालिकाका लागि एउटा कार्यक्रम चलाउने सोचाइ छ ।

# श्वेता खड्का



## जम्का भेट

स्थापित कलाकार बन्न धेरै चलचित्रमा काम गर्नै पर्दैन भन्ने कुरा प्रमाणित गर्ने कलाकार हुन्- श्वेता खड्का। दुई वर्षअघि प्रदर्शनमा आएको चलचित्र 'कहाँ भेटिएला' मार्फत नायिकाका रुपमा डेब्यु गरेकी श्वेता एउटै चलचित्रबाट स्थापित भइन्। श्रीकृष्ण श्रेष्ठकी नायिकाका रुपमा प्रस्तुत भएर दर्शकको मन जितेकी श्वेताले सोही चलचित्र प्रदर्शन गर्ने क्रममा कोरिया, अस्ट्रेलिया आदि देशको भ्रमण गरिसकेकी छिन्। पहिलो चलचित्र प्रदर्शन भएको दुई वर्षपछि श्वेताले अभिनय गरेको दोस्रो चलचित्र 'हाँसिदेउ एकफेर' गत शुक्रबार प्रदर्शनमा आयो। मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यले मुख्य भूमिका निर्वाह गरेको उक्त चलचित्रमा श्वेताले नायक राजबल्लभ कोइरालाको जोडीका रुपमा अभिनय गरेकी छिन्। पहिलो चलचित्रको सफलतापछि श्वेताले थुप्रै चलचित्रमा अभिनय गर्ने प्रस्ताव पाइन्, तर मह जोडीले अभिनय गर्ने भएकाले 'हाँसिदेऊ एक फेर' मा मात्र अभिनय गरिन्। पहिलो चलचित्रमा सोझी गाउँले युवतीको भूमिकामा प्रस्तुत भएकी श्वेता दोस्रो चलचित्रमा शहरमा हुर्किएकी आधुनिक युवतीका रुपमा प्रस्तुत भएकी छिन्। यसबीच आफ्नो दोस्रो चलचित्र प्रदर्शन हुनुअघि नै श्वेताले तेस्रो चलचित्र 'श्रीमान् श्रीमती' मा समेत अभिनय गर्न भ्याइसकेकी छिन्। लाजिम्पाटस्थित ब्याङ्क्वेट क्लबमा नायिका श्वेतासँग कृष्ण भट्टराईको जम्काभेट :

**दुई वर्षको अन्तरालमा जम्मा तीनवटा मात्र चलचित्रमा अभिनय गर्नुपर्ने कारण ?**

'कहाँ भेटिएला' मा अभिनय गर्दा नै केही चलचित्रबाट प्रस्ताव आएका थिए । पहिलो चलचित्रबाट दर्शकले देखाउने प्रतिक्रियाका आधारमा मात्र आगामी चलचित्रमा काम गर्ने/नगर्ने भन्ने निश्चित गर्नुपर्ने भएकाले यस्तो भएको हो ।

**तपाईंलाई नृत्य गर्न नजान्ने नायिका भनेर आरोप लगाइन्छ नि ?**

पहिलो चलचित्र 'कहाँ भेटिएला' का क्रममा मलाई राम्रोसँग नृत्य गर्न आउँदैनथ्यो । दर्शकहरूले पनि शरीरमा लचक देखिएन भने । त्यसैले 'हाँसिदेऊ एक फेर' का लागि मैले नृत्यको प्रशिक्षण नै लिनुपर्‍यो । प्रशिक्षणपछि उक्त चलचित्रमा प्रशंसा गर्न लायक नृत्य गरेकी छु ।

**'हाँसिदेऊ एक फेर' मा त बिकिनी लगाएर नृत्य गर्नुभएछ नि ?**

बिकिनी नै त भन्न मिल्दैन, खोलामा नृत्य गर्नुपर्ने भएकाले केही छोटा पहिरनचाहिं लगाएकी छु । केही नयाँ दिने योजनाअनुसार नै हल्का एक्पोज गरिएको हो ।

**श्रीकृष्ण श्रेष्ठसँग केमेस्ट्री मिल्ने नायिकालाई राजबल्लभसँग अभिनय गर्दा गाह्रो भएन ?**

श्रीकृष्णसँग केमेस्ट्री मिल्नु संयोग मात्र हो । कलाकार भएपछि एक जना नायकसँग मात्र अभिनय गर्छु भन्ने कुरा आउँदैन । राजबल्लभसँग पनि मलाई दर्शकले मन पराइरहेका छन् ।

**'हाँसिदेऊ एकफेर'मा तपाई कस्तो भूमिकामा हुनुहुन्छ ?**

चुलबुले युवती अनि कलेजकी विद्यार्थीको भूमिकामा छु । चलचित्रमा हरिवंश आचार्यले मेरो मामा ससुराको भूमिका निर्वाह गर्नुभएको छ । मह जोडीसँग काम गर्ने क्रममा सुटिङ सकिएको पनि थाहा भएन ।

## • सानो पर्दा •

### छमछमीमा अतिथि निर्णायक

नृत्यमा आधारित रियालिटी शो छमछमी निर्णायक चरणमा प्रवेश गरेको छ । नेपाल टेलिभिजनबाट प्रत्येक आइतबार राति ८:५० बजे प्रसारण हुने यो मनोरञ्जक कार्यक्रममा अब निर्णायक चरणका दस प्रतियोगी मात्र बाँकी छन् । उनीहरूलाई अब दर्शकहरूले एसएमएस भोटिङमार्फत अघिल्लो चरणसम्म पुर्‍याउने अथवा नपुर्‍याउने निर्णय गर्नेछन् । यसबीच कार्यक्रमलाई थप मनोरञ्जक बनाउन चलचित्र क्षेत्रका कलाकारलाई अतिथि निर्णायक बनाउने क्रम प्रारम्भ भएको छ । जसअन्तर्गत नायिका झरना थापा, नन्दिता केसी, गायक बाबु बोगटी, यस कुमार आदि निर्णायकका रूपमा सहभागी भैसकेका छन् । 'छमछमी' मा नेपालका १४ सहरका ६ हजार प्रतिस्पर्धीबाट १ सय एकजना छानिएका थिए । कलाकार मिथिला शर्मा तथा गायिका विमला राई यो कार्यक्रमका नियमित निर्णायक हुन् ।



### आउँदैछ तीते करेली

हास्यकलाकार तथा गायक प्रकाश ओझा पुनः कान्तिपुर टेलिभिजनमार्फत दर्शकमाझ आउँदैछन् । यसअघि कान्तिपुर टेलिभिजनबाट प्रसारण भैसकेको लोकप्रिय हास्यश्रृंखला 'तीते करेली' मार्फत उनी पुनः दर्शकमाझ आउन लागेका हुन् । 'प्रसारण मिति तय हुन बाँकी छ,' श्रृंखलाका मुख्य कलाकार तथा निर्देशक ओझा भन्छन्– 'हामीले श्रृंखलाको सातवटा भाग छायांकन गरिसकेका छौं ।' श्रृंखलामा कलाकार ओझाका अतिरिक्त यादव देवकोटा 'सरापे', सुरेन्द्र केसी, किरण थापा, सिर्जना महर्जन, कामना सिटौला, अञ्जु थापा, सम्झना श्रेष्ठ, सुजिता थापा आदि कलाकारले मुख्य भूमिका निर्वाह गरिरहेका छन् । केही दिनअघि पाँचखालमा छायांकन गरेर फर्किएको तीते करेली समूह यतिबेला गोदावरीस्थित एउटा स्टुडियोमा व्यस्त छ । मंसिर महिनाको अन्तिम साताादेखि श्रृंखलाको प्रसारण प्रारम्भ हुने निर्देशक ओझा बताउँछन् ।

### गोविन्द अब भिजे

विगत १० वर्षदेखि टेलिभिजन पत्रकारिता गरिरहेका गोविन्द नेपाल पहिलो पटक भिडियो जक्की बनेका छन् । कान्तिपुर टेलिभिजनबाट हरेक मंगलबार साँझ ६:३० बजे प्रसारण भैरहेको सांगीतिक कार्यक्रम 'उकाली ओराली भन्ज्याङ चौतारी' मार्फत उनी भिजे बनेका हुन् । यो कार्यक्रममा नेपालीलगायत विभिन्न समुदायमा प्रचलित लोक तथा दोहोरी गीतका म्युजिक भिडियो प्रसारण गरिन्छ । भिजे नेपाल कान्तिपुर टेलिभिजनकै समाचारमूलक कार्यक्रम 'कान्तिपुर आज' का लागि पनि समाचार सामग्री तयार पार्छन् । यसअघि उनले विभिन्न वृत्तचित्र निर्माण गरिसकेका छन् ।

## • विदेशबाट •

### यानाको पुनरागमन



एकताका निकै चर्चा बटुलेको आइटम नम्बर बाबुजी जरा धिरे चलो.... गीतमा ग्ल्यामरस रूपमा प्रस्तुत भएर बलिउडमा हट आइटम गर्लका रूपमा परिचय बनाएकी याना गुप्ताले त्यसपछि भने खासै चमत्कार देखाउन सकिनन् । ३१ वर्षीया मोडल टर्न अभिनेत्री यानाको चर्चा लामो समयपछि पुनः हुन थालेको छ । यसपटक भने यी आइटम गर्ल सानो पर्दामा आफ्नो ग्ल्यामर र डान्सको जादु देखाउन आउँदैछिन् । सोनी टेलिभिजनमा प्रसारण हुने नृत्य केन्द्रित रियालिटी शो झलक दिखला जाको चौथो सिजनमा दर्शकले याना गुप्ताको सुन्दरता एवं ग्ल्यामर अनुभव गर्न पाउनेछन् ।

● चलचित्र●

# धर्मा




झन्डै दुई दशकपछि नेपाली चलचित्रका दर्शकले मनीषा कोइरालालाई नेपाली चलचित्रमा फेरि एकपटक हेर्न पाउने भएका छन् । आजै देशव्यापी रूपमा सार्वजनिक हुन लागेको चलचित्र 'धर्मा' मा मनीषा केन्द्रीय भूमिकामा छिन् । बलिउडमा चर्चाको शिखरमा पुगेकी यी नेपाली नायिकाले अभिनय गरेको चलचित्रलाई बहुप्रतिक्षित चलचित्रको श्रेणी राखिएको छ । राजेश हमाल, निखिल उप्रेती, अनु शाह, शंकर आचार्य, माधव आचार्य, गजित विष्ट आदि कलाकारले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको यो चलचित्रबाट संयोग पोखरेलले नायकका रूपमा डेब्यु गरेका छन् । दीपेन्द्र के खनालले निर्देशन गरेको यो चलचित्रमा मनीषा र राजेश पति-पत्नीका रूपमा देखा पर्छन् । खलतत्वले उनीहरूलाई सताउन थाले पछि चलचित्रमा द्वन्द्व सुरु हुन्छ ।

श्रीमान्लाई साथ दिँदै पतिव्रता नारीले अन्ततः असत्यमाथि विजय हासिल गर्छिन् । कथा यति मात्र भए पनि चलचित्रको प्रस्तुतिलाई कर्मचारीतन्त्रको भष्टाचारमा केन्द्रित गरिएको छ । त्यसैले यो चलचित्रलाई सेन्सरले दुई पटक हेरेर मात्र सार्वजनिक प्रदर्शनको अनुमति दिएको थियो । डा. दुर्गा पोखरेलले निर्माण गरेको चलचित्र 'धर्मा' मा राजुविक्रम थापाको छायांकन एवं हरि लम्सालको संगीत छ । यो चलचित्रमा सूर्य ठाकुरको द्वन्द्व, उगेश रायमाझीको लेखन तथा रिनेशा राई र कृष्ण अछामीको नृत्य निर्देशन हेर्न-सुन्न पाइन्छ । चलचित्रमा नायिका रेजिना उप्रेतीले एउटा आइटम डान्स गरेकी छिन् ।




आज शुक्रबार सार्वजनिक हुने नेपाली चलचित्र 'दाइको ससुराली' हास्य रसमा आधारित छ । दिनेश डिसीले निर्देशन गरेको यो चलचित्रमा गायक तथा हास्य कलाकार प्रकाश ओझा नायक छन् । चलचित्रमा निखिल उप्रेती, सञ्चिता लुइँटेल, रवि डंगोल 'बेइमान', इशान राउत, उत्तम केसी, विजय देउजा, उमेश खड्का, आशा पौडेल, महादेव त्रिपाठी, सुलेमान शंकर, गोपाल ढकाल, भीमबहादुर थापा आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । सिबि फिल्म्सको ब्यानरमा निर्माण भएको यो चलचित्रका संगीतकार प्रकाश पौडेल हुन् । चिरञ्जिवी बस्नेतको यो चलचित्रमा एनबी महर्जनले द्वन्द्व निर्देशन गरेका छन् भने शान्ता नेपाली चलचित्रकी नृत्य निर्देशक हुन् । सामाजिक विषयलाई मनोरञ्जक ढंगले प्रस्तुत गरिएको यो चलचित्रमा प्रकाश ओझाले सुस्त मनस्थितिका युवकको भूमिका निर्वाह गरेका छन् । चलचित्रमा उनी रवि डंगोलका भाइ बनेका छन् । दाइ रविको ससुरालीमा भाइ प्रकाश पुगेपछि उत्पन्न हुने परिस्थितीलाई चलचित्रमा रोचक ढंगले चित्रण गरिएको छ । चलचित्रमा एकल नारीको पीडालाई पनि चित्रण गरिएको निर्देशक दिनेश डिसी बताउँछन् । यो चलचित्र गत वर्षका दुई वटा एवार्डमा अत्यधिक विधामा मनोनित भएको थियो ।




# बैंड बाजा बारात

सामाजिक तथा ड्रामा श्रेणीमा राखिएको चलचित्र 'बैंड बाजा बारात' यशराज फिल्म्सले निर्माण गरेको हो । मनीष शर्मा चलचित्रका निर्देशक हुन् । चलचित्रमा रणवीर सिंह, अनुष्का शर्मा, मनमीत सिंह आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । सलिम-सुलेमानद्वारा संगीतबद्ध यो चलचित्रका गीत सलिम मर्चेन्ट, सुनिधी चौहान, श्रेया घोषाल, सुखविन्दर सिंह आदिले गाएका छन् । चलचित्रमा नायिका अनुष्का शर्माले श्रुतिको भूमिका निर्वाह गरेकी छिन् । उनी दिल्लीको एउटा मध्यवर्गीय परिवारमा हुर्किएकी युवती हुन् । श्रुति स्नातक तह अन्तिम वर्षकी विद्यार्थी हुन् ।

बिट्टो (रणवीर कपूर) दिल्ली युनिभर्सिटीका अन्तिम वर्षका छात्र हुन् । बिट्टो मोज-मस्तीमा रमाउने युवक हुन् । संयोगबस बिट्टो र श्रुतिको भेट हुन्छ । कम समयमै उनीहरू बिजनेस पार्टनर बन्छन् । उनीहरूले विवाहको योजना बनाउने व्यापार 'वेडिङ प्लानिङ बिजनेस' गर्छन् । व्यापार प्रारम्भ गर्नुअघि उनीहरूले एउटा नियम बनाउँछन्, जस अनुसार जोसँग ब्यापार गरिन्छ, उसँग माया-प्रेम गर्न पाइदैन अर्थात् मित्रताभन्दा अघि बढ्न पाइदैन । दिल्लीमा भव्य वैवाहिक समारोह आयोजना गर्ने क्रममा दुवैको मित्रता तथा ब्यापारमा उतार-चढाव आउँछ । दुवैले एक-अर्कालाई नजिकबाट चिन्ने अवसर पाउँछन् र आफैंले बनाएको नियम उल्लंघन गर्छन् ।

# नो प्रोब्लम



आज शुक्रबार प्रदर्शन प्रारम्भ हुने हिन्दी चलचित्र 'नो प्रोब्लम' हास्य रसमा आधारित छ । अनिल कपूरले निर्माण गरेको यो चलचित्रको निर्देशन अनीश बाज्मीले गरेका हुन् । चलचित्रमा अनिल कपूर, सञ्जय दत्त, अक्षय खन्ना, सुनिल सेट्टी, कंगना रानावत, नीतु चन्द्रा, सुष्मिता सेन, परेश रावल, शक्ति कपूर, मुकेश तिवारी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । साजिद-वाजिदद्वारा संगीतवद्ध यो चलचित्रका गीत वाजिद, सुनिधि चौहान, आनन्द राज आनन्द, सुजान डिमेलो, कमाल खान आदि गायक-गायिकाले गाएका छन् । चलचित्रको कथा यश (सञ्जय दत्त) तथा राज ( अक्षय खन्ना) को वरिपरि घुमेको छ, जो स-साना चोर हुन् । एउटा गाउँमा उनीहरूले झन्डुलाल (परेश रावल) नामक बैंक म्यानेजरको बैंक लुटेर भाग्छन् । झन्डुलाल चोरलाई समात्न निस्कन्छन् । इन्सपेक्टर अर्जुन सिंह (अनिल कपूर) त्यस्तो प्रहरी अधिकृतको भूमिकामा प्रस्तुत भएका छन् जसलाई हरेक अपराधीले मन पराउँछन् । किनभने उनी प्रायः अपराधीलाई समात्न असफल हुन्छन् । चलचित्रमा सुनिल सेट्टीले खलनायकको भूमिका निर्वाह गरेका छन् । बैंक लुट्ने दुई चोर हीरा चोर्ने क्रममा समस्यामा पर्छन् । त्यो समस्याबाट उम्कन उनीहरूले गरेको प्रयासलाई चलचित्रमा मनोरन्जक शैलीमा प्रस्तुत गरिएको छ ।

# प्रारम्भ भयो किम्फ

**साप्ताहिक समाचार**

आठौं संस्करणको काठमाडौं इन्टरनेसनल माउन्टेन फिल्म फेस्टिभल (किम्फ) बिहीबार प्रारम्भ भएको छ । विश्व पर्वत दिवसका अवसरमा हिमाल एशोसिएसनले महोत्सव आयोजना गरेको हो । महोत्सव उद्घाटनका क्रममा राष्ट्रिय सभागृहमा नेपाल र इटालीका दुई चलचित्र प्रदर्शन गरिए । ५२ मिनेटको 'द स्मल किङडम अफ लो' तथा ७५ मिनेट लामो 'विरामी शहर' प्रदर्शन गरिएको हो । आज बिहीबार राष्ट्रिय सभागृह र नेपाल टुरिज्म बोर्डमा विभिन्न देशका एक दर्जनभन्दा बढी फिल्म प्रदर्शन हुँदैछन् । ३ देखि ८२ मिनेट अवधिका माइग्रेट टु हिमालय, द वेस्ट इन द इस्ट, द ब्रोकन मुन, ग्रान्डमा ग्रासहोपर जस्ता चलचित्र आज प्रदर्शन गरिनेछन् । यसपालिको महोत्सवमा 'पर्यावरणीय विविधता र बसाइँ-सराइलाई' मुख्य आधार बनाइएको कार्यक्रम निर्देशक रम्यता लिम्बूले बताइन् ।

महोत्सवमा यसपालि ६२ वटा चलचित्र समावेश छन्, जसमध्ये नेपालका सातवटा चलचित्र छन् । मुरारी केर निर्देशित 'विरामी शहर', जगन घिमिरे तथा राजेन्द्र कुँवरले निर्देशन गरेको 'कुन्छा', मनोज पण्डित निर्देशित 'स्ट्रगल विथिन', शवनम मुखिया निर्देशित 'डरका आँसुहरू', मोहन मैनाली निर्देशित 'पुनेको पाइन्ट', दिपक रौनियर निर्देशित 'पूजा' र केसाङ छेतेन निर्देशित 'सेभिङ डोल्मा' महोत्सवमा प्रदर्शन गरिने छ, जसमध्ये सेभिङ डोल्मा अन्तर्राष्ट्रिय प्रतियोगितामा भिड्नेछ ।

महोत्सवका लागि ६२ देशका ३ सय ६२ फिल्म दर्ता भएका थिए । त्यसमध्ये ६२ फिल्म छनौटमा परे । महोत्सवमा नेपालसहित भारत, इटाली, ब्राजिल, डेनमार्क, जर्मनी, टर्की, रूस, अस्ट्रेलिया, अमेरिका, नर्वे, साउथ कोरिया, क्यानाडजस्ता मुलुकका फिल्महरू प्रदर्शन गरिनेछन् । महोत्सवमा सहभागी चलचित्रमध्येबाट 'अन्तर्राष्ट्रिय प्रतियोगिता र नेपाल पानारोमा' दुई भिन्न विधामा प्रतिस्पर्धासमेत गराइनेछ । 'नेपाल पानारोमाअन्तर्गत नेपालमै बनेका फिल्मबाट एउटा उत्कृष्ट छनौट हुनेछन्,' कार्यक्रम निर्देशक लिम्बूले भनिन् । बेलायती लेखक तथा आरोही टेरी गिफ्फोर्ड, चीनका चलचित्र निर्माता लि वेन्मिङ एवं नर्वेमा बस्ने बेलायती आरोही डेभिड डार्कन सम्मिलित तीन सदस्यीय निर्णयक टोलीले उत्कृष्ट चलचित्रको छिनोफानो गर्नेछन् । महोत्सवका क्रममा प्रदर्शन गरिएका चलचित्रलाई दर्शकहरूले दिएको मतका आधारमा 'अडियन्स एवार्ड' पनि प्रदान गरिनेछ ।

## एक साथ देखिए

# पारस र हिमानी



**साप्ताहिक समाचार**

काठमाडौं- पूर्वयुवराज पारस तथा युवराज्ञी हिमानी शाह पछिल्लो समयमा सञ्चारमाध्यममा छाइरहने अनुहार हुन् । सामाजिक कार्यमा सहभागी हिमानी तथा राजनैतिक कार्यक्रममा रुचि राख्ने पारस प्रायः एक्ला-एक्लै रुपमा कार्यक्रममा सहभागि भैरहेका हुन्छन् ।

गत आइतवार उनीहरू एउटै कार्यक्रममा सँग-सँगै उपस्थित भए । अवसर थियो स्वरसम्राट स्व.नारायण गोपालको २० औं वार्षिक स्मृति दिवसका अवसरमा आयोजित श्रद्धाञ्जलि तथा सांगीतिक कार्यक्रम । स्वर सम्राटको सम्झना गर्दै गत आइतबार राजधानी तथा मोफलसमा थुप्रै सांगीतिक कार्यक्रम सम्पन्न भए । तीमध्ये राजधानीको नारायण गोपाल चोक, महाराजगन्जमा आयोजित कार्यक्रमको आकर्षण भव्य रह्यो । कारण थियो, पूर्वयुवराज-युवराज्ञीको सहभागिता । पारस दम्पत्ती कार्यक्रममा दर्शकका रूपमा सहभागी भए पनि सञ्चारकर्मीहरूले उनीहरूसँग गीत-संगीतका बारेमा जिज्ञासा राख्न भ्याए ।



पारसले पनि मुस्कुराउँदै भने- 'मलाई गीत-संगीत असाध्यै मनपर्छ । म नारायण गोपालका गीतहरू प्रायः सुनिरहन्छु ।' कार्यक्रममा नारायणगोपालद्वारा संगीत तथा स्वरबद्ध १८ वटा कालजयी गीत विभिन्न गायक-गायिकाले प्रस्तुत गरेका थिए । कार्यक्रममा रक सितार ब्याण्डले पनि वाद्ययन्त्रमार्फत सांगीतिक धुन प्रस्तुत गरेको थियो । प्रकाश तिम्सिना, सजल न्यौपाने, डेनी निरौला, जुनु चाम्लिङ राई, आभा मुकारुङ, राधा राई, शिशिर योगी, मदन गोपाल आदि गायक-गायिकाले नारायण गोपालका कालजयी गीत गाएर उक्त कार्यक्रमलाई संगीतमय बनाएका थिए ।

साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : राजकुमार घमला





# सुहानी गिरी





## सलोमी सिंह



## ● साताको स्वर ●

**'हिंडे म आज कहाँ...' कस्तो शैलीको गीत हो ?**

यो मेरो पहिलो गीतिसंग्रह 'अन द वे' मा समावेश भएको सुफी गायनमा आधारित गीत हो । चलनचल्तीका नेपाली गीतभन्दा केही पृथक् भएकाले श्रोताहरूले मन पराइरहेका छन् ।

**गीतमा कस्ता भावना समेटिएका छन् ?**

रोमान्टिक शैलीको गीत भएकाले यसमा माया-प्रेमका कुरा गरिएका छन् ।

**श्रोताले गीतको कुन पक्ष मन पराएका छन् ?**

विकास तामाङको संगीत तथा रमेश अधिकारीको शब्द मात्र होइन, श्रोताले मेरो गायन शैली पनि मन पराएका छन् ।

**कस्ता श्रोताले यो गीत मन पराएका छन् ?**

प्रायः सबै उमेरका स्रोताले यो गीत मन पराएका छन् । खासगरी टिनएजरले बढी रुचाएका छन् ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**

गायक बादल प्रसाईंले निर्देशन गरेको यो गीतको भिडियोले पनि राम्रै प्रतिक्रिया पाएको छ । गीतमा समेटिएका भावनालाई भिडियोमा उतारिएको छ । गीत तथा भिडियोले मलाई निराश बनाएको छैन ।

## ● म्युजिक अपडेट ●

### चलचित्रमा विपिन किरण

'नबिर्से तिमीलाई...' गीतका गीतकार विपिन किरण आधुनिक तथा गजल विधाका गीत रचना गर्दै चलचित्र क्षेत्रमा प्रवेश गरेका छन् । अलमोष्ट, पछ्यौरी, किरण तथा किरण-२ जस्ता गीति संग्रहका यी गीतकारले पहिलो पटक चलचित्र 'मिस्टर मंगले' का लागि गीत रचना गरेका थिए । मिस्टर मंगलेमा उनले रचना गरेका गीत लोकप्रिय भएपछि यति बेला उनी चलचित्रमा व्यस्त छन् । चलचित्र 'आफ्नो मान्छे आफ्नै हुन्छ' का समेत गीतकार किरणले पछिल्लो समयमा मनले मनलाई छुन्छ, पर्खि राख है, माई लाइफ आदि चलचित्रका गीत रचना गरिसकेका छन् ।

### जीवनको अनुभूतिको विमोचन

गीतकार जीवन हाताचोद्वारा रचना गरिएका आधुनिक गीतहरूको संग्रह 'जीवनको अनुभूति' को गत शनिबार राजधानीमा आयोजित एक समारोहमा विमोचन गरिएको छ । सञ्चारकर्मीहरू मात्र सम्मिलित एउटा अनौपचारिक समारोहमा गीतकार हाताचो आफैंले उक्त संग्रह विमोचन गरेका हुन् । विमोचित संग्रहमा नौवटा गीत समावेश छन् । संग्रहका गीतमा राजेशपायल राई, इन्दिरा जोशी, शिव परियार, उदय-मनिला सोताङ, जगदीश समाल आदि गायक-गायिकाले गाएका छन् । समारोहमा संग्रहको 'दिल किन जोड्यौ' गीतको म्युजिक भिडियो पनि प्रदर्शन गरिएको थियो ।

### हुलाक टिकटमा संगीतकार

संगीतकार स्व. नातिकाजीको तस्बिर अंकित हुलाक टिकट सार्वजनिक भएको छ । अघिल्लो बुधबार राजधानीमा आयोजित एक समारोहमा नातिकाजी अंकित हुलाक टिकटमा टाँचा लगाइएको हो । यसअघि स्व. नारायण गोपाल, स्व. तारादेवीजस्ता गायक-गायिका हुलाक टिकटमा अंकित भए पनि सरकारले संगीतकारलाई हुलाक टिकटमा स्थान दिएको यो पहिलो अवसर हो । नातिकाजी स्मृति समाज तथा संगीतकार संघका अध्यक्ष शम्भुजित बाँस्कोटाको पहलमा नातिकाजीको टिकट तयार पारिएको हो ।

### कीर्तिपुरमा सांस्कृतिक कार्यक्रम

कला निर्देशक स्व. गोपाल भुटानीको सम्झना गर्दै कीर्तिपुरमा एउटा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । गत शनिबार कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अडिटोरियम हलमा आयोजित कार्यक्रममा धीरज राई, सूर्य रुम्बा, कला राई, सञ्जय चौधरी, रवि आरएस आदि गायक-गायिकाले आफ्ना लोकप्रिय गीत प्रस्तुत गरे । नवज्योती कला केन्द्र तथा अमर कला केन्द्रले संयुक्त रूपमा आयोजना गरेको उक्त कार्यक्रममा रमाइला नृत्यसमेत प्रदर्शन गरिएको थियो ।

### कुमार कान्छालाई सहयोग

मुम्बईमा उपचारत गायक कुमार काञ्छालाई नगद १ लाख रुपैयाँ सहयोग प्रदान गरिएको छ । गायक राजेशपायल राईको पहलमा ब्रुनाईबाट संकलन गरिएको १ लाख रुपैयाँ गायक राईको हात परेको छ । ब्रुनाईमा बसेर म्युजिक भिडियो निर्देशन गर्दै आएका मिलन चाम्सले राजेशपायल राईको आग्रहअनुसार ब्रुनाइमा रहेका नेपालीबाट उक्त रकम संकलन गरेका हुन् । उक्त रकम अघिल्लो बुधबार राजधानीमा आयोजित एक समारोहमा गायक राईलाई हस्तान्तरण गरिएको छ । कुमार काञ्छा लामो समयदेखि मुम्बईमा उपचाररत छन् ।

### पाँच भिडियोको प्रिमियर

निर्देशक मिलन चाम्सद्वारा निर्देशित पाँचवटा म्युजिक भिडियोको प्रिमियर एकसाथ भएको छ । चलचित्र निर्देशक तुलसी घिमिरेले प्रोजेक्टरको प्ले बटन थिचेर ती भिडियोको प्रिमियर गरेका थिए । कार्यक्रममा राजेशपायलको अचम्म भो, मौसमी गुरुङको शीतल-शीतल, विकास राईको सम्हाल, दीपक लिम्बूको रातै रगत तथा जगदीश समाल र रजिना रिमालको सयौं जुनी...गीतका म्युजिक भिडियोको प्रिमियर भएको थियो । प्रदर्शित पाँचैवटा भिडियोको छायांकन तथा सम्पादन मिलनले नै गरेका हुन् । ती भिडियोमा धिरेन शाक्य, सुशील क्षेत्री, सम्झना बुढाथोकी आदिले अभिनय गरेका छन् । ती भिडियो मुस्ताङदेखि ब्रुनाईसम्मका लोकेसनमा छायांकन गरिएका छन् ।

### खिम्तीमा सांगीतिक कार्यक्रम

खिम्ती जलविद्युत् परियोजनाको दसौं वार्षिकोत्सवको अवसर पारेर आयोजित सांस्कृतिक कार्यक्रममा राजधानीबाट गएका कलाकारको एक समूहले सांस्कृतिक कार्यक्रम प्रदर्शन गरेको छ । गत शनिबार सम्पन्न कार्यक्रममा गायक निमा रुम्बा, प्रमोद खरेल, बद्री पंगेनी, गायिका कुन्ति मोक्तान, नलिना चित्रकार, निशा सुनार आदिले गीत-संगीत प्रस्तुत गरेका थिए । कार्यक्रममा दीपकराज गिरी तथा दीपाश्री निरौलाले प्रहसनमार्फत दर्शकहरूलाई हँसाएका थिए । कार्यक्रममा सांगीतिक समूह भिक्ट्रीले लाइभ म्युजिक प्रस्तुत गरेको थियो । उक्त अवसरमा सम्झना बुढाथोकीको आकर्षक नृत्यले सबैलाई मनोरञ्जन प्रदान गऱ्यो ।

### गायिकाको सहयोग

गायिका मल्लिका कार्कीले स्याङ्जा जिल्लामा निर्माणाधीन एउटा वृद्धाश्रमका लागि आर्थिक सहयोग गरेकी छिन् । केही साताअघि कतारमा आयोजित सांगीतिक कार्यक्रमका क्रममा उनले वृद्धाश्रमका लागि ५ सय रियाल सहयोग गरेकी हुन् । स्याङ्जा समाजले वृद्धाश्रम निर्माणमा सहयोग राशि संकलन गर्ने उद्देश्यले कतारमा आयोजित गरेको एक कार्यक्रममा गायिका कार्की पनि सहभागी थिइन् । सोही कार्यक्रममा गीत गाइसकेपछि गायिका कार्कीले उक्त रकम कार्यक्रमका आयोजकहरूलाई हस्तान्तरण गरेकी हुन् ।

### अनुरागको दोस्रो संग्रह

अनुराग संगीत विद्यालयको अनुराग म्युजिकले दोस्रो गीतिसंग्रह 'तिमीसँग' सार्वजनिक गरेको छ । गायक जगत संसारले गाएका गीतहरूको यो संग्रहमा राम सिटौला, अर्जुन पोखरेल, राजु सिंह तथा गायक संसारद्वारा संगीतबद्ध गीतहरू समावेश छन् ।

### फाटेको मनको विमोचन

गायक शिव परियारद्वारा संगीतबद्ध आधुनिक गीत-गजल संग्रह फाटेका मनको गत सोमबार राजधानीमा आयोजित एक समारोहमा विमोचन सम्पन्न भएको छ । म्युजिक नेपालको सभाकक्षमा आयोजित समारोहमा संगीतकर्मी रामशरण दर्नालले उक्त संग्रह विमोचन गरेका हुन् । संग्रहका गीतमा शिव परियार, धर्मेन्द्र सेवान, रजिना रिमाल तथा स्वरुपराज आचार्यको स्वर सुन्न सकिन्छ । अमेरिकामा बसोबास गरिरहेका गीतकार मणिराज बस्नेतले संग्रहका गीतहरु रचना गरेका छन् ।

## ● अफ द बिट ●



**'नक्षत्र' बाट एवार्ड जित्छु कि ? :** आफ्नो पछिल्लो गीति संग्रह 'नक्षत्र' हिट्स एफएम म्युजिक एवार्डमा सर्वाधिक विधामा मनोनीत भएपछि दंग परेका गायक नविन के भट्टराई ।

## ● विदेशबाट ●

# रिहानाको घोषणा



पप गायिका रिहानाले सार्वजनिक स्थलमा नरुने घोषणा गरेकी छिन् । 'म मेरा प्रशंसकहरूका अगाडि कहिल्यै रुन्न, एउटा अनलाईन पत्रिकालाई अन्तर्वार्ता दिंदै रिहानाले भनिन्– 'म अब आफ्नो व्यक्तित्वको सबैभन्दा कमजोर पक्षलाई सार्वजनिक गर्न चाहन्नँ ।' सन् २००९ मा पूर्वप्रेमी क्रिस ब्राउनसँग अलग भएकी रिहानालाई कडा स्वभाव भएकी गायिकाका रुपमा चिनिन्छ । 'दर्शकले मेरो कडा रूप मात्र देखेका छन्,' रिहाना भन्छिन्– 'वास्तवमा म पनि एउटी महिला हुँ, महिलाको हृदय कमलो हुन्छ ।' सार्वजनिक स्थलमा सबैसँग रूखो व्यवहार गर्ने भए पनि वास्तविकता त्यस्तो नभएको उनले स्पष्ट पारेकी छिन् । 'म कोमल हृदय भएकी गायिका हुँ, तर जति नै कोमल हृदयकी भए पनि आम दर्शकका अगाडि म कहिल्यै रुन्नँ ।'

## ● ब्याण्ड ●

# किच: ब्यान्ड

राजधानीका न्युरोड तथा सानेपामा बसोबास गर्ने चार जना संगीतकर्मीको सांगीतिक समूह हो, किचः ब्यान्ड । करिब दस वर्षअघि नै स्थापना भएको यो समूह निरन्तर संगीत सिर्जनामा व्यस्त छ । समूहमा रमेश प्रजापति बेस गिटारिस्टका रूपमा सक्रिय छन् भने सुजन तन्डुकार लिड गिटारिस्ट हुन् । विजेन डंगोल समूहका एक मात्र गायक हुन् भने सञ्जय शाही ड्रमर हुन् । राजधानीमा दर्जनौं लाइभ कन्सर्टमा दिइसकेको यो समूहले रक तथा स्लो रक शैलीका गीत-संगीत सिर्जना गरिरहेको छ । समूहका संगीतकर्मीहरू विगत लामो समयदेखि प्रत्येक शुक्रबार साँझ ललितपुरस्थित एब्स्यूटुल बारमा लाइभ कन्सर्ट प्रस्तुत गरिरहेका छन् । आफ्नो समूह स्थापना भएको दस वर्ष पूरा भएको अवसर पारेर समूहले पहिलो गीतिसंग्रह 'डिकेड' आज शुक्रबार साँझ सार्वजनिक गर्दैछ । एब्स्यूटुल बारमा एउटा सांगीतिक कार्यक्रम आयोजना गर्दै गीतिसंग्रह सार्वजनिक गर्ने तयारीमा जुटेको यो समूहले राजधानीबाहिर पोखरा, नारायणघाट, बुटवल, धरान आदि सहरमा समेत कन्सर्ट दिइसकेको छ । समुहले 'टाढा टाढा' गीतको म्युजिक भिडियो पनि तयार पारेको छ । 'हामी प्रायः कन्सर्टमा नै व्यस्त भएकाले पहिलो गीतिसंग्रह तयार पार्न दस वर्ष लाग्यो,' समूहका बेस गिटारिस्ट रमेश भन्छन्– 'पहिलो संग्रहबाट श्रोताको प्रतिक्रिया पाएपछि मात्र दोस्रो संग्रहको तयारी थाल्नेछौं ।'





मोटी मोडल : सधैं पातली महिलालाई मात्र लक्षित गरेर फेसन शो भएपछि मोटी महिलाहरूको फेसन चाहना अधुरो हुँदै आएको थियो । सिंगापुरको एक फेसन हाउसले मोटी महिलाहरूलाई लक्षित गरेर नयाँ डिजाइनका पहिरनहरू मोटी मोडललाई नै प्रयोग गरेर प्रदर्शन गर्‍यो ।

## पहिलो विश्व



# पाका दम्पतीलाई यौन शिक्षा

पारपाचुकेको संख्या घटाउन मलेसियाको उत्तरी भेगमा अवस्थित टेरेनगानु राज्यमा पाका दम्पतीहरूलाई यौन शिक्षा दिन थालिएको छ । यो शिक्षाअन्तर्गत उनीहरूलाई यौन आचरणको शिक्षा प्रदान गरिनुका साथै निःशुल्क हनिमुनको व्यवस्थासमेत गरिएको छ ।

एक साताको यो यौन कक्षाको मुख्य उद्देश्य उनीहरूमा यौनचाहना जगाउनु हो । अधिकांश पाका दम्पती अलग सुत्छन्, जसका कारण उनीहरूबीच शारीरिक सम्बन्ध कायम नहुँदा उनीहरूको अन्य सम्बन्ध पनि बिग्रँदै जान्छ । यही कारणले उनीहरू पारपाचुके गर्ने अवस्थामा समेत पुग्ने गरेका छन् । राज्यको परिवार विकास संघका प्रमुख मोहम्मद सफरुद्धिनका अनुसार यो शिक्षाअन्तर्गत दम्पतीहरूलाई यौनचाहना बढाउने उपाय मात्र सिकाइँदैन, उनीहरूका समस्या बुझेर औषधीसमेत उपलब्ध गराइन्छ ।

मलेसिया मुस्लिम राष्ट्र भएका कारण यौन शिक्षा लागू गर्न कठिन छ, तर पछिल्लो पटक पारपाचुके गर्ने अवस्थामा पुगेका १० जोडी दम्पतीलाई यौन परामर्श दिएपछि सात जोडी नयाँ विवाहित जोडीका रूपमा घर फर्किएका थिए ।

गत वर्ष यही संस्थाले नयाँ विवाहित जोडीहरूलाई पनि विवाहपछिको यौनसम्बन्धले पार्ने प्रभावका विषयमा परामर्श कक्षा सञ्चालन गरेको थियो । उक्त कक्षामा उनीहरूलाई कामोत्तेजना बढाउने सुगन्ध, पहिरन, सँगै निर्वस्त्र स्नान गर्नेजस्ता कुरा सिकाइएको थियो । अहिले राज्य सरकारले स्थानीय सौन्दर्य प्रसाधन विक्रेताहरूलाई जोडीहरूले प्रयोग गर्ने सुगन्धको बिक्री बढाउन अनुरोध गरेको छ । शरीरबाट दुर्गन्ध आएकै कारण पनि कतिपय दम्पतीको सम्बन्ध बिग्रिएको पाइन्छ ।

अहिले परामर्शमा आउने पाका दम्पतीहरूलाई दुई रात तीन दिनको निःशुल्क हनिमुन प्याकेजको व्यवस्था मिलाइएको छ । समुद्री तट र द्वीपमा मनाइने दोस्रो हनिमुनको प्याकेजमा पनि उनीहरूलाई यौन परामर्श प्रदान गरिन्छ ।

# बहराइनमा दोस्रो सेक्स सप



मुस्लिम बाहुल्य बहराइनको मानामामा सेक्स सपको दोस्रो शाखा सञ्चालनमा आउने भएको छ । सन् २००८ मा पहिलो पटक सेक्स सप खोलेकी खादिजा अहमदले बढ्दो मागका कारण दोस्रो शाखा खोल्न लागेको बताइन् । ३२ वर्षीया तीन सन्तानकी आमा खादिजाले मुस्लिम राष्ट्रमा सेक्स सप खोल्नु र त्यसका शाखा बढाउनुलाई चुनौतीपूर्ण कार्य मानिएको छ । एकातर्फ उनका कामको प्रशंसा हुँदै अन्य देशहरूले पनि खादिजा फेसन हाउस अन्तर्गत सेक्स सप खोल्ने चाहना व्यक्त गरिरहेका छन् । अहिले खादिजाले कतारको राजधानी दोहामा सेक्स सप खोल्ने योजना बनाएकी छिन् भने लेबनान र दुबईका लगानीकर्ताहरूले प्रस्ताव राखेका छन् ।

आफ्ना कतिपय ग्राहक मुस्लिम भएका कारण अरब मुलुकतिर दम्पतीहरूको यौन आचरणमा परिवर्तन आएको र त्यसले उनीहरूको सम्बन्धलाई अझ गाढा बनाएको खादिजा बताउँछिन् । उनी पनि दम्पतीहरूको सम्बन्ध यौनसाधनले प्रगाढ बनाएकोमा खुसी छिन् । अहिले उनको सेक्स सपमा महिलाको भित्री पोसाकदेखि चिल्लो पदार्थका समेत गरी १ हजार ८ सय किसिमका यौन प्रसाधन पाइन्छन् । उनको पसलका लागि अहिले मासिक रूपमा २० देखि ३० वटा पानीजहाजका कन्टेनरमा यौन प्रसाधन आउँछन् ।

यौनसामग्रीको कारोबार राम्रो भए पनि खादिजाले भन्सार अधिकारीहरूबाट बेलाबेलामा दुःख पाउने गरेकी छिन् । आफूले सबै सामग्री वैधानिक रूपमा अमेरिकाबाट मगाए पनि भंसार अधिकारीहरूले दुःख दिने नियतले पक्राउ गरेर महिला यौनकर्मीहरूसँगै थुनेको कुरा खादिजाले गल्फ डेली न्यूजलाई बताएकी छिन् ।



# पुरानो कन्डमको लिलाम

धेरै मानिसलाई लाग्न सक्छ, कन्डमको इतिहास लामो छैन, तर कन्डमको इतिहास हामीले सोचेभन्दा निकै पुरानो छ । प्राचीन इजिप्टमा पनि कन्डमको प्रयोग हुने गरेको प्रमाण फेला परेको छ । हालै अस्ट्रियाको एक लिलामगृहले १ सय १० वर्ष पुरानो कन्डम लिलाम गरेको छ ।

माछाको ब्लाडरबाट निर्माण भएको उक्त कन्डम अहिलेको जस्तो एक पटकलाई मात्र प्रयोग गर्न मिल्ने किसिमले बनाइएको थिएन । एउटा कन्डम न्यूनतम १० पटकसम्म प्रयोग गर्न सकिन्थ्यो । बक्समा लेभलसहित आउने उक्त कन्डमको लिलाम मूल्य ३ सयदेखि ५ सय युरो तोकिएको थियो । लिलाम बढाबढ हुँदा एक प्याकेट कन्डम १ लाख ९० हजार रुपैयाँमा बिक्री भयो । लिलाममा बिक्री भएको कन्डम कति पटक प्रयोग भएको थियो भन्ने कुरालाई क्रसचिह्न लगाएरसमेत देखाइएको थियो ।



# र्‍याम्बोको अश्लील चलचित्र

सिल्भेष्टर स्टेलोनको छबि एक्सन हिरोका रूपमा छ । अझ चलचित्र र्‍याम्बोको सफलताले उनलाई एक्सन हिरोको नयाँ उचाइमा समेत पुर्‍यायो । हलिउडमा संघर्ष गर्ने क्रममा कुनै चलचित्रमा अभिनय गर्न नपाएपछि उनलाई एक कामोत्तेजक चलचित्रबाट काम गर्ने प्रस्ताव आएको थियो । पहिल्यै निर्माण भएको 'द पार्टी एट् किट्टी एन्ड स्टुड' को कथासँग मेल खाने 'इटालियन स्टालियन' मा स्टेलोनले अभिनय गरेका थिए । ब्रासटोन डिस्टिब्युटरले ३५ मिलिमिटर फरम्याटमा निर्माण गरेको उक्त चलचित्रको नेगेटिभलाई इबेमा लिलामका लागि बिक्रीमा राख्दा ४ लाख १२ हजार १ सय डलर प्राप्त भएको छ ।

सन् १९७० मा निर्माण भएको उक्त चलचित्रलाई ब्रासटोनले सन् २००९ मै एमजीएम कम्पनीलाई बिक्री गर्न खोजेको थियो । त्यो बेला चलचित्रको नेगेटिभ नपाएका कारण बिक्री हुन सकेको थिएन । सन् १९७६ मा पहिलो पटक प्रदर्शन भएको 'इटालियन स्टालियन' लाई सन् २००७ मा पुनः प्रदर्शन गरिएको थियो । स्टेलोन पैसाका लागि जे गर्न पनि तयार भएको अवस्थामा उनलाई अनुबन्ध गरिएको थियो । स्टेलोनले त्यो बेला प्लेब्वाइ म्यागजिनलाई अन्तवार्ता दिँदै भनेका थिए, 'मैले यो चलचित्रमा दुई दिन काम गरेर २ सय डलर कमाएँ, तर पछि चलचित्र रक्की हिट भएपछि उक्त चलचित्रको सर्वाधिकार लिन १ लाख डलरको प्रस्ताव आएको थियो ।'

# प्लेब्वाइ हार्ड डिस्क एडिसनमा

सन् १९५३ देखि नियमित प्रकाशित हुदै आएको प्लेब्वाइका सबै अंक हेर्ने कमै होलान् ? मार्लिन मुनरोलाई आवरण प्रकाशित गर्दै प्रारम्भ भएको प्ले ब्वाई म्यागजिनले विश्वव्यापी रूपमा वयस्क म्यागजिनको दर्जा पाएपछि यसका पारखिहरू अझ बढिरहेका छन् । प्लेब्वाइका पछिल्ला प्रशंसकहरूले यसका सबै अंक हेर्न नपाएको परिप्रेक्ष्यमा यसका संस्थापक ह्युग हेफनरले सबै अंकलाई हार्ड डिस्कमा राखेर बजारमा ल्याएका छन् । विगत ५६ बर्ष देखि प्रकाशित हुँदै आएको प्लेब्वाइका ६ सय ५० अंक प्रकाशित भएका छन् । ती अंकका १ लाखभन्दा बढी पाना छन् । २ सय ५० जिबीको उक्त ड्राइभको मूल्य ३ सय अमेरिकी डलर छ ।




## अन्त्यमा...



मानिसको प्रेम र यौनजीवन उमेरको वृद्धिसँगै नीरस हुँदै जान्छ । एसोशिएट्स प्रेस तथा लाइफ जियो स्ट्रङले पछिल्लो पटक गरेको सर्वेक्षणमा उक्त तथ्य देखा परेको हो । १ हजार ५ सय व्यक्तिमा गरिएको सर्वेक्षणमा ४५ देखि ६५ वर्षका दम्पतीमध्ये २४ प्रतिशत दम्पतीले आफ्नो वैवाहिक जीवन नीरस रहेको बताए भने ७ प्रतिशतले मात्र अझ उत्साहजन भएको जानकारी दिए । ३० देखि ४४ वर्षका दम्पतीहरूमा भने केवल २० प्रतिशतले आफ्नो यौनजीवन नीरस रहेको बताएका थिए । यौनमार्फत दाम्पत्य जीवन सुखद रहनेहरूमा १८ देखि २९ वर्षका दम्पती देखिए, जसमा केवल १२ प्रतिशतले मात्र आफ्नो वैवाहिक यौन जीवन नीरस रहेको बताए ।

यौनजीवन नीरस हुनुको मुख्य कारणमा दम्पतीहरूबीच कुराकानी कम हुनुलाई पनि मानिएको छ । ४५ देखि ६५ वर्षका पुरुषहरू यौनसम्पर्कलाई स्वास्थ्यसँग जोड्नुपर्ने मान्यता राख्छन् भने सोही उमेर समूहका महिलाहरू यौन मात्र सबै कुरा होइन भन्छन् ।

# हिट्स म्युजिक एवार्डको मनोनयन



**साप्ताहिक समाचार**

काठमाडौं– हिट्स एफएमले १४ औं म्युजिक एवार्ड-२०६७ घोषणा गरेको छ। गत आइतबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमार्फत एफएमले विभिन्न १९ विधामा मनोनीत हुने संगीतकर्मीको सूची सार्वजनिक गरेको हो।

यसपटकको एवार्डमा राजेशपायल राई, नविन के भट्टराई, कुन्ती मोक्तान, हेमन्त राना, शिव परियार, अञ्जु पन्त, सपनाश्रीजस्ता गायक-गायिका सर्वाधिक विधामा मनोनीत भएका छन्। एवार्डमा दर्शन नमस्ते, म हुँ की हैन, हल्ला चलेछ, हुन्छ गाह्रो, मलाई माफ गर, हल्ला नगर जस्ता गीतको वर्चस्व छ।

पुराना गायक दीप श्रेष्ठदेखि युवा गायक शिव परियारसमेत एउटै विधामा मनोनीत भएकाले सर्वोत्कृष्ट गायकको विधामा कडा प्रतिस्पर्धा हुने पक्का छ। लाइफ टाइम एचिभमेन्ट एवार्डबाहेक अन्य १९ विधाका लागि कडा प्रतिस्पर्धा हुन लागेको हो। संगीत विधामा अथक योगदान पुऱ्याउने एक जना संगीतकर्मीलाई लाइफ टाइम एचिभमेन्ट एवार्डबाट सम्मानित गरिनेछ। यो एवार्ड प्राप्त गर्ने संगीतकर्मीको नाम समारोहकै दिन सार्वजनिक हुनेछ। उक्त अवसरमा गीतकार गोविन्द कटुवाललाई भने श्रद्धासुमन अर्पण गरिनेछ।

यो एवार्डका लागि यसपटक २०६६ साल वैशाख १ गतेदेखि सोही वर्षको चैत मसान्तसम्म हिट्स एफएममा दर्ता भएका गीत तथा गीतिसंग्रह प्रतियोगितामा सहभागी छन्। अनलाइन भोट तथा श्रोताको रोजाइलाई आधार मान्दै मनोनयन सूची तयार पारिएको आयोजकहरूले बताएका छन्। २०५४ सालमा सातवटा विधाबाट प्रारम्भ भएको संगीतको यो पर्व १४ औं संस्करणसम्म आइपुगेको हो।

एवार्डअन्तर्गत सर्वोत्कृष्ट नयाँ कलाकारको विधामा आस्था बी, बुद्ध शाक्य, मार्सिया अधिकारी, सत्य भट्टचार्य तथा शसांक कँडेलबीच प्रतिस्पर्धा हुँदैछ। पप संगीतकारतर्फ दीपक बज्राचार्य, कालीप्रसाद बास्कोटा, नविन के भट्टराई, न्ह्यू बज्राचार्य तथा राजु लामामध्ये एक जनाले एवार्ड पाउनेछन्। रक संगीतकारतर्फ सिने गुरुङ, दिब्य सुब्बा, नेख ओम, प्याट्रिक सिट्लिङ तथा भिषण योञ्जन भिड्दैछन्। उत्कृष्ट संगीतकारतर्फ महेश खड्का, राजनराज शिवाकोटी, शक्ति वल्लभ, शिखर सन्तोष तथा शिलाबहादुर मोक्तान मनोनीत भएका छन्। चलचित्र संगीततर्फ वसन्त सापकोटा, महेश खड्का (दुई चलचित्रबाट), राजु सिंह तथा सुरेश अधिकारी मनोनीत भएका छन्। युगल गायनतर्फ अञ्जु पन्त-राजेशपायल राई, रजिना रिमाल-दीपक लिम्बू, रजिना रिमाल-जगदीश समाल, सबनम गुरुङ-शिव परियार तथा शितल-सुवानी मोक्तानबीच प्रतिस्पर्धा हुँदैछ। सामूहिक गायनतर्फ एक्सिस, दिब्य सुब्बा र द ब्लुज एसिड, नेखओम, मंगोलयन हार्ट तथा एक्स इट मनोनीत भएका छन्।

रक गायनतर्फ एड्रिन प्रधान, आस्था बी, सिने गुरुङ, दिब्य सुब्बा तथा मार्मिक लामाबीच प्रतिस्पर्धा हुँदैछ। पप गायिकातर्फ सिने गुरुङ, दुर्गा खरेल, लसता जोशी, मार्सिया अधिकारी तथा निलाञ्जना भट्टाचार्य मनोनीत भएका छन्। उत्कृष्ट पप गायकको एवार्डका लागि दीपक बज्राचार्य, हेमन्त राना, नविन के भट्टराई, सत्य भट्टाचार्य तथा शसांक कँडेलबीच प्रतिस्पर्धा हुँदैछ। आधुनिक गायकतर्फ आनन्द कार्की, दीप श्रेष्ठ, राजेशपायल राई, शिव परियार तथा स्वरुपराज आचार्य प्रतिस्पर्धी छन्। आधुनिक गायिकातर्फ अञ्जु पन्त (दुई गीतबाट), सपनाश्री (दुई गीतबाट) तथा कुन्ति मोक्तान प्रतिस्पर्धी छन्। पप/रक एल्बम अफ द इयरका लागि हेमन्त रानाको लैजारे, नवीन के भट्टराईको नक्षत्र, नीलाञ्जना भट्टाचार्यको साउन्ड्स अफ माइ हार्ट, राजु लामाको मंगोलियन हार्ट-५ तथा सत्य भट्टाचार्यको पल्सबीच प्रतिस्पर्धा हुँदैछ। एल्बम अफ द इयरका लागि भने कुन्ति मोक्तानको कहिलेकाहीं, नविन के भट्टराईको नक्षत्र, राजेशपायल राईको दर्शन नमस्ते, राजु लामाको मंगोलिन हार्ट-५ तथा शिव परियारको क्या दामी भो मनोनीत भएका छन्। उत्कृष्ट गीतकारका लागि आनन्द अधिकारी, भूपेन्द्र खड्का, दिनेश अधिकारी, कृष्णहरि बराल तथा राजेन्द्र थापाबीच प्रतिस्पर्धा हुँदैछ। वर्षको उत्कृष्ट गीतका लागि अञ्जु पन्तको जिन्दगी यो, कुन्ति मोक्तानको मलाई माफ गर, राजेशपायल राईको दर्शन नमस्ते, सपनाश्रीको हुन्छ गाह्रो तथा शिव परियारको छाडेर जाऊँ की...बीच प्रतिस्पर्धा हुँदैछ।

यो एवार्ड आगामी पुस महिनाको अन्तिम साता राजधानीमा सम्पन्न हुने एउटा सांगीतिक समारोहमा वितरण गरिनेछ।

## विन्ध्यवासिनी म्युजिक एवार्ड २०६७ का विजेताहरू



| विधा | विजेता |
|---|---|
| **गीतकार** | विपिन किरण (बल गरेर) |
| **गायन सुगम संगीत (पुरुष)** | सत्यराज आचार्य (बल गरेर) |
| **गायन सुगम संगीत (महिला)** | जुनु रिजाल (कसले सुरुवात) |
| **संगीत** | महेश खड्का (बल गरेर) |
| **रचना** | लोकराज अधिकारी (तिमीले पराई) |
| **एल्बम सुगम संगीत** | अनुरोध-२ (खुमानन्द गौतम) |
| **संगीत संयोजन** | किरण कँडेल (मबिना कसै-कसैलाई) |
| **पप गायन (पुरुष)** | हेमन्त राना (लैजा रे) |
| **पप गायन (महिला)** | दुर्गा खरेल (किन-किन तिमीलाई) |
| **संगीत (पप)** | सचिन सिंह (किन किन तिमीलाई) |
| **चर्चित गीत** | तिमीले पराई ठानेपछि (अञ्जु पन्त) |
| **यूगल गायन** | श्रेया सोताङ र स्वरूपराज आचार्य (चुपचाप चुपचाप) |
| **लोकदोहोरी गायक** | कुलेन्द्र विश्वकर्मा (नजाऊ है सानु पधेँरीमा) |
| **लोकदोहोरी गायिका** | मुना गापा (मैले मन पराएको छु) |
| **लोक दोहोरी भाका** | वसन्त थापा (नजाऊ है सानु पधेँरीमा) |
| **लोकदोहोरी रचना** | प्रल्हाद सुवेदी (नजाऊ है सानु पधेँरीमा) |
| **दोहोरी गीत** | यस्तै रै'छ माया (समर्पण म्युजिक) |
| **पार्श्व गायन (पुरुष)** | स्वरूपराज आचार्य (टक्कर दुई मुटुको) |
| **पार्श्व गायन (महिला)** | रजिना रिमाल (नाइँ नभन्नु ल) |
| **चलचित्र संगीत** | शम्भुजित बासकोटा (कहाँ भेटिएला) |
| **म्युजिक भिडियो निर्देशन (दोहोरी)** | शिवन पोखरेल (हल्ला चल्छ) |
| **म्युजिक भिडियो निर्देशन (सुगम संगीत)** | प्रसन्न पौडेल |
| **म्युजिक भिडियो छायांकार** | विदुर पाण्डे |
| **म्युजिक भिडियो सम्पादन** | निशान घिमिरे |
| **महिला गीतकार** | लिलू गुरुङ (जहाँ तिमी त्यहाँ म) |
| **नवप्रतिभा** | सजल न्यौपाने (नमन) |
| **म्युजिक कम्पनी** | म्युजिक नेपाल |
| **लाइफ टाइम एचिभ्मेन्ट एवार्ड** | भक्तराज आचार्य |

# डी सिने एवार्डको मनोनयन



**साप्ताहिक समाचार**

काठमाडौं– आगामी पुसको तेस्रो साता डिजिटल प्रविधिमा निर्माण भएका नेपाली चलचित्रहरू पुरस्कृत हुँदैछन्। छायाँछवि फिल्म फेस्टिव-२०६७ अन्तर्गत एक महिनापछि वितरण गरिने डी सिने एवार्डका लागि मनोनयमा परेका चलचित्र तथा चलचित्रकर्मीहरूको सूची यसै साता सार्वजनिक गरिएको छ। 'सम्झना डिजिटल फिल्म एवार्ड-२०६७' शीर्षकको यो एवार्ड वितरण समारोह गत वर्षदेखि आयोजना गर्न थालिएको हो।

छायाँछवि पत्रिकाले आयोजना गर्न लागेको यस पटकको एवार्डमा विभिन्न १६ वटा चलचित्र समावेश छन्। यी चलचित्रलाई विभिन्न २५ विधामा गरिनेछ। यस पटकको एवार्डमा वर्ष २०६६-२०६७ मा प्रदर्शन भएका नेपाली चलचित्रलाई समावेश गरिएको छ। एवार्डका लागि कोही मेरो, दशगजा, दिलमाया, हिफाजत, आफ्नो मान्छे आफ्नै हुन्छ, कसलाई दिऊँ यो जोवन, पहिलो पहिलो माया, भनिदेऊ न माया गर्छु, माया त माया हो, गुरुदक्षिणा, फर्स्ट लभ, तिमी मात्र तिमी, द युगदेखि युगसम्म, कसम हजुरको, वशमा छैन यो मन तथा कन्यादान चलचित्रबीच प्रतिस्पर्धा हुँदैछ।

एवार्डका लागि निर्देशक ऋषि लामिछानेको चलचित्र 'आफ्नो मान्छे आफ्नै हुन्छ' सर्वाधिक १८ विधामा मनोनीत भएको छ। यो चलचित्र उत्कृष्ट चलचित्र, निर्देशक, नायक, नायिका, हास्यकलाकार, बाल कलाकार, गायक, गायिका, गीतकार, द्वन्द्व निर्देशक, सम्पादक, छायाँकार, कथा, पटकथा, संवाद, चरित्र अभिनेता आदि विधामा मनोनीत भएको हो। एवार्डको सबैभन्दा महत्त्वपूर्ण विधा सर्वोत्कृष्ट चलचित्रका लागि आफ्नो मान्छे आफ्नै हुन्छ सहित फर्स्ट लभ, हिफाजत, दशगजा तथा माया त माया हो मनोनीत भएका छन्। सर्वोत्कृष्ट निर्देशकको विधामा ऋषि लामिछानेका अतिरिक्त कोहि मेरोका आलोक नेम्वाङ, दशगजाका दयाराम दाहाल, हिफाजतका ज्ञानेन्द्र देउजा तथा फस्ट लभका शिमोस सुनुवार मनोनीत भएका छन्।

सर्वोत्कृष्ट अभिनेतातर्फ आफ्नो मान्छे आफ्नै हुन्छबाट विराज भट्ट, कोही मेरोबाट आर्यन सिग्देल, दशगजाबाट राजेश हमाल, फर्स्ट लभबाट कर्म तथा कसलाई दिऊँ यो जोवनबाट दिलीप रायमाझी मनोनीत भएका छन्। सर्वोकृष्ट अभिनेत्रीतर्फ नायिका रेखा थापा दुईवटा चलचित्रबाट मनोनयनमा परेकी छिन्। उनलाई चलचित्र हिफाजत तथा आफ्नो मान्छे आफ्नै हुन्छबाट मनोनीत गरिएको हो। यो विधामा फस्ट लभबाट निशा अधिकारी, कोही मेरोबाट सञ्चिता लुइँटेल, पहिलो पहिलो मायाबाट युना उप्रेती मनोनीत भएका छन्। सर्वोत्कृष्ट संगीतकारको विधामा पहिलो पहिलो मायाबाट महेश खड्का, दिलमायाबाट अर्जुन पोखरेल, माया त माया होबाट वसन्त सापकोटा, दशगजाबाट मणि थापा तथा कोही मेरोबाट सुरेश अधिकारी मनोनयनमा परेका छन्।

पार्श्व गायनको महिलातर्फ दिलमायाकी दुर्गा खरेल, हिफाजतकी अञ्जु पन्त, दशगजाकी सत्यकला राई, आफ्नो मान्छे आफ्नै हुन्छकी अञ्जना गुरुङ तथा कसलाई दिऊँ यो जोवनकी प्रविशा अधिकारी छन् भने पुरुष गायनतर्फ पहिलो पहिलो मायाका दीपक लिम्बू, भनिदेऊ न माया गर्छुका सत्यराज आचार्य, माया त माया होका राजेशपायल राई, आफ्नो मान्छे आफ्नै हुन्छका प्रमोद खरेल तथा कोही मेरोका शिव परियार मनोनीत भएका छन्।

# अन्तुमा पर्यटन मेला



इलाम- सूर्योदय दृश्यावलोकनका लागि उत्कृष्ट पूर्वी अन्तुमा पर्यटन मेला सम्पन्न भएको छ। मंसिर १७ देखि २१ गते सम्म सञ्चालित मेलामा पर्यटन प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिएको थियो। सूर्योदय हेर्ने उत्कृष्ट मौसम भएकाले पर्यटन वर्षको पूर्वसन्ध्यामा अन्तुमा आठौं पटक पर्यटन महोत्सवको आयोजना गरिएको हो। पर्यावरणको रक्षाका लागि फूलमा पानी हालेर उद्घाटन गरिएको मेलामा लेप्चा जातीको भाँकी पनि प्रदर्शन गरिएको थियो। महोत्सवका अवसरमा स्थानीय तथा राष्ट्रियस्तरका कलाकारले बृहत् सांगीतिक कार्यक्रमसमेत प्रस्तुत गरे।

अन्तुडाँडा सूर्योदयसँगै नेपाल र भारतका विभिन्न स्थानको दृश्यावलोकनका लागि प्रख्यात छ। लोपन्मुख लाप्चा जातिको संस्कृति, सुधारिएको कृषि प्रणालीले उक्सिएको जीवन शैली, अन्तु पोखरीमा डुङ्गा सवारी आदि पनि यहाँका आकर्षण हुन्। महोत्सवमा विभिन्न सांस्कृतिक, खेलकुद एवं साहित्यिक कार्यक्रमको आयोजना गरिएको आयोजक अन्तु पर्यटक विकास केन्द्रका सचिव टेकु पुलामीले वताए।

मौसममा सुधार आएपछि तिहारछेकदेखि नै यी स्थानमा सूर्योदयको मनोरम दृश्य हेर्न पर्यटक आउन थाल्छन्। अन्तु पोखरीको सुधार गर्दै स्थानीयवासीले दुईवटा डुङ्गा चलाएपछि पर्यटकले मनोरञ्जन प्राप्त गरेका छन्। हरेक डाँडाबाट कञ्चनजंघा हिमाल अनि सिमापारिका दार्जीलिङ, करसाङ, मिरिकलगायत सहरलाई हत्केलामा सजाएभ्रैं देखिने भएकाले पनि मंसिरको यो पारिलो घामसँगै अन्तुले पर्यटकहरूलाई लोभ्याउँदै आएको छ।

अन्तु पर्यटन विकास केन्द्रले पर्यटकको बसाइको प्रबन्ध मिलाएको छ। गोर्खाको सिरुवारी र लमजुङको घलेगाउँ पछि अन्तुलाई नेपाल पर्यटन बोर्डले ग्रामिण पर्यटनको सूचीमा राखेपछि त्यहाँ पर्यटक आउने क्रम बढेको हो।

मेची राजमार्गको फिक्कलबाट १३ किलोमिटर पूर्वको यो रमणीय स्थानमा पुग्न व्यस्थित सडक नभएकाले केही समस्या छ। फिक्कलबाट तीन किलोमिटरसम्म कालोपत्रे गरिएको छ। बाँकी सडक भने कच्ची छ। फिक्कलको छिपिटारवाट अन्तु पुग्न गाडी पाइन्छ। पशुपतिनगर बजारबाट भारतीय बाटो प्रयोग गर्दै छब्बीसेबाट गुफापातलको अबलोकनपछि पनि अन्तु पुग्न सकिन्छ। मेलामा कृषिउपज, फुल, लाप्चा जातीका पुरातात्त्विक सामग्री, खाना आदिका स्टल राखिएका थिए। यो महोत्सवमा अन्तु पोखरीमा माछा मार्ने खेल पनि सुरु गरिएको छ।

–विप्लव भट्टराई

# अग्लो मान्छे हेर्ने भीड

पोखरा- ओहो कति अग्लो मान्छे? पोखरामा सम्पन्न औद्योगिक व्यापार मेलामा राखिएका अग्ला मान्छे हेर्न यहाँ सर्वसाधारणको भीड लाग्यो। शीतलदेवी, पोखराकी मञ्जु श्रेष्ठ पहिलो पटक यति अग्लो मान्छे देखेर आश्चर्यचकित भइन्। 'यति अग्लो मान्छे त अहिलेसम्म देखेको थिइनँ,' उनले भनिन्। उनले ती अग्ला मान्छेसँग तस्बिरसमेत खिचाइन्। श्रेष्ठ मात्र होइन, उनलाई हेर्न मेलामा हजारौं दर्शकको भीड लागेको छ। पालैपालो टिकट काटेर उनलाई हेर्ने व्यवस्था मिलाइएको छ। २० रुपैयाँको टिकट काटेपछि उनलाई हेर्न र उनीसँग तस्बिर खिचाउन पाइन्छ। उता स्वस्ती भट्टराई पनि बाबा-मम्मीसँग बसेर अग्लो मान्छेसँग तस्बिर खिचाइन्। बैदामी पोखराकी भट्टराईले भनिन्, 'अग्लो मान्छे देखेर दंग परे।'

मेलामा उनलाई एउटै छुट्टै क्याम्पमा राखिएको छ। लामो आकारमा बनाइएको शयन कक्षमा अवलोकनकर्ताहरू आएपछि उनी जन्याक-जुरुक उठ्छन्। अनि विभिन्न पोजमा तस्बिर खिचाउँछन्। उनी हुन् भारत उत्तरप्रदेश प्रतापगढका–धर्मेन्द्रप्रताप सिंह। २७ वर्षीय सिंह एसियाकै अग्ला व्यक्ति भएको दाबी



गरिएको छ।

उनको उचाइ ८ फिट १ इन्च छ। विश्वकै अग्लो भनिएका टर्कीका सुल्तान कोसेनको उचाइ पनि त्यति नै छ, तर हिन्दी भाषामा डिग्री सकेर मात्र गिनिज बुकमा नाम लेखाउने सिंह बताउँछन्। 'अहिले आफू अध्ययनतर्फ लागेकाले त्यतापट्टि ध्यान दिएको छैन,' उनले भने, 'म पनि विश्वरेकर्ड कायम गराएरै छाड्छु।' नेपालका अग्ला भनिएका राजन अधिकारीको उचाइ ७ फिट १ इन्च छ।

सिंहलाई भारतका विभिन्न ठाउँमा हुने मेलामा महोत्सवहरूमा प्रदर्शनीमा सहभागी गराइन्छ। उनलाई पहिलो पटक नेपालको पोखरामा ल्याइएको हो, सिंहका दाजु प्रधान ठाकुरले भने, 'मेलामा उनलाई हेर्नेहरूको भीड थामिनसक्नु हुन्छ।'

सिंहले एसियाकै अग्लो मान्छे भएको र अब विश्वकै अग्लो मान्छेका रूपमा विश्व किर्तिमानमा नाम लेखाउन प्रतिस्पर्धा गर्ने बताए। अग्ला मान्छे सिंहले खाना सामान्य रूपमा खाए पनि उनलाई १० फिटभन्दा लामो खाट चाहिन्छ। कुनै लामो यात्रा गर्दा उनलाई निकै गाह्रो हुन्छ। नेपालसम्म उनलाई ल्याइपुर्‍याउन ड्राइभरले गाडी चलाउने एकापट्टिको भाग पूरै छुट्ट्याइएको दाजु ठाकुरले बताए। सिंह बसमा बस्न अप्ठ्यारो मान्छन्। अविवाहित सिंह छिट्टै विवाह गर्ने सुरमा छन्। 'हेरौं, मेरो भाग्यमा के लेखेको छ?' उनले भने, 'सबै कुरा मिल्यो भने छिट्टै विवाह गर्छु।'

शिव शर्मा

# आई क्लबमा प्रोजेक्ट नमस्ते



**साप्ताहिक समाचार**

काठमाडौं- यतिबेला राजधानीको मौसम चिसो भैसकेको छ। गत सोमबार साँझ दरबारमार्गस्थित आई क्लबमा बढ्दो चिसोलाई चुनौती दिँदै राईज म्युजिकले लाइभ कन्सर्ट तथा डान्स पार्टी सम्पन्न गर्‍यो। इभेन्ट म्यानेजर विनोद सिंह दौरा, सुरुवाल अनि ढाकाटोपी लगाएर डान्सपार्टीमा रमाइलो गर्न आएका पाहुनाहरूलाई स्वागत गर्न व्यस्त थिए। आफूले स्थापना गरेको नयाँ संगीत कम्पनी राइज म्युजिकको डान्सपार्टीमार्फत नै उद्घाटन गर्ने विनोदको पुरानो रहर सोमबार साँझ पूरा हुँदै थियो। राइस म्युजिकले पुरानो सांगीतिक समूह 'कबवेब' को नयाँ गीतिसंग्रह 'प्रोजेक्ट नमस्ते' को बजार व्यवस्थापन गर्न पाएको खुसियाली मनाउन पनि उक्त पार्टी आयोजना गरिएको थियो।

कबवेबले करिब पाँच वर्षपछि नयाँ गीति संग्रह श्रोतामाभ्र ल्याएको हो। साँझ सात बजे 'प्रोजेक्ट नमस्ते' को विमोचनपछि प्रारम्भ भएको डान्सपार्टीमा चिरपरिचित अनुहार बढी देखिन्थे। म्युजिक भिडियोमा अभिनय गर्ने मोडलहरूको ठूलो समूह नृत्यमा मस्त भैरहेका बेला गायक हेमन्त शर्मादेखि म्युजिक भिडियोका छायांकार विदुर पाण्डेसम्म पार्टीमा रमाइरहेका थिए। मध्यरातसम्म जारी पार्टीमा आधादर्जन डिजेले रिमिक्स गीतहरू बजाएका थिए भने कबवेबले पनि लाइभ कन्सर्टमार्फत उपस्थित युवा-युवतीलाई नचाएको थियो।

# शिविर बन्यो संगीतमय

मोरङ- मंसिरको पारिलो घाम, त्यसमाथि घाम ढल्किँदै गएको समयमा मंसिर २० गते भुटानी शरणार्थी शिविर शनिश्चरेमा सम्पन्न विशेष सांगीतिक वातावरणको मज्जै बेग्लै थियो। गायकबाट नायकमा डेब्यु गरेका यशकुमार र बाबु बोगटीसहित उनीहरू अभिनीत बाटोमुनिको फूलका कलाकारहरूको उपस्थितिमा सम्पन्न सांगीतिक कार्यक्रममा के युवा के युवती सबै व्यस्त देखिन्थे। दिउँसो तीन बजे प्रारम्भ भएको सांगीतिक



कार्यक्रममा यशकुमारले आफ्ना लोकप्रिय गीतहरू सुनाए। त्यस्तै अर्का गायक/नायक बाबु बोगटीले आफू अभिनीत चलचित्र बाटोमुनीको फूलको तुलसी आँगनमा रोपौंला गीतसमेत प्रस्तुत गरे। उक्त अवसरमा राजेश घतानीले 'सलल त्यो चिसो पानीले...' गीत गाउँदै कमनोरञ्जन प्रदान गरेका थिए। भुट्निज क्रिएटिभ कनेक्सनको आयोजनामा सम्पन्न विशेष सांगीतिक कार्यक्रममा कनेक्सनका सदस्य अमृत वाग्लेले हिन्दी चलचित्रको गीत सुनाए।

सन्तोष राई

# हात्तीपोलो हेर्न हेलिकप्टर

चितवन, चितवनमा गत साता सम्पन्न अन्तर्राष्ट्रिय हात्तीपोलो प्रतियोगिताको उपाधि स्वीट्जरल्यान्डको ईएफजी समूहले जितेको छ। मेघौली विमानस्थलको चौरमा भएको प्रतियोगितामा स्वीट्जरल्यान्डको ईएफजीले युएईको सिप्योजलाई हराउँदै उपाधि चुमेको हो। प्रतियोगिताको फाइनलमा ईएफजीले सिप्योजलाई ५ का विरुद्ध ६ गोल गरेको थियो। मानिस र जनावरबीचको खेल भएकाले पनि होला, यो प्रतियोगिता हेर्न पोखरा तथा काठमाडौंबाट पर्यटकहरू हेलिकप्टर नै बुकिङ गरेर आएका थिए। हेलिकप्टरमा आएका पर्यटकहरू प्रतियोगिता अवलोकनपछि निकै रामोञ्चित हुँदै हात्तीसँग रमाएका थिए। 'हात्तीले पनि खेल्न सक्छ भनेर सुनेको थिए, तर आज आँखाले प्रत्यक्ष हेर्न पाइयो,' एक पर्यटकले बताए। प्रतियोगिता अवलोकन गर्न पूर्वयुवराज पारससमेत आएका थिए। खेल हेर्न आएका पूर्वयुवराजले एक रात मेघौलीमै बिताए। जंगल सफारी तथा वन्यजन्तुसँग रमाउने पर्यटकका लागि चितवन नौलो होइन। वर्षमा एकपटक आयोजना हुने अन्तर्राष्ट्रिय हात्तीपोलो हेर्न भने तेस्रो मुलुकका पर्यटकको घुइचो नै लाग्छ। यो प्रतियोगिता स्थानिय टाइगर टप्स होटलले आयोजना गर्दै आएको छ। होटलका निर्देशक टिम एडवर्डका अनुसार प्रतियोगिताबाट उठेको पैसा वन्यजन्तु संरक्षणमै खर्च हुन्छ।

प्रवीण दत्त

# मिस शेर्पाका कुरा

**साप्ताहिक समाचार**

शेर्पा समुदायको मौलिक कला-संस्कृति, वेशभूषा, भाषा, जातीय पहिचान, रहन-सहनजस्ता विविध पक्षका बारेमा नयाँ पुस्ताका शेर्पा युवतीहरूमा सचेतता जगाउने, त्यसको महत्त्व बुभ्राउने, उनीहरूको प्रतिभा प्रस्फुटन, आत्मविश्वास अभिवृद्धि, व्यक्तित्व विकासजस्ता कुरालाई प्राथमिकतामा राखेर सञ्चालन गर्न लागिएको मिस शेर्पा-२०११ ले गति लिएको छ। प्रतियोगितामा सहभागी हुन आवेदन दिएका युवतीहरूमध्येबाट अन्तिम प्रतिस्पर्धाका लागि करिब दुई दर्जन प्रतिस्पर्धी छनौट गरिएका छन्।

आयोजक संस्था कला-संस्कृति संरक्षण केन्द्रका अनुसार छनौट भएका प्रतिस्पर्धीहरूलाई शेर्पा भाषा, कला-संस्कृतिका बारेमा जानकारी एवं प्रशिक्षण दिइनुका साथै अन्तिम प्रतिस्पर्धाका लागि आवश्यक सम्पूर्ण आधारभूत प्रशिक्षण प्रदान गरिनेछ। आउँदो माघ महिनामा सञ्चालन हुने यो प्रतियोगिताबाट मिस शेर्पा-२०११ को उपाधि विजेताबाहेक अन्य विभिन्न विधामा विजेता चयन गरिनेछ।

# मिस कलेजका लागि ३४ जना

**साप्ताहिक समाचार**

राजधानी सहर काठमाडौंबाहेक मोफसलका भ्रापा, बुटवल र बनेपामा पनि अडिसन गरी सम्भावित प्रतिस्पर्धीहरू छनौट गर्दै अघि बढेको मिस कलेज-२०१० मा अन्ततः ३४ जना उपाधिको दौडमा रहनेछन्, जसअनुसार बनेपाबाट ४ जना, बुटवलबाट ३ जना, भ्रापाबाट १ जना र बाँकी २६ जना काठमाडौंबाट छनौटमा परेका छन्। आयोजक संस्था फेसनप्लसको आयोजनामा संचालन हुने मिस कलेज प्रतियोगिताको यसपटकको संस्करणमा प्लस टुदेखि मास्टर्स लेवलका छात्राहरूको सहभागिता रहेको आयोजक संस्थाले जनाएको छ।

हाल सानेपास्थित इन्टरनेसनल क्लबमा सहभागीहरूको तयारी अघि बढेको यो प्रतियोगिताको अन्तिम प्रतिस्पर्धा अंग्रेजी क्यालेन्डर अनुसार आउँदो डिसम्बेर २५ तारिख अर्थात् पुस १० गते प्रज्ञा-भवनमा सम्पन्न हुनेछ। प्रतियोगितामा मिस कलेज-२०१० उपाधि विजेतासहित फस्ट रनर्सअप, सेकेन्ड रनर्सअप, मिस ट्यालेन्ट, मिस एकेडेमिक, मिस स्पोर्ट्स, मिस इन्टेलिजेन्ट आदि विधाका विजेता चयन गरिनेछन्।

# नौ नारी सम्मानित



साप्ताहिक समाचार

विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका नौ महिला 'सेलिब्रेटिङ उमनहुड-२०१०' बाट सम्मानित भएका छन् । क्रिएटिभ स्टेटमेन्टले एक समारोह आयोजना गरी उक्त सम्मान प्रदान गरेको हो । यो वर्ष डोमा पौडेललाई नवदेवी सम्मानअन्तर्गत 'अन्नपूर्ण सम्मान' प्रदान गरियो । बछौली चितवनकी पौडेललाई वन्यजन्तु संरक्षण एवं प्रकृति पर्यटनमा योगदान पुऱ्याएबापत उक्त सम्मान प्रदान गरिएको हो । यसवर्ष 'भगवती सम्मान'बाट कथाकार माया ठकुरी र नेपालको राष्ट्रिय महिला क्रिकेट खेलाडी नेरी थापालाई सम्मानित गरियो । रक्षा नेपालकी मेनुका थापालाई डान्स तथा क्याबिन रेस्टुराँ र मसाज पार्लरमा यौनशोषण खेपिरहेका नारीको उद्धार गरेर सम्मानजनक काममा लगाएबापत 'दुर्गा सम्मान' प्रदान गरिएको थियो । ललितपुरकी रीता शाक्य 'करुणा सम्मान' बाट सम्मानित भइन् । अपांग भएर पनि आफूहरूजस्तालाई सीप सिकाएर आत्मनिर्भरको बाटोमा लगाएकाले उनलाई यो सम्मान प्रदान गरिएको हो।

उक्त अवसरमा धेरै नारीलाई सीप सिकाएर रोजगारी प्रदान गरेबापत राजधानीस्थित चावहिलको संस्था 'आधारशीला'लाई सम्मान गरिएको थियो । उक्त संस्थालाई 'लक्ष्मी सम्मान' प्रदान गरियो । बौद्धकी सरला लामा 'महामाया सम्मान' बाट सम्मानित भइन् । फिजियोथेरापीलगायत प्राकृतिक उपचारमार्फत सेवा पुऱ्याएकाले उनलाई यो सम्मान गरिएको हो । विराटनगरकी शिक्षिका मधु राई 'सरस्वती सम्मान' बाट विभूषित भइन् । सीपमूलक शिक्षा दिएर धेरैको जीवन सार्थक बनाएकोमा उनलाई यो सम्मान मिलेको हो ।

लक्ष्मनाहा, बर्दियाकी जुबेता खातुन र फरमान जागालाई संयुक्त रूपमा 'शक्ति सम्मान' प्रदान गरियो । खातुनले छोराछोरी भएपछि विद्यालय शिक्षा हासिल गरेकी हुन् भने फरमान जागाले विवाहपछि आफ्नी श्रीमतिलाई स्कुल पठाएर सक्षम नारी बनाएका थिए । यसअघि, नवदेवी सम्मान पाए पनि समाजमा अझ राम्रो काम गरेको भन्दै काठमाडौंकी डा. मिनासिंह खड्का तथा काभ्रेकी रामदेवी तामाङलाई पनि विशेष सम्मान गरिएको थियो । नेपाली समाजमा योगदान पुऱ्याइरहेका नारीलाई काम गर्न अझ प्रोत्साहन मिलोस् भनेर नेपाली नारीलाई सम्मान गरिदै आएको क्रिएटिभ स्टेटमेन्टकी अध्यक्ष सिर्जनासिंह योञ्जनले बताइन् ।

# भारतीय सुन्दरी बनिन् मिस अर्थ




साप्ताहिक समाचार

डिसेम्बर ४ तारिख अर्थात् गत शनिबार भियतनामको न्हा ट्राङस्थित भिनपर्लल्यान्ड एम्फीथिएटरमा उपस्थित करिब ५ हजार दर्शकसामु मिस अर्थ-२०१० को फाइनल राउन्ड सम्पन्न भयो । उक्त चरणमा पुगेका जापान, दक्षिण अफ्रिका, भेनेजुएला, थाइल्यान्ड, भारत, पोर्टोरिको तथा इक्वेडरका सात जना सुन्दरीले अन्तिम इन्टरव्यु राउन्डको सामना गरेका थिए । उक्त चरणको उत्कृष्ट प्रस्तुतिबाट करिब एक महिना लामो आफ्नो भियतनाम बसाईलाई सार्थक बनाउदै २० वर्षीया भारतीय सुन्दरी निकोल फारियाले मिस अर्थ-२०१० को ताज आफ्नो शिरमा सजाइन् । उनलाई गत वर्षकी मिस अर्थ ब्राजिलकी लारिसा रिबेरियोस रामोसले मिस अर्थ-२०१० को ताज पहिऱ्याएकी थिइन् ।

विश्वका अन्य ८३ मुलुकका सुन्दरीलाई पछि पार्दै मिस अर्थका रूपमा वातावरण संरक्षणअन्तर्गतको विश्वव्यापी कार्यक्रमका लागि राजदूतको जिम्मेवारी निर्वाह गर्ने अभिभारा प्राप्त गरेकी भारतीय सुन्दरी निकोलले प्रतियोगितामा मिस ट्यालेन्टको एवार्ड पनि जितेकी छिन् । ट्यालेन्ट राउन्डमा उनले भारतीय ट्राडिसनल तथा बेली डान्सको फ्युजन नृत्य प्रस्तुत गरेर आफ्नो प्रभाव जमाएकी थिइन् ।

दसौं संस्करणको मिस अर्थ-२०१० मा अन्य सौन्दर्य प्रतियोगिताहरूमा जस्तै रनरअप विजेताहरू घोषणा गर्नुको साटो अन्तिम चरणमा पुगेका फाइनलिस्टमध्ये इक्वेडरका जेनिफर पाजिमिनो मिस अर्थ एयरका रूपमा छानिएकी थिइन् । जेनिफरले बेस्ट इन लङ गाउनको उपाधिमाथि पनि कब्जा जमाइन् । थाइल्यान्डकी वाट्सापोर्न वाटानाकुन मिस अर्थ वाटर बनिन् । वाट्सापोर्नले मिस फोटोजेनिकको एवार्ड पनि हात पारिन् । अनलाइन भोटिङमार्फत मिस फाटोजेनिक एवार्डको विजेता चयन गरिएको थियो । उक्त अवसरमा पोर्टो रिकोकी यिडी बोस्क्विस मिस अर्थ फायरका रुपमा छनौट भइन् ।

मिस अर्थ प्रतियोगिताअन्तर्गत नेसनल कस्ट्युम कम्पिटिसनमा भने जापानकी मारिना किशिरले उपाधि हासिल गरिन् । यसैगरी भियतनामी राष्ट्रिय पोसाक आओडाइ प्रतियोगितामा सर्बियन सुन्दरी तिजाना राकिकले बाजी मारिन् । स्वीमसुट कम्पिटिसन भने आयोजको राष्ट्र भियतनामकी लु थि डियम हुओङले जितिन् । मिस फ्रेन्डसीपको एवार्डमा भने ग्वाटेमालाकी सु एलेन कास्टानेडा विजयी भइन् । मिस अर्थ-२०१० मा नेपालका तर्फबाट मिस नेपाल-२०१० की फस्ट रनर्सअप साहना बज्राचार्यको सहभागिता थियो ।

# कुष्ठरोगीलाई जिरे खुर्सानीको सहयोग

हास्यश्रृंखला जिरे खुर्सानीमा उच्छृंखल युवा मुन्द्रेको भूमिकामा देखिने जितु नेपाल त्यसदिन भने अलि फरक देखिन्थे । कुष्ठरोग प्रभावित वृद्धवृद्धासामु उनी अभिभावकझैं लाग्थे । जितु भन्दै थिए- 'हामीलाई बेल्जियमका साथीहरूले दसैंमा खसी किनेर खान पैसा पठाएका थिए, त्यही पैसामा थपेर हामीले तपाईंहरूलाई ओढ्ने ल्याइदिएका छौं ।' जाडोमा एकसरो लुगा लगाएर बसेका वृद्धवृद्धा निकै खुसी देखिए । बेल्जियममा रहेका जिरे खुर्सानीका नेपाली प्रशंसकहरूले दसैं मनाउन जिरे खुर्सानी टिमलाई 'घोर्ले खसी किन्नु' भनेर २० हजार रुपैयाँ पठाएका थिए । 'त्यो रकम हामीले मोज गरेर सिध्याएनौं,' टेलिश्रृंखलाका निर्देशक नेपालले भने-'मंसिरको जाडोमा केही राहत होस् भनेर कुष्ठरोगी वृद्धवृद्धाको सहयोगमा खर्चियौं ।' कलाकार शिवहरि पौडेलले श्रृंखलालाई उपहारस्वरूप प्राप्त हुने रकम यसरी नै दीनदुःखीको सेवामा खर्चिने बताए ।

तिलगांगस्थित पुनर्स्थापना, सशक्तीकरण तथा विकास नेपालमा उपचार गराइरहेका एक दर्जनभन्दा बढी कुष्ठरोग प्रभावित व्यक्तिहरूलाई जितु नेपाल, मनोज आचार्य, गोपाल नेपाल फिस्टे, देवीराम पराजुली, नीरज नेपाल आदिले ३०-३० थान कम्मल, तन्ना तथा रुमाल प्रदान गरेका थिए । जीरे खोर्सानी टिमले यसअघि पनि श्रृंखलाले ३ सय भाग पूरा गरेको अवसरमा खगेन्द्र नवजीवन केन्द्र, जोरपाटीमा एक सांस्कृतिक कार्यक्रम आयोजना गरेर त्यहाँका ३ सय अपाङ्ग विद्यार्थी तथा शिक्षकलाई जलपान गराएर खुसी साटेको थियो ।

# अनुप बने मिस्टर टिन पोखरा



पोखरा- दौरासुरुवालमा सजिएर कम्मरमा खुकुरी भिरेका किशोरहरू राष्ट्रिय भावनाले ओतप्रोत गीत गाउँदै स्टेजमा उत्रनेबित्तिकै सभाहलमा खचाखच दर्शकले उनीहरूलाई हौसला प्रदान गरेपछि कार्यक्रमको वातावरण तात्यो । सधैं महिलाहरूको सुन्दरी प्रतियोगिता हुँदै आएको तालनगरीमा यस पटक पुरुषहरूलाई लक्षित गरी गुरुङ हेन्डसम सैलुन एन्ड ट्रेनिङ इन्स्टिच्युटले आफ्नो पहिलो वार्षिक वार्षिकोत्सवका अवसरमा मिस्टर टिन पोखरा- २०१० सौन्दर्य प्रतियोगिता आयोजना गरेको हो । परिचय, टप टेन र टप फाइभ हुँदै विजेता छनौट गरिएको प्रतियोगितामा सुरुदेखि नै दर्शकको नजरमा परेका थिए १४ वर्षीय अनुप क्षेत्री । निर्णायकहरूले सोधेको प्रश्नको चित्तबुझ्दो जवाफ दिँदै आएका क्षेत्री अन्ततः उपाधिनजिक पुगे ।

क्षेत्रीले उपाधिसँगै बेस्ट स्किनको टाइटल पनि पाए । मोडलिङ एवं समाजसेवामा रुचि राख्ने क्षेत्रीले उपाधि जितेपछि हर्षित हुँदै भने, 'यो जितले ममा केही गर्ने जोस पलाएको छ ।' सन् २००४ मा संयुक्त रूपमा मिस्टर एन्ड मिस टिन पोखराको पुरुषतर्फ मिस्टर टिन बनेका विशाल गुरुङको कोरियोग्राफीमा सम्पन्न प्रतियोगितामा १३ वर्षीय आसुतोष शाहीले फस्ट रनर्सअपसँगै मस्ट ट्यालेन्टको उपाधि जिते । त्यस्तै १४ वर्षीय भूराज गुरुङ सेकेन्ड रनर्सअपसँगै मस्ट शार्प माइन्ड टाइटल पाए । प्रतियोगितामा १३ वर्षिय सौगात थापाले दर्शक छनौटसँगै मस्ट एक्टिभ तथा मस्ट स्टाइलिस्टको उपाधि चुमे ।

प्रतियोगितामा विभिन्न विद्यालयका १३ देखि १९ वर्ष उमेर समूहका १३ जना किशोरले प्रतिस्पर्धा गरेका थिए । प्रतियोगितामा मिस्टर क्युट सफल गुरुङ, बेस्ट वाक अभिषेक बानियाँ, मस्ट डिसिप्लिन प्रविन आले, मस्ट फोटोजेनिक सिद्धान्त केसी, मस्ट फ्रेन्ड्ली तुलन बुढा, बेस्ट हेयर सचिन गुरुङ तथा मस्ट पङ्च्युयलको उपाधि प्रशान्तकुमार सिंहले जितेका थिए ।

**शिव शर्मा**



# सुरेशले सम्झाए स्वरसम्राट्

बुटवल- सधैं गोष्ठी र सेमिनार भैरहने हाटबजारलाइनस्थित रूपन्देही उद्योग संघको सभाहलमा आइतबार अलि भिन्न कार्यक्रम सम्पन्न भयो । स्वरसम्राट् नारायणगोपालको बीसौं स्मृति दिवसका अवसरमा बागेश्वरी संगीतालय बुटवलले आयोजना गरेको 'स्वरसम्राट स्मृति साँझ'मा गायक सुरेश सेन्चुरीको एकल प्रस्तुतिले हाटबजारको पूरै वातावरण संगीतमय भयो । सुरेशले स्वरसम्राट्का झन्डै एक दर्जन लोकप्रिय गीत गाएर कार्यक्रमका सहभागीहरूलाई नारायणगोपालको सम्झना दिलाउदै भावुक बनाए । 'मेरो बेहोसी आज' बाट आफ्नो प्रस्तुति प्रारम्भ गरेका सुरेशले 'यति धेरै माया', 'जुन फूल मैले चाहेको थिएँ', 'एउटा मान्छेको मायाले', 'मलाई नसोध कहाँ दुख्छ घाउ', 'सिरीमा सिरी', 'केही मीठा बात गर' र 'मान्छेको माया यहाँ' जस्ता गीत गाएर सहभागीहरूको मन जिते ।

संगीतकारका रूपमा ख्याति कमाएका सुरेशलाई अब्बल गायकका रूपमा समेत देख्न पाउँदा उनका समर्थकहरूले उनको प्रस्तुतिमा ताली बजाएर समर्थन एवं हौसला दिए । सुरेशलाई सरिता पन्थी, सुमन श्रेष्ठ, रोजिना थापा, सपना सोनम तथा विष्णु बुढाथोकीले स्वरमा साथ दिए भने नारायण थापा, टीका थापा, वसन्त श्रेष्ठ, विशाल थापा, रमेश कौशल एवं कृष्ण रसाइलीले वाद्यवादनमा ।

'धेरै वर्षपछि सदावहार लोकप्रिय गीतहरू एउटै मञ्चमा सुन्न पाउँदा नारायणगोपालकै झझल्को आयो, याद ताजा भैदियो,' कार्यक्रममा सहभागी पश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्रका प्रमुख प्रहरी अधिकृत ठूले राईले साप्ताहिकसँग भने । सुरेशको प्रस्तुतिको वरिष्ठ संगीतकार अम्बर गुरुङ र आभासले पनि प्रशंसा गरे । 'नारायणगोपालका गीत गाउने धेरै अघिको इच्छा हो, अवसर नै जुरेको थिएन' सुरेशले भने, 'स्वरसम्राटको स्मृति दिवसमा धेरै वर्षदेखिको धोको पुरा भयो ।' कार्यक्रममा संगीतकार अम्बर गुरुङलाई नेपाली संगीतको विकासमा महत्वपूर्ण योगदान दिएबापत बागेश्वरी संगीतालयले सम्मान गरेको थियो ।

**टोपराज शर्मा**

# मिस्टर हङकङमा सुन्दरीका क्याटवाक



**निर्मल श्रेष्ठ**

हङकङ- आगामी आइतबार साँझ आयोजना हुने मिस्टर हङकङ नेपालमा दर्शकहरूलाई युवाहरूको सुगठित शरीरले मात्र होइन, युवतीहरूका बिरालो चालले समेत लोभ्याउनेछ। हङकङेली दर्शकहरूलाई यसअघिसमेत मोहित पारिसकेका अनुभवी सुन्दरीहरूद्वारा प्रदर्शित फेसन शोले युङ लङ टाउन हल तात्तिने आयोजकहरूको दाबी छ। प्रतिष्ठित फाल्कोनर ब्रान्डका हीरा गहनाका लागि मोडलिङ गरेर हङकङमा व्यावसायिक मोडलिङको बाटो खोलेकी बोना राई फेसन शोकी मुख्य आकर्षण हुनेछिन्। उनी सन् १९९८ मा आयोजित मिस हङकङ नेपालमा 'मिस क्युट'



तथा 'मिस पोलाइट' कि विजेता पनि हुन्। राईसँगै ¬्यापमा देखिने अन्य मोडलहरूसमेत कम्मर मर्काइमा कम अभ्यस्त छैनन्। जसमध्येकी सुनिता थापा २००५ मा आयोजित मिस हङकङ नेपालकी सेकेन्ड रनर्सअप हुन्। अर्की सहभागी रिना राई सोही प्रतियोगिताकी मिस एटिच्युड तथा फ्रेन्डसिपको उपाधि विजेता हुन्। फेसन ¬्यापमा सुन्दरी अन्जना राई पनि देखिँदैछिन्। उनी २००५ मा आयोजित मिस ट्यालेन्ट हन्टकी सेकेन्ड रनर्सअप हुन्। मिस ट्यालेन्ट हन्टमै लचिलो क्याटवाकले सबैलाई मोहित तुल्याउँदै उपाधि हत्याएकी जमुना गुरुङ फेरि एकपटक ¬्यापमा कम्मर मर्काउँदैछिन्। यसपटक उनको क्याटवाकमा कतिका आँखा गाढिने हुन्, त्यो हेर्न भने आइतबारसम्म कुर्नुपर्नेछ। त्यसो त उक्त साँझ ¬्यापमा देखिने नवमोडल सुबा गुरुङ पनि कम उत्साहित छैनन्। 'बडी बिल्डरहरूसँग पहिलो पटक एउटै स्टेजमा देखिन लागेका हौँ,' मोडल बोना राईले साप्ताहिकसँगको कुराकानीमा भनिन्, '¬्यापमा राम्रो प्रदर्शनको तयारीमा छौँ।' स्पाइस वस्त्रको संयोजनमा हुने फेसन शोमा सारी, लेहंगा तथा पार्टी पहिरन प्रस्तुत गरिने राईले बताइन्।

बडी बिल्डिङ संघका अध्यक्ष मेख गुरुङ समेत फेशन शो आइतबारे साँझको मुख्य आकर्षण हुने बताउँछन्। 'हामी प्रतियोगिताको अन्तिम तयारीमा छौँ,' अध्यक्ष गुरुङले भने, 'बडी बिल्डिङसँगै विभिन्न मनोरञ्जनात्मक कार्यक्रमसमेत प्रस्तुत हुने भएकाले कार्यक्रम रोचक हुनेछ।' मिस पर्ल हङकङकी सेकेन्ड रनर्स अप ज्योति गुरुङसमेत आइतबार साँझ कम्मर मर्काउने तयारीमा छिन्। केही महिनाअघि बगैंचा डट कमद्वारा आयोजित फेसन शो गेल्म नाइटमा बेस्ट मोडलको उपाधिसमेत जितेकी ज्योतिको क्याटवाक हेर्ने दर्शकको चाहना भने यसपटक अधुरै रहेछ, किनभने बिरालो चालमा पोख्त मानिएकी ज्योति उक्त साँझ नृत्य प्रस्तुत गर्ने तयारीमा छिन्।

# क्विन नेपालमा १९ प्रतिस्पर्धी

**साप्ताहिक समाचार**

क्विन नेपालको अन्तिम अडिसन काठमाडौंमा सम्पन्न भएको छ। कमलपोखरीस्थित होटल कमलमा लिइएको अडिसनबाट काठमाडौंसहित विभिन्न जिल्लाका १९ प्रतिस्पर्धी छानिएका छन्। उनीहरूलाई फाइनल प्रतिस्पर्धाका लागि ग्रुमिङ सेसनमा राखिनेछ। रिदम नेपाल तथा क्रोमा एड्भरटाइजिङले संयुक्त रुपमा आयोजन गर्ने प्रतियोगिताको फाइनल पुस अन्तिम साता काठमाडौंमा हुनेछ।



देशभरका विवाहित तथा अविवाहित महिलालाई अवसर दिन आयोजकहरूले विभिन्न जिल्ला पुगेर अडिसन लिएका थिए। किष्ट बैंकको शाखामार्फत फर्म दर्ता गराएका १६ देखि २५ वर्ष उमेर समूहका महिलाहरूले अडिसनमा भाग लिएका थिए। मंसिरको पहिलो साता इलामबाट प्रारम्भ भएको अडिसन दमक, धरान, वीरगन्ज, हेटौंडा, पोखरा हुँदै काठमाडौंमा टुंग्याइएको हो। काठमाडौंमा लिइएको फाइनल अडिसनबाट काठमाडौंकी कञ्चन मानन्धर, पूर्णिमा मानन्धर, संगीता धिताल, निशा शेरचन तथा कुशुम सिटौला छानिएका छन्। ललितपुरबाट दुर्गाकुमारी श्रेष्ठ, पूजा भेटवाल, दीपा राणा, हेटौंडाबाट रुविना श्रेष्ठ, दैलखाकी प्रीति श्रेष्ठ अन्तिम प्रतिस्पर्धाका लागि छानिए। इलामबाट एन्जिला खड्का र शिष्टता चेम्जोङ, भक्तपुरकी दीपा श्रेष्ठ, धरानकी सवि लामिछाने र दमककी दीपिका लिम्बू पनि प्रतिस्पर्धाका लागि छानिएका छन्। त्यसैगरी पोखराबाट रेखा पुरी, प्रतिक्षा त्रिपाठी र नुवाकोटबाट इन्द्रावती श्रेष्ठ तथा दीवना थापा छानिएको कार्यक्रम संयोजक गणेश कार्कीले बताए।

कार्कीका अनुसार 'छानिएका सहभागीहरूलाई बौद्धिक विकासका विभिन्न क्रियाकलापमा संलग्न गराइनेछ।' ग्रुमिङ सेसनकै क्रममा उनीहरूलाई सामाजिक गतिविधिमा पनि सरिक गराइनेछ।

# फेसन शोको क्याटवाक अडिसन





**साप्ताहिक समाचार**

गएको शनिबार बिहान सानेपा, धोबीघाटस्थित सिनामोन लाउन्जमा मोडलहरूको राम्रै जमघट थियो। त्यहा रविना वैद्य, उमा थापा, प्रिना महर्जन, सबिना महर्जनदेखि मोडलिङ क्षेत्रमा उदीयमान सरुना खत्री, आयशा शाक्य, सोनी खड्का आदि करिब तीन दर्जन मोडल उपस्थित थिए। केही समयको पर्खाइपछि उपस्थित सबै मोडल यौवनाहरूले आफू अभ्यस्त भएको बिरालो चाल प्रस्तुत गरे। उनीहरूको त्यो हिंडाइ र प्रस्तुतिलाई आधा दर्जन फेसन डिजाइनर तथा कोरियोग्राफर निखिल विक्रम थापाले नियालिरहेका थिए। कारण ती मोडलहरूमध्ये उत्कृष्ट ठहरिएकालाई आगामी फेसन शोका लागि चयन गर्नु। आफ्नो समयमा कहलिएका मोडल तथा कोरियोग्राफर निखिल विक्रम थापा लगभग आठ वर्षको हङकङ बसाइपछि नेपाल फर्किए सँगै नेपाली डिजाइनर तथा मोडलहरूलाई समेटेर एउटा फरक र विशेष खालको फेसन शोको तयारीका लागि उक्त अडिसन आयोजित गरिएको थियो।

आगामी जनवरी १४ तारिकमा होटल याक एन्ड यतिमा हुने पुनरागमन, एथनीसिटी विथ ग्रीनिरिज अर्थात् हरियालीको मेसोमा कला संस्कृतिको फ्यूजन थिमअन्तर्गत संचालन गरिने फेसन शोमा नमुना कलेज अफ फेसन टेक्नोलोजीबाट फेसन डिजाइनिङमा ग्राजुएसन पूरा गरेका राधा बर्मा, मिना लोहनी, रितु श्रेष्ठ, विनु श्रेष्ठ, नविना महर्जन र हाल सोही कलेजमा फेसन शिक्षा अध्ययन गरिरहेकी निशा श्रेष्ठले तयार पार्ने पहिरनहरू प्रदर्शन गरिनेछ।

पहिरनमा नेपालीपनलाई बढी प्राथमिकता दिइने भएकाले पहिरनको डिजाइनमा मात्र नभएर पहिरन तयार पारिने कपडामा पनि नेपाली हातबुना कपडा तथा नेचुरल फ्याब्रिकको प्रयोग रहनेछ, जसमा जूट, हेम, बाम्बो, कटन, नेपाली ढाका, हाकु पटासी आदिले प्राथमिकता पाउनेछन्। यो फेसन शोको अर्को श्रृङ्खला हङकङमा प्रस्तुत गर्ने योजना छ।

# काभ्रेमा सुन्दरी बन्ने होड



काभ्रे- काठमाडौ विश्वविद्यालयबाट नर्सिङ परीक्षा उत्तीर्ण गरिसकेकी महेन्द्रज्योतिकी प्रमिता थापालाई एक सातायता एकछिन पनि फुर्सद छैन। बिहानदेखि बेलुकासम्मै उनी व्यतित्व विकास, क्याटवाक, आत्माविश्वास, प्रस्तुतीकरण, रहनसहन, प्रश्नोत्तरको तयारी, स्टेज पर्फर्मेन्स आदिको प्रशिक्षण लिँदै छिन्। कारण उनी पनि रेडियन्ट इभेन्ट म्यानेजमेन्ट ऐजेन्सीले आयोजना गरेको 'काभ्रे लेडिज ट्यालेन्ट सो-२०१०' को सुन्दरी बन्ने होडमा छिन्।

प्रतिस्पर्धामा २० देखि २५ वर्षसम्मका २२ जना युवतीको सहभागिता छ। उक्त कार्यक्रम हरेक वर्ष आयोजना हुने 'काभ्रे लेडिज ट्यालेन्ट सो-२०१०' दोस्रो संकरण हो।

'तीज ट्यालेन्ट सो-२००९' मा प्रतिस्पर्धी भै अनुभव सँगालिसकेकी बनेपा-५ की सन्तुष्टि दाहालले प्रतिस्पर्धालाई सहज रूपमा लिएकी छिन्। 'मेरा लागि प्रतिस्पर्धा नौलो होइन,' काभ्रे बहुमुखी क्याम्पसमा मानविकी संकायमा स्नातक तह प्रथम वर्षमा अध्ययनरत दाहालले भनिन्- 'यो आफ्नो क्षमता प्रर्दशन गर्ने यो सुवर्ण अवसर हो।'

परिवारको समर्थन र सहयोग पाएर प्रतिस्पर्धी बन्न हौसिएकी सञ्जु न्यौपानेको प्रमुख लक्ष्य विजयी बन्नु हो। 'तालिम लिइरहेकी छु, जसबाट मेरो आत्माविश्वास पनि बढेको छ,' विज्ञान संकायमा प्लस टु उत्तीर्ण न्यौपानेले भनिन्, 'तालिमबाट धेरै नयाँ कुरा सिकेको छु, त्यसलाई स्टेजमा सबैका सामु देखाउँछु।' बदलिँदो समयअनुसार युवतीहरूको व्यक्तित्व विकासका लागि कार्यक्रमको आयोजना गरिएको कोरियोग्राफर राज फैजु बताउँछन्। राजुका अनुसार 'यो कार्यक्रम उनीहरूका लागि अवसर पनि हो।' प्रतिस्पर्धीहरूलाई कोरियोग्राफर फैजुले विभिन्न विधामा प्रशिक्षण दिइरहेका छन्। उक्त कार्यक्रम पुस १० गते शनिबार बनेपा पार्टी भेन्युमा हुँदैछ।

**मनोज बस्नेत**

# काठमाडौंमै उपलब्ध छन्
# सेक्सटोयहरू

पृष्ठ १ बाट जारी

पाइने अत्याधुनिक यौनसामग्री नेपाल भित्र्याएको बताउने स्वीट सेक्रेटले यौनसम्बन्धमा अझ खुशी थप्न यो प्रयास गरेको दाबी गरेको छ ।

'लामो समयको अध्ययनपछि नेपाली जनताको एक वर्ग यो विषयमा चासो राख्छ भन्ने कुरा थाहा पाएर व्यवसाय सुरु गरेका हौं,' ढकालले भने- 'कृत्रिम यौनांग प्रयोग गर्ने चाहना राख्ने नेपालीले अब कृत्रिम यौनाङ्ग खरिद गर्न अन्तर्राष्ट्रिय बजार पुगिरहनुपर्दैन ।'

आफूलाई यौन प्रयोजनका लागि उपलब्ध हुने खेलौनाको बृहत् व्यावसायिक कारोबार प्रारम्भ गर्ने पहिलो नेपाली व्यापारिक संस्था बताउने स्वीट सेक्रेटमा ९५ प्रतिशत महिला कृत्रिम यौनाङ्गमा भाइब्रेसन छ । सिंगल तथा डबल भाइब्रेसनले यौनसम्बन्धलाई अझ रोमाञ्चक बनाउने ढकाल बताउँछन् । महिलाको सानो तथा ठूलो नांगो शरीर खेलौनामा उपभोक्ताले धीत मर्ने गरि यौनसम्बन्ध राख्न सक्ने उनले बताए । न्याकेड डलमा ब्याट्री राखिएकाले यसले विभिन्न स्वरूपमा शरिर रोटेसन गर्नुका साथै उत्तेजनामा रहेका महिलाको जस्तै आवाज पनि निकाल्छ ।

महिलाको शरीरमा अगाडिको यौनांगका अतिरिक्त नितम्ब भएका खेलौना शरीर पनि छन् । हामीसँग भएकामध्ये हाफ बडी सेप बढी रुचाइएको छ, प्रबन्ध निर्देशक पौडेल भन्छन्- 'साना फुल बडी पनि उत्तिकै लोकप्रिय छन् ।' स्वीटसेक्रेटले यौन सम्बन्धका बेला टड किसका लागि फ्लेस लाइट अर्थात् मुखकै आकारको अंग पनि बिक्रीमा भएको बताएको छ । जसबाट उपभोक्ताले महिलाको मुखमा चुम्बन गरेकै अनुभूति पाउने व्यवसायी पौडेलले बताए ।

यौन सम्बन्धमा समस्या हुनेहरूका लागि कृत्रिम यौनाङ्गको प्रयोग उपयुक्त हुने कुरा पुरानो भएको व्यवसायीहरू बताउँछन् । ढकाल भन्छन्-'कुरा के हो भने नियमित फ्रेन्डली सेक्स गरिरहेका दम्पतीले वाइल्ड सेक्सको चाहना राख्ने क्रममा अत्यधिक सन्तुष्टिका लागि यस प्रकारका साधन प्रयोग गर्ने हो ।' स्वीट सेक्रेटमा पुरुषलाई चाहिने २७ प्रकारका महिला कृत्रिम यौनाङ्ग उपलब्ध छन्, जसमा डबल भेजिना भएको डल पनि छ ।

त्यस्तै महिलाका लागि ३० प्रकारका पुरुष कृत्रिम यौनाङ्ग बिक्रीमा छन्, जुन ५ देखि १० इन्च सम्मका छन्, जसले अत्यधिक उत्तेजनामा ल्याउनुका साथै प्रयोगमा पनि साथ दिन्छन् । रेगुलर सेक्सबाट दिक्क भएकाहरूलाई नयाँपन खोज्ने क्रममा पुरुष सेक्सटोयले साथ दिन्छ । पुरुष लिंगमा पनि भाइब्रेसन भएकाले यसले छिट्टै चरम उत्तेजनामा पुऱ्याउँछ ।

हार्नेस अर्थात् पेटीसमेत भएको यो पुरुष लिंग महिलाले बाँधेर अर्को महिलालाई सेक्स गर्न उपयोगी छ । प्रबन्ध निर्देशक पौडेलका अनुसार लेस्वियन अर्थात् महिला महिलाबीचको यौन सम्बन्धका लागि यो साधन उपयोगी छ, त्यतिमात्र होइन, लिंग कमजोर भएका तथा पूर्ण रूपमा उत्तेजित नहुने पुरुषले पनि यो साधन प्रयोग गर्न सक्छन् ।

पुरुष कृत्रिम लिंगको साइज विभिन्न आकारमा उपलब्ध भए पनि यसलाई पम्प गरेर कडा वा अझ ठूलो गर्न सकिन्छ । यौनसम्बन्धको समयमा त्यसलाई पम्प दिएर भित्र नै ठूलो आकारको बनाउन सकिन्छ । साइज मेन्टेन गरेर महिलाले सन्तुष्टि पनि लिन सक्छन् । पुरुष कृत्रिम लिंगमा स्पाइनी भाइब्रेटर लिंग अर्थात् जता पनि फोल्ड गर्न मिल्ने पुरुष लिंग लोकप्रिय छ । यस्तै बेलुनको पृष्ठभूमिमा अडिएको पुरुष लिंगको सहायतामा महिलाले पुरुषसँगै सेक्स गरेको अनुभूतिमा सम्बन्ध राख्न सक्छन् ।

यौनसन्तुष्टि अर्को महत्त्वपूर्ण पक्ष ल्युब भएको प्रमुख कार्यकारी ढकाल बताउँछन् । महिलाको शररिबाट निस्कने चिप्लोपन जस्तै यो ल्युबले बढी यौनसन्तुष्टि दिन्छ । ड्युरेक्स प्ले वार्मिङ तथा ड्युरेक्स प्ले लडलास्टिङ दुईवटा ल्युब बढी प्रयोगमा आउने ढकालले बताए । महिला तथा पुरुषको लिंगलाई हिट गर्न ड्युरेक्स प्ले वार्मिङ र धेरै समय यौनसम्पर्क राख्न ड्युरेक्स प्ले लडलास्टिङ उपयोग गर्न सकिन्छ । ढकालका अनुसार अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड पूरा गरेका यी साधन उपयोग गर्दा स्वास्थ्यलाई कुनै असर पर्दैन ।

**कृत्रिम यौनाङ्ग र नेपाली समाज**

भाइब्रेटिङ पेनिस, पुसिज टोय तथा डल पुसी टोयका विभिन्न मोडल यौनसम्बन्धलाई अझ प्रभावकारी बनाउन उपयोगी हुन्छन् । विकसित अन्तर्राष्ट्रिय मुलुकमा कृत्रिम यौनसामग्रीको प्रयोग सामान्य भए पनि नेपाली परिप्रेक्ष्यमा यो नौलो कुरा हो । यौनका विषयमा अझै पनि गोप्य रहन रुचाउने नेपाली समाज भित्रभित्रै भने यस प्रकारका कृत्रिम साधनका उपयोगमा रुचि राख्न थालेको व्यवसायीहरू बताउँछन् । 'भन्नलाई विकृति भनिन्छ,' प्रबन्ध निर्देशक ढकाल भन्छन्- 'तर उपभोक्ताको रुचि हेर्दा कृत्रिम यौनाङ्गको सहायताले सेक्ससम्बन्ध फ्रेस राख्न चाहनेहरू पनि उत्तिकै छन् । बजारको रुचि हेर्दा आफूहरू उत्साहित भएको उनी बताउँछन् ।

'कृत्रिम यौनांगको प्रयोगलाई यौन समस्याका लागि होइन, सौखका रूपमा उपभोक्ताले लिनेछन् भन्ने हाम्रो बुझाइ हो,' प्रमुख कार्यकारी प्रविन ढकाल भन्छन्- 'दैनिक हस्तमैथुन गर्नुपर्ने युवाहरूका लागि कृत्रिम यौनाङ्गको प्रयोग उपयोगी छ ।' यौनसाथी नभएका युवायुवतीलाई यौन आनन्द हासिल गर्न पनि यस प्रकारका यौन खेलौना महत्वपूर्ण सावित हुने यौन तथा प्रजनन विज्ञ डा. खेम कार्की बताउँछन् । डा. कार्की भन्छन्- 'तर प्रयोगमा ध्यान दिनु आवश्यक छ ।'

प्राकृतिक यौनसम्बन्धको अभावमा बलात्कारजस्ता जघन्य अपराधतर्फ उन्मुख हुने युवाजमातलाई नियन्त्रणमा ल्याउन होस् वा असुरक्षित यौन सम्बन्धका कारण जीवनलाई जोखिममा पुऱ्याउनेहरूलाई यौनसन्तुष्टि दिलाउन कृत्रिम यौनांगको प्रयोग उपयोगी हुन्छ । त्यस्तै नियमित यौनसम्बन्धबाट दिक्क भएका तथा पर्याप्त यौनसन्तुष्ट हासिल गर्न नसकिरहेका दम्पतीहरूको हकमा पनि यस्ता यौनसामग्रीको प्रयोग त्यत्तिकै लाभदायी हुनसक्छ । प्रबन्ध निर्देशक पौडेल भन्छन्- 'जीवनसाथी विदेशमा भएकाहरूलाई त 'सेक्सुअल रिलेसन मेन्टेन' गर्न बाहिर अनैतिक सम्बन्ध राख्नुको सट्टा सेक्सटोय प्रभावकारी हुन्छ ।' त्यस्तै यौनलाई अनावश्यक महत्व दिएर जंगली प्रवृत्तिले बलात्कार गर्न खोज्नेहरूलाई पनि सेक्सटोयको प्रयोगले नियन्त्रणमा ल्याउँछ ।

विदेश बसेर आएका नेपालीहरू यस्ता यौन सामग्रीमा अभ्यस्त भैसकेका हुन्छन् । खासगरी उच्च सम्भ्रान्त परिवारका नेपालीहरू यस्ता सामग्री प्रयोगलाई सामान्य मान्छन् । उच्च आयस्रोत भएका परिवारका सदस्यहरूले विदेशबाटै मगाए पनि सेक्सटोयको आनन्द लिने गरेका छन् । कृत्रिम यौनांग, विभिन्न स्वरूप र प्रकारका कन्डम, यौनांगको आकार बढाउने सामग्री तथा ल्युबहरूको बिक्री-वितरण गर्ने अनुमति लिएर स्वीट सेक्रेटले काम गरेको हो । यौन साथी नभएकाहरू, विदेशमा रहेका श्रीमान्-श्रीमतीका नेपालमा बस्ने जीवनसाथीहरू, असुरक्षित यौनसम्बन्ध राख्न नचाहनेहरू, विवाहेत्तर यौनसम्बन्ध राख्न नचाहनेहरूलाई यस्ता सामग्रीका लक्षित उपभोक्ता मानिन्छ ।

२ हजार ५ सय रुपैयाँदेखि १५ हजार रुपैयाँसम्मका सेक्सटोय स्वीट सेक्रेटमा उपलब्ध छन् । डबल पुसी विथ साउन्डलाई अलि बढी पर्छ, त्यस्तै नेपाली बजारमा ५ रुपैयाको ढाल देखि ६ सय ५० रुपैयाँको क्रिस्टल कन्डम उपलब्ध छन् ।

भर्च्युअल सेक्सटोय घरभित्र एक्लै रहँदा अवस्था हेरी प्रयोग गर्न सकिन्छ । सेक्स जति गोप्य हुन्छ, यी साधन पनि त्यत्तिकै गोप्य ढंगले उपयोग गर्न उपभोक्ताले जानेका हुन्छन्, प्रबन्ध निर्देशक पौडेल भन्छन्- 'यी साधनलाई उपयोग गर्न थालेपछि यसलाई व्यवस्थित गर्ने विधि पनि जानकारी गराइन्छ ।' 'नेपाली समाजमा यो कुरा असमान्य लागे पनि यहाँ यौनतनावबाट गुज्रनेहरूको संख्या उल्लेख्य छ ।' यौन तथा प्रजनन विज्ञ डा. कार्की भन्छन्- 'त्यसैले पनि सेक्सटोयको अपरिहार्यतालाई समाजले क्रमशः बुझ्दै जानेछ ।'

### सस्तोमा स्तरीय कन्डम

बजारमा महँगो मूल्यमा लक्जरियस कन्डमको व्यवसाय भैरहेको देखेर इन्भेस्टमेन्ट एन्ड बिजनेस सलुसन प्रालीले सस्तोमा स्तरिय कन्डम नेपाली बजारमा भित्र्याएको बताएको छ । एकान्तकुनास्थित यो कम्पनीले हाल एप्पल, बनाना र स्ट्रबेरी ३ फ्लेभरमा कन्डम भित्र्याएको बजार अधिकृत राजीव न्यौपानेले बताए । न्यौपानेका अनुसार सबैभन्दा पातलो अल्ट्रा थिन कन्डम पनि नेपाली बजारमा आएको छ, जसमा विभिन्न भेराइटी उपलब्ध छन् । उपभोक्तालाई कम मूल्यमा राम्रो गुणस्तरको कन्डम दिने आफ्नो लक्ष्य रहेको न्यौपानेले बताए ।




### www.sweetsecret.com.np

यौनका विषयमा नेपाली समाज खुलेर चर्चा गर्न चाहँदैन । यो यथार्थलाई बुझेर प्रेक्सिस ग्रुपको स्वीट सेक्रेट आउटलेटले www.sweetsecret.com.np सञ्चालनमा ल्याएको छ । सेक्सटोयको जानकारी तथा त्यसको उपयोगका विषयमा यो वेबसाइटमा विस्तृत रूपमा बताइएको छ । महिला तथा पुरुष सेक्सटोयका विभिन्न मोडलका बारेमा वेबसाइटमा जानकारी उपलब्ध छ । विभिन्न मोडलका सेक्सटोयको मूल्य र उपयोगिता वेवसाइटमा उल्लेख छ, जसअनुसार उपभोक्ताले अर्डर गरेर अनलाइन खरिद गर्न सक्छन् । वेबसाइटमा सबै सेक्सटोयको विशेषता पनि उल्लेख छ । चाँडै नै इटहरी तथा पोखरामा शाखा खोल्ने तयारीमा रहेको स्वीट सेक्रेटले गोप्य रूपमा कारोबार गर्न चाहनेहरूलाई पनि सुविधा दिने बताएको छ ।

# जीवन के हो, मसँग सोध्नुहोस्

पृष्ठ ५ बाट जारी

सबैभन्दा पहिले त यसको उपचार हुन्छ भन्ने नै थाहा थिएन । बुबाले एउटा पुनर्स्थापना केन्द्रमा पुऱ्याउनुभएको थियो । त्यहाँ चार महिना बसेर फर्किएपछि पनि म तिनै साथीहरूको संगतमा पुगें, जसबाट पुनः पुरानै प्रक्रिया दोहोरियो । पुनर्स्थापनामा पुगेका ८० प्रतिशत युवा फेरि ड्रगकै कुलतमा फस्दा रहेछन्, तर पनि मैले नयाँ जीवन पाउनुमा एउटा ठूलो घटनाले काम गऱ्यो ।

**कुन घटना ?**

एउटा साथीका आमा-बुबा विदेशमा थिए । हामी तीन जना साथी उसैको घरमा ड्रग लिन पुग्यौं । हामी लगातार ड्रग लिइरहेका थियौं, अचानक त्यो साथी ढल्यो । उसलाई ओभरडोज भएछ । ऊ यसरी छटपटायो, त्यसको पीडामा हामीले केही गर्न सकेनौं । हामी त्यहाँबाट भाग्यौं । भोलिपल्ट थाहा भयो, त्यो साथी त मरेछ । त्यो घटनाले ममा यति गहिरो छाप छाड्यो कि म पनि मर्छु भन्ने पक्का भयो । अर्को कुरा मेरो शरीर यति जीर्ण भैसकेको थियो, जसले ड्रगको डोज थेग्न छाडिसकेको थियो । त्यसपछि मैले आफैं फेरि एकपटक पुनर्स्थापना केन्द्रमा जाने रहर गरें । त्यसपछि बुबाले सहयोग गर्नुभयो । मैले यति धेरै प्रयत्न गरें कि आखिर ड्रगलाई जितेरै छाडें ।

**आज चार वर्षपछि त्यो ड्रगको सम्भना आउँछ कि आउँदैन ? कुनै त्यस्तो घटना पऱ्यो भने फेरी ड्रगको सञ्जालमा फस्ने सम्भावना छ कि छैन ?**

छैन, किनभने जीवन के हो मैले जति कसले बुझेको छ र ? मलाई त्यसबेला मानिसले थुक्थे, हेला गर्थे । कोही पनि साथी हुँदैनथे । अहिले म ड्रगविरुद्धको अभियानमा लागेको छु । हजारौं युवाले मेरा कुरा सुन्न थालेका छन् । जीवन यति रमाइलो रहेछ, नबुझेर कहाँ फसेको रहेछु, फन्डै मरेको थिएँ । अब कुनै पनि घटनाले मलाई त्यहाँ पुऱ्याउन सक्दैन ।

**जब दुर्व्यसन छाड्नुभयो, तपाईंले लिएको लक्ष्य के थियो ?**

मैले टिनएजमा जुन गल्ती गरें, त्यो गल्ती अरूले गर्नु हुँदैन भन्ने बुझें । यसका लागि मैले लाखौं टिनएजरलाई ड्रग्सको नकारात्मक पक्ष बुझाउँछु भन्ने लक्ष्य राखें । त्यसका लागि मैले अंग्रेजी र नेपालीमा आफ्नो जीवनकथा लेखें । संस्था गठन गरेर त्यसमा राजेश हमाल, युवराज लामा, गायक प्रकाश श्रेष्ठ, चलचित्र व्यवसायी मोहन सर्राफ, पत्रकार दिवस गुरागाईंजस्ता चर्चित अनुहारलाई लिएर स्कुल-स्कुलमा कार्यक्रम गर्न थालें । संस्थाले फायर, मुक्ति र द मुभमेन्ट शीर्षकका तीनवटा डकुमेन्ट्री बनाएको छ, जुन स्कुल-स्कुलमा कार्यक्रम गर्दा प्रदर्शन गरिन्छ । मेरो लक्ष्य नै मैले जे भोगें, भाइबैनीहरूले नभोगून् भन्ने हो । यदि मैले बेलैमा ड्रग्सको नेगेटिभ कुरा थाहा पाएको भए सायद म त्यति गम्भीर समस्यामा पर्दिनथें । यही कुरा अहिले म अरूलाई बुझाउँदैछु ।

**दुर्व्यसनमा फस्नै नदिनु ठूलो कुरा हो, तर फसिसकेकाहरूका लागि के गर्दै हुनुहुन्छ ?**

वास्तवमा यसका चारवटा फेज छन् । पहिलो दुर्व्यसनमा फस्नै नदिने । फसिसकेकाहरूलाई पुनर्स्थापना सेन्टरमा पुऱ्याएर उपचार गर्ने । तेस्रो पुनर्स्थापनाबाट फर्किएकाहरूलाई फेरि गलत संगतमा लाग्न नदिने । चौथो र अन्तिम नर्मल लाइफमा आउन नसक्ने अवस्थाका व्यक्तिहरूलाई अपराध गर्न र एचआईभी सर्न नदिने । म पहिलो काम गर्दैछु । बाँकी तीनवटा काम गर्ने धेरै संस्था छन्, म ती संस्थाहरूमा सिफारिस गर्छु । मैले स्कुलहरूमा कार्यक्रम गर्दा कतिपय किशोर-किशोरीले मसँग नम्बर लिएर एकान्तमा भेटेका छन् । उनीहरूमध्ये कतिपय ड्रगमा फसिकेका हुन्छन्, म उनीहरूलाई सकेसम्मको हेल्प गर्छु । यद्यपि मेरो काम भने त्यहाँ पुग्नै नदिने हो ।

**भविष्यको योजना के छ ?**

जीवनपर्यन्त ड्रगविरुद्धको अभियानमा लाग्छु, तर यो संस्थाको आम्दानीलाई स्थायी बनाउन मैले व्यापार व्यवसाय पनि गर्नुपर्छ । किनभने म विदेशी पैसा ल्याएर यसलाई एनजीओ बनाउने पक्षमा छैन । चलचित्रको निर्देशन तथा व्यापार मेरा पारिवारिक काम हुन् । त्यसबाट आएको पैसाले यो संस्थालाई बलियो बनाउँदै लान्छु ।

**एकपल्ट पछाडि फर्केर हेर्दा तपाईंसँग ड्रग्स खाने साथी कहाँ होलान्, सम्झना गर्न सक्नुहुन्छ ?**

हामी छ जना थियौं, तीमध्ये दुई जना मरिसके । एक जनामा एचआईभी पोजेटिभ देखिएको छ । ऊ पुनर्स्थापना केन्द्रमा छ । बाँकी जेलमा छन् । मैले मात्र त्यो नारकीय जीवनबाट पार पाएँ । त्यसैले पनि म यो जीवनलाई सकेसम्म फलदायी बनाउने पक्षमा छु ।

**अश्विनी कोइराला**

# ह्यान्डसम लुक

*युग छ, सधैं जवान रहने, यस्तोमा युवकहरू युवतीहरूभन्दा किन पछाडि रहन्थे र ? अब त युवतीहरू पनि मान्न थालेका छन्उनीहरू पनि कन्डिसन गरिएको सफट हेयर स्टाइल भएका एवं सफा-सुग्घर देखिने दाग नभएको मुहार भएका युवकहरूबाट प्रभावित हुन्छन्। बदलिँदो रोजाइलाई ध्यानमा राखेर कठोर र रफ छाला भएका युवामा आफ्नो स्किन र हेयरलाई लिएर ब्युटी क्रेज बढ्दै गएको छ। ट्रेन्डी युवा र बढ्दो उमेरका पुरुषका लागि पार्लर र कस्मेटिक सर्जनले पनि विशेष खालको थेरापी उपलब्ध गराउन थालेका छन्।*



**केमिकल पील थेरापी**

अधिकांश कामकाजी युवाको छाला दैनिक भागदौड, तनाव, सूर्यको किरण एवं प्रदूषणका कारण समयभन्दा पहिले नै रिंकल र चायाँको सिकार हुन्छ। परिणामस्वरूप बन्द रौंछिद्रमा एक्ने र त्यसको दागको समस्या, रंगहीन छाला र मुहारमा देखिएको मिहिन रेखाका कारण मुहारको ताजापन हराएर जान्छ। यस किसिमको समस्याका लागि केमिकल पिल थेरापी एउटा राम्रो एवं पीडारहित उपाय हो। यो प्रक्रियामा छालाको बाहिरी लेयरमा केमिकल सोल्युसन प्रयोग गरिन्छ, जसबाट छालाको मृत कोशिकाहरू बाहिर निस्कन्छन् र नयाँ कोशिका निर्माण हुन्छन्। छाला पहिलेको तुलनामा कम समयमा बढी चम्किलो देखिन्छ।

**ग्लाइकोलिक पिल फेसियल**

राम्रो गुणस्तरको ग्लाइकोलिक पिलको प्रयोगले छालाको बाहिरी लेयरलाई नरम बनाउँछ र छालालाई यौवन प्राप्त हुन्छ। सुख्खा एवं मृत छाला पहिलेको तुलनामा स्वस्थ, एकनासको र चायाँरहित देखिन्छ। पिल फेसियलबाट राम्रो नतिजा प्राप्त भए यसको प्रयोग बारम्बार गर्न सकिन्छ, तर यो थेरापी प्रयोग गरिसकेपछि केही साइड इफेक्ट पनि हुन सक्छ जस्तै छालामा हल्का पाप्रा देखा पर्नु, रातो हुनु, चिलाउनु आदि। यो समस्या एक दिन मात्र देखिन्छ। यो थेरोपी पछि एक वा दुई दिनसम्म घाममा निस्कनु हुँदैन।

**अल्फा हाइड्रोक्सी एसिड थेरापी**

एएचए अर्थात् अल्फा हाइड्रोक्सी एसिड फेसियल जवान देखिन गरिन्छ। यो फेसियलमा भएका कुरालाई फल र विशेष फूलबाट तयार गरिन्छ। यसले छालामा एन्टी एजिङको काम गर्छ। एएचए फर्मुलामा तयार गरिएको क्रिमको प्रयोगले छाला नरम, कोमल एवं चम्किलो हुन्छ। यो फेसियल रिंकल र चायाँबाट मुक्तिका लागि राम्रो मानिन्छ। यसबाट छालामा कसिलोपन आउँछ र छालाको बनावट पनि सुध्रन्छ। मस्तिष्कले पनि शान्ति र आराम महसुस गर्छ। यसमा फरक-फरक खालको छालाअनुसार फरक फलको हाइड्रोक्सी एसिड प्रयोग हुन्छ। जस्तै- केरा शुष्क छालाका लागि, सुन्तला तैलीय छालाका लागि। यस प्रकारको फेसियलमा अल्ट्रासेनिक मेसिनबाट छालाको भित्री लेयरमा हाइड्रोक्सी एसिडयुक्त क्रिम पुर्‍याइन्छ, जसबाट छालाले पुनर्जीवन प्राप्त गर्छ।

**यंग स्किन मास्क**

यो मास्कलाई अल्फा हाइड्रो एसिड फेसियलका साथमा कम्बिनेसनका रूपमा प्रयोग गरिन्छ। यंग मास्कमा झन्डै ९५ प्रतिशत कोलेजन हुन्छ जसले छालालाई कसिलो बनाउँछ। यसबाट छालाको रिंकल हट्नुका साथै चिकन फक्सको दुई तीन भाग धब्बा पनि हट्छ।

**एन्जाइम प्याक**

कम समयमा धेरै असर देखाउने एन्जाइम प्याकले अस्वस्थ छालालाई प्राकृतिक रूपबाट ठीक राख्छ। यो प्याकमा भएको एन्जाइम्सले छालालाई पुनर्जीवित गर्छ र छालाको भित्री लेयरको कमीलाई पनि ठीक गर्छ। यो प्याक पनि छालाअनुरूप अल्फा हाइड्रोक्सी एसिड फेसियलमा प्रयोग गर्न सकिन्छ।



**गेलवेनिक फेसियल**

छालाको हाइटेक उपचार गर्न गेलवेनिक फेसियल गरिन्छ, जसमा गेलवेनिक उपकरणका माध्यमबाट शुष्क वा तैलीय छालाको स्थिति जाँचेर सामान्य तुल्याइन्छ। छालाको माथिल्लो लेयरमा परेको दाग र चायाँ भेजिटेबल पिलबाट हटाइन्छ।

**डिअक्सिफाइड फेसियल**

यो फेसियल ती युवकका लागि हो, जो धेरै दौडधूप गर्नुपर्ने काम गर्छन्। धूलो, धूवाँ र प्रदूषणबाट उनीहरूको छालाले चमक गुमाएको हुन्छ। यो फेसियलबाट छालाको नरमपन फर्कन्छ र छालाको रौंछिद्रले सास लिन थाल्छ।

**एन्टी अक्सिडेन्ट फेसियल**

तनावविरुद्ध एन्टी अक्सिडेन्ट फेसियल उपयुक्त हुन्छ। यो फेसियलमा प्रयोग गरिने क्रिम मास्क फ्री रेडिकलयुक्त हुन्छ। यिनमा भिटामिन ए, बिटा केरोटिन तथा भिटामिन ई हुन्छ, जसले छालाको गहिराइसम्म पुगेर सफा गर्छ। प्रायः गरी यो फेसियल ती पुरुषका लागि उपयुक्त हुन्छ, जो ट्राबल जब गर्छन्।

**कोलेजन फेसियल**

आँखामुनिको कालो घेरा, मुहारमा मिहिन प्वालका रेखाहरू, लुज भएको छाला एवं छालाको दाग हटाउन कोलेजन फेसियल गरिन्छ। यसमा लेजर उपचार प्रयोग गरिन्छ। छालालाई पूर्ण रूपले नमी प्रदान गर्न यो फेसियलका साथमा मल्टी पर्पल थेरापीज पनि दिइन्छ। जस्तै- एक्सफोलिएसन, मनतातो पानीको वाफ, डीप पोर क्लिन्जिङ, लिम्फेटिक ड्रेनेज मसाज तथा सेल्फ होलिङ मिनरल उपचार।

**फेस लिफ्ट**

ढिलो विवाह गर्ने चलनका कारण ३७ वर्षका पुरुष जब बेहुला बन्छन् तब उनको मुहारमा उमेरका झलक देख्न पाइन्छ। यसका लागि कुनै कस्मेटोलोजिस्टको सल्लाह लिनुपर्छ। एक्सपर्टहरूका अनुसार पुरुषमा डबल चिन, लुज लाइन, भरिएको गालाका कारण मुहार गोलमटोल हुन्छ र चाँडै बूढो देखिन थाल्छ। यो थेरापीमा दोहोरो चिउँडो, भरिएको गालाबाट अतिरिक्त फ्याटलाई लोप्याक्सन वा सर्ट इनसिजनजस्तो विशेष प्रविधिबाट निकालिन्छ। पीडारहित यो थेरापीमा लोकल एनेस्थिसिया प्रयोग गरिन्छ। सुजन र भित्री पीडा दुई-चार सातासम्म अनुभव हुनसक्छ र दुई महिनामा यसको परिणाम देखा पर्छ। यो उपचार गराएपछि केही समयसम्म सूर्यको किरणबाट जोगिनुपर्ने हुन्छ।

**रिंकल रिमुभल थेरापी**

बोटेक्सबाट आँखा वरपरको रिंकल कम गर्न सकिन्छ र भविष्यमा रिंकल पर्ने सम्भावना पनि हटाउन सकिन्छ। यसमा बोटोलिनम टक्सिनलाई सेलाइनमा डाइल्यूट गरेर इन्जेक्सनको माध्यमबाट रिंकल परेको छालाको भित्रसम्म पुर्‍याइन्छ। यो थेरापी गरेको दुई चार दिनसम्म मांसपेशीमा दबाव पर्ने कार्य गर्नुहुँदैन। यसको नतिजा अस्थायी हुन्छ। यसको प्रभाव बढीमा ६ महिनासम्म रहन्छ। आवश्यकताअनुरूप यसलाई दोहोर्‍याउन सकिन्छ।

**फेसियल इन्प्लान्ट**

कुनै चोटका कारण कुनै दाग वा गाला, चिउँडो वा मुखको आकार प्रकारमा परिवर्तन आए, पर्याप्त सावधानीपूर्वक त्यसलाई रिसेप गर्नुपर्छ। यसलाई फेसियल इन्प्लान्ट भनिन्छ। यो पनि ओपन सर्जरी भने होइन। प्रभावित स्थानमा दुई-चार सातासम्म हल्का सुजन रहन्छ र एक महिनाभित्र यसको नतिजा देखा पर्न थाल्छ।

● रोजिन शाक्य

पारिवारिक स्वास्थ्य

# कसलाई चाहिन्छ एन्टिरेबिज भ्याक्सिन ?



बनियानी, झापाबाट एकै परिवारका छ जना एन्टिरेबिज भ्याक्सिन अर्थात् रेबिजविरुद्धको सुई लिन मेची अञ्चल अस्पताल आए। उनीहरूलाई कुकुरले टोकेको थिएन, रेबिज लागेको अन्य कुनै जनावरले टोकेको पनि होइन। उनीहरूले रेबिज लागेको शंका गरेको गाईलाई स्याहार-सुसार गरेको, दाना ख्वाएका, कसैले मुखमै हात हालेर औषधी ख्वाएका थिए। यसरी कसैलाई मुसाले टोकेर त कसैलाई बिरालाले चिथोरेर दिनहुँजसो अस्पताल आउनेहरूको कमी हुँदैन। यसरी आउने सबैलाई एन्टिरेबिज भ्याक्सिन अर्थात् रेबिजविरुद्धको सुई आवश्यक छ त ?

रेबिज एक किसिमको भाइरस (विषाणु) हो, यसले हाम्रो तथा विभिन्न जनावर (होस्ट) को स्नायु तन्तु तथा र्‍याल ग्रन्थिमा असर गर्छ। मस्तिस्क तथा स्नायु तन्तुमा असर गरिसकेपछि यो भाइरस र्‍यालग्रन्थि, फोक्सो, मृगौला, तथा अन्य अंगहरूमा स्नायु तन्तु (अटोनोमिक नर्भ्स) बाट फैलन्छ। विश्वका केही मुलुक (अस्ट्रेलिया, न्युजिल्यान्ड आदि) बाहेक सबै मुलुकमा रेबिजका बिरामी देखिन्छन्।

रेबिज समान्यतः बौलाएको कुकुर अर्थात् रेबिज लागेको कुकुरको टोकाइबाट सर्छ। रेबिज अन्य रेबिज लागेका जन्तुहरू जस्तै बाँदर, स्याल, फ्याउरो, चमेरो, घोडा, भेडा तथा वन्यजन्तुहरूको टोकाइबाट मानिसमा सर्छ। रेबिज लागेको जनावरले नंग्रामा तथा रेबिज लागेको चमेरो चलाउँदा (हावाको माध्यमबाट) पनि यो रोग सर्न सक्छ। रेबिज लागेको जनावरको स्याहार गरेर, दूध उमालेर खाए, मासु राम्रोसँग पकाएर खाए यो रोग सर्दैन। त्यस्तै रेबिज लागेको मानिसलाई पिट्दा, चिमोट्दा, चुम्बन गर्दा तथा यौनसम्पर्क राख्दा पनि यो रोग सर्दैन। रेबिज लागेको जनावरले हातखुट्टामा टोक्दा १० प्रतिशतमा मात्र रेबिज सर्ने भए पनि घाँटी, अनुहार, तथा टाउकोमा टोक्दा ८० प्रतिशतभन्दा बढी लाई रोग सर्ने सम्भावना हुन्छ।


रेबिजका भाइरसले संक्रमण गरे पनि रोगको लक्षण देखिन धेरै (केही महिनादेखि वर्षौं) समय लाग्ने हुन्छ। रोगका लक्षणहरू बिरामी र रोगको जटिलताअनुसार केही फरक भए पनि सामान्यतः ज्वरो आउनु, टाउको दुख्नु, थकित महसुस् गर्नु आदि हुन्छन्। रोगले चेप्दै गएपछि मानसिक सन्तुलन गुमाउने, पानी तथा हावासँग डराउने हुन्छ। अन्तमा मुटुको चालमा गडबडी हुने तथा बेहास् भएर मृत्युसम्म हुन्छ। रेबिज लागेको चमेरोबाट रेबिज लागेको अवस्थामा यस्ता लक्षण देखा नपरी प्यारालासिस भएर मानिसको मृत्यु हुन्छ।

रेबिज लागिसकेपछि यसको उपचार सम्भव छैन। औषधीले पीडा कम गर्न मद्दत गर्छ। यस्तो अवस्थामा बिरामीको राम्रो स्याहार गर्ने, पोषणयुक्त खाना र शान्त वातावरण दिनुपर्छ। यसको उपचार सम्भव नभएकाले पनि रेबिजको रोकथामलाई बढी महत्त्व दिनुपर्छ।

कुनै पनि जनावरले टोक्नेबित्तिकै घाउलाई राम्रोसँग साबुन-पानीले धुनुपर्छ। धाराको वा तीव्र गतिमा बगेको पानीले कम्तीमा ५ मिनेट घाउ धोएर, बेटाडिन वा टिन्चर आयोडिन लगाउनाले रेबिज् मात्र नभएर अन्य संक्रमण पनि कम हुन्छ। यस्ता घाउलाई सिलाउनु (टाँका लगाउनु) हुँदैन। यस्ता घाउमा एन्टिरेबिज सेरम लगाउनुपर्छ। अनुहार, घाँटी तथा टाउको वरिपरि रेबिज लागेको जनावरले टोके तुरुन्त एन्टिरेबिज भ्याक्सिनका साथै ह्युमान रेबिज इम्युनोग्लोबिन पनि लिनुपर्छ, तर कुनै पनि जनावर वा कुकुरले टोक्दैमा वा नङ्ग्राउँदैमा एन्टिरेबिज भ्याक्सिन लगाउनुपर्दैन। यस्तो अवस्थामा उक्त जनावर वा कुकुरलाई १० दिन हेर्नुपर्छ। १० दिनको अवधिमा सो जनावर वा कुकुरमा रेबिजको लक्षण देखिए वा मरे एन्टिरेबिज भ्याक्सिन लगाउनुपर्छ, तर सो जनावर वा कुकुरलाई १० दिन हेर्न नसकिने अवस्थामा एन्टिरेबिज भ्याक्सिन लगाउनुपर्छ। रेबिज लागेको घरपालुवा जनावरहरूको स्याहार-सुसार गर्दा मुखमा हात नहाल्ने तथा टोकाइबाट जोगिने। हातमा घाउ भएकाहरूले त्यस्ता जनावरहरूको र्‍याल छुनु हुँदैन। त्यस्ता जनावरको र्‍याल घाउ वा रगतसँग मिसिए एन्टिरेबिज भ्याक्सिन लगाउनैपर्छ। आफूलाई रेबिज लागेको जनावरले टोके नजिकको स्वास्थ्यकेन्द्रमा गएर परामर्श लिनुपर्छ।

**डा.बालकृष्ण साह**
**मेडिकल अधिकृत, मेची अञ्चल अस्पताल**

# आत्महत्या



औद्योगिक देशहरूमध्ये जापानमा आत्महत्याको दर सर्वाधिक छ ।

सन् २००९ मा जापानमा ३० हजार मानिसले आत्महत्या गरेका थिए ।

जापानमा आत्महत्याको मुख्य कारण बेरोजगारी, सामाजिक उत्तरदायित्व एवं उदासीनता हो ।

जापानमा आत्महत्या गर्ने मानिसमा ७० प्रतिशत पुरुष हुन्छन् ।


रेलबाट हाफ फालेर आत्महत्या गर्नु जापानमा सर्वाधिक लोकप्रिय माध्यम हो । यो शैलीबाट आत्महत्या गर्दा रेल कम्पनीले परिवारलाई क्षतिपूर्ति तिर्नुपर्ने हुन्छ ।






आत्महत्या गर्न चाहनेहरूलाई परामर्श दिन सञ्चालन गरिएको हटलाइन टेलिफोनमा प्रत्येक साता १ हजार ३० फोन कल आउँछ ।

आत्महत्याको प्रयास प्रत्येक पटक १२ देखि २५ जना व्यक्तिले गरिरहेका हुन्छन्, जसमा १ जना मात्र आत्महत्या गर्न सफल हुन्छन् । अमेरिकामा वार्षिक ३३ हजारले आत्महत्या गर्दा ८ लाख २५ हजारले आत्महत्याको प्रयास गरिरहेका हुन्छन् ।




# पत्याउनु हुन्छ ?



चीनका अनुसन्धानकर्ताहरूले सुनौलो जातको बाँदरको अनुसन्धान गर्दा उक्त जातिका बाँदरमा समलिंगी व्यवहार पनि पाए । यी जातका बाँदरले पोथीलाई फकाउन पुरुष बाँदरसँग समेत यौनव्यवहार गरेका थिए ।



स्वीडेनको लियो कम्पनीले विलासी सामग्रीहरू प्रयोग गर्न चाहनेहरूलाई मध्यनजर गरेर सुनको जलप भएको सेक्स टोय निर्माण गरेको छ । १ वर्षको वारेन्टी भएको यो सेक्स टोयको मूल्य १५ हजार अमेरिकी डलर छ ।

भिडियो फोनक प्रयोगकर्ताहरूमध्ये प्रत्येक मा १ जनाले उक्त सेव कामोत्तेजक कार्यका लागि प्रयोग गर्ने गरेको हा गरिएको एक सर्वेक्षण देखाएको छ । १ हजार सय ३० जना भिडियो फो प्रयोगकर्तामा गरिएक सर्वेक्षणबाट उक्त तथ्य पत्त लागेको हो ।




घुर्ने श्रीमान् हुँदा श्रीमतीले वर्षमा ७ सय ३० घन्टा सुत्न नपाउने हालै गरिएको एक अनुसन्धानबाट पत्ता लागेको छ । घुर्ने श्रीमान्का कारण महिलाहरू प्रत्येक रात दुई घन्टा यताउता फर्केर बिताउँछन् ।



## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## साप्ताहिक कोठेपद



**दायाँ**

१. काठमाडौं उपत्यकाको सहर (४)
२. रचना गर्ने व्यक्ति (४)
३. सप्तकोसीको सहायक नदी (४)
५. एक प्रकारको मीठाई (४)
६. नेपाली भाषामा पिकक (३)
८. एक हिमाली जिल्ला (३)
९. एक नदी (३)
१०. मौका, अंग्रेजीमा चान्स (४)
११. अजर, अमर, अविनाशी (३)
१३. गरुडकी आमा (३)
१४. पारिश्रमिक (२)
१५ अणुबम खसालिएको सहर (४)
१६. विनसित्तीको, बेकाममा (४)
१७. आयुर्वेदका एक ज्ञाता (३)
१८. पूर्वी नेपालको एक नदी (३)
२०. माछाको एक प्रजाति (४)
२१. पर्यावरण, मौसम (५)

**तल**

१. बोटबिरुवामा छर्कने औषधी (५)
२. नाटक देखाउने ठाउ (४)
३.उत्तर-पूर्वको एक जिल्ला (४)
४. अक्षरको माथि रहने रेखा, डिको (४)
५. सुगन्धित फूल (३)
६. गोरखामा रहेको एक हिमाल (४)
७. खेलकुदमा हुने ठाउ (४)
९. साहित्यको एक विधा (३)
१०. इच्छा नभएको व्यक्ति (४)
११. आयुर्वेदमा चिरफार गर्ने व्यक्ति (३)
१२. प्राचीन बौद्ध विश्वविद्यालय (४)
१३. दुःख, वेदना (३)
१५. प्राचीन जुम्लाका एक शासक (३)
१६. दाना-दानामा छुट्टिने एक फल (३)
१७. हासको एक प्रजाति (३)
१९. मृत शरीर (२)

## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी
yogeshkhapangi@gmail.com



## ● तालुमा आलु ●



प्रकाश ओझा

लोग्ने राति २ बजेसम्म नफर्किएपछि पत्नीले रुँदै आमासँग भनी...

'उहाँको कसैसँग चक्कर छ त्यै भएर त अहिलेसम्म त्यसैसँग.. ।'

'के भ'को कमला तँलाई 'आमाले भनी' तँ खाली ज्वाइँका बारेमा नराम्रो मात्रै किन सोच्छस् हँ... के था कुनै बस ट्रकले कुल्चेर मारेको पो छ कि ?'

०००

एउटा जँड्याहा बाटोमा हिँड्दै थियो जसको जिब्रो कालो थियो ।

साथीले देख्यो र सोध्यो 'तेरो जिब्रा किन कालो ?'

'के भन्नु यार' उसले जवाफ दियो 'हातमा बोकेको रक्सीको बोतल भुइँमा फुटेर झऱ्यो, पैसा परेको जिनिस के गर्नु यार... तर पिच रोड भर्खर बनेको रहेछ... ।'

०००

हाकिम आफ्नो मातहतको कर्मचारीलाई भन्दै थियो-

'यो मेरो विचार हो.. तिमीलाई मेरो विचारप्रति असहमति जनाउने पूर्ण अधिकार छ यदि तिमीले अर्कै ठाउँमा जागिर खोजिसकेकै छौ भने ।'

०००

पुलिसमा भर्ती हुन एउटा व्यक्ति डाक्टरकहाँ गयो । 'कपडा सबै खोल अनि टुलमा बस ।' डाक्टरले आदेश दियो । युवकले आदेशको पालन गऱ्यो । 'तिमी भर्तीका लागि फिट छौ ।' डाक्टरले भन्यो- 'कपडा लगाउ र जाउ ।'

'तर डाक्टर साब' युवकले छक्क पर्दै भन्यो- 'तपाईंले मेरो डाक्टरी जाँच त गर्नुभएकै छैन ।' 'गरेँ त भाइ' डाक्टर बोल्यो- 'तिमीले मेरो आदेश सुन्यौ, मतलब तिम्रो कान ठीक छ, तिमीले टुल देख्यौ मतलब तिम्रो आँखा ठीक छ, तिमीले कपडा खोल्यो मतलब तिम्रो हातखुट्टा ठिक छ र मैले दिएको आदेश तिमीले बुझ्यौ मतलब तिम्रो मस्तिष्क ठीक छ र अब जाऊ यहाँबाट अनि अर्को व्यक्तिलाई पठाऊ ।'

०००

फिसिङको सौकिन एक व्यक्ति दिनभरि नदी किनारमा बल्छी थापेर बस्यो तर दुर्भाग्य एउटा पनि माछा परेन बेलुकी फर्कंदा घर छेउको माछा पसलमा गयो र भन्यो- 'एक किलो माछा नाप त' उसले भन्यो- अनि म पट्टि फ्याँक'

'किन फ्याँक्नु' पसलेले सोध्यो ।

'तिमीले फ्याँक्छौ म पक्रन्छु अनि घरमा श्रीमतीलाई माछा पक्रेर ल्याएको भन्न मिल्छ ।'

'ठिक छ मैले बुझेँ तर म एक किलो मुंग्री तौलेर फ्याँक्छु' पसलेले भन्यो ।

'किन ?'

'अघि तपाईंको श्रीमती यहाँ आउनुभएको थियो श्रीमान्ले माछा फ्याँक भन्नुभयो भने मुंग्री माछा फ्याँक्नु भन्दै हुनुहुन्थ्यो । उहाँलाई मुंग्री माछा खान मन छ रे ।'

०००

## ● कविता ●

# रेशमकुमारका कविता



### बैंसालु मात

उज्यालोमा बस्नेलाई आउँछ रात कहाँ
तिमी पारि म वारि हुन्छ साथ कहाँ
देखिन्छ नि उजाड ठूला-ठूला रूखहरू
सुकेको हाँगामा हुन्छ पात कहाँ
चिसियो कि सम्वन्ध आवत-जावत छैन
तर्किएर जानेसँग त मिठो वात कहाँ
कसरी भन्ने रेशम मनभरिका कुरा
बिरामी दुनियाँमा बैशालुको मात कहाँ

### मनको पीडा

दुखियाको जिन्दगानी दु:खै मात्रै हो कि
सम्झिएर मनको पीडा अल्झिने पो हो कि
गाउँको जीवन गाउँमै बित्यो पाखापखेरीमा
जस्तो नाच्यो उस्तै राम्रो कि आफ्नै मझेरीमा
जस्तो भोग्यो उस्तै जीवन भोगाइ पो हो कि
सम्झिएर मनको पीडा अल्झिने पो हो कि
जिन्दगीको खेलमा हजुर को छ र नहारेको
सुनी गीत रमाएको त्यो खोला खहरेको
आफ्नो दु:ख आफैंसँग तिम्ले सुन्ने हो कि
सम्झिएर मनको पीडा अल्झिने पो हो कि ?

### पर्नुपरें म त

नक्कली त्यो पिरतीले मर्नु मरे म त
जिन्दगीको ठूलो पीरमा पर्नु परें म त
लुकी-लुकी भेट्न आउने लाग्थ्यो कस्तो प्यार
दिए मैले मेरो मुटु सम्झी आफ्नो संसार
सारा सपना लुटी भाग्दा झर्नु झरे म त
जिन्दगीको ठूलो पीरमा पर्नु परें म त
तिम्रो माया यो दिलमा न सकियो भुल्न
हिंडिसक्यो आधि बाटो न सकियो फुल्न
आँसुको त्यो नदी तर्नु तरे म त
जिन्दगीको ठूलो पीरमा पर्नु परें म त ।

### नडुबाऊ फेरि

नदु:खेको घाउलाई नदु:खाऊ फेरि
मायम हो कि धोका नलुकाऊ फेरि
यात्रासँगै गर्ने वाचाहरू कता गए ?
दोषी भए जस्तो शीर नझुकाऊ फेरि
तिमी बग्छौ कहाँ, म बग्छु कहाँ
भावनाको त्यो बेगलाई नफुकाऊ फेरि
यो जीवन छउन्जेल कति झर्छ आँसु
रोएर त्यो आँसुलाई नसुकाऊ फेरि
कति डुब्यौं हामी मायाको सागरमा
बिना अर्थ मलाई नडुबाऊ फेरि ।

### छोड जिन्दगीमा

कि छोड यो दुनियाँमा त्यो पिउन जिन्दगीमा
कि छोड पिई पिई बिग्रँदै जिउन जिन्दगीमा
यता टाल्यो उता भ्वाङ उता टाले यता
फाटिरहने कुरालाई छोड सिउन जिन्दगीमा
नदीमाझ तैरी जाने डुङ्गा जस्तै हाम्रो जीवन
डुब्नुअघि सतहमै पर्छ खियाउन जिन्दगीमा
उप्किए होलान् सपनाका भित्ताहरू कतै-कतै
उप्किएका ती ठाउँमा पर्छ लिउन जिन्दगीमा ।

### दुख्छ घाउ जिन्दगीमा

दुख्नलाई त कति दु:ख्छ घाउ जिन्दगीमा
डुब्नलाई त कति डुब्छ नाउ जिन्दगीको
दु:ख-सुख जिन्दगीको रीतै यस्तो सबैको
यसरी हिंड्नुछ हिंड्दै जाऊ जिन्दगीमा
चुनौती कति आउँछन्, सबैको व्यथा उस्तै
कसले नाप्ला आफैले आफ्नो भाउ जिन्दगीमा
आफैदेखि छक्क पर्छ यो रेशम बेलाबेला
कतै सहर वस्ती त कतै गाउँ जिन्दगीमा ।

## ● लघुकथा ●



# विडम्बना

केही वर्षअघि दुई युवती भोगटे ताछेर बसिरहेका बेला उसले एउटीसँग सोध्यो, 'तिमीसँग केही कुरा सोध्नु छ । कुरा गरौं ?' 'के हेरेर बस्छेस्, गालामा ठ्याम्म नदिएर ।' त्यसपछि दुवैजना गलल्ल हासें । ऊ रातो भयो । उसको चित्त शान्त भएन । उसले देवकीलाई गाउँको आदर्श मानेको थियो । त्यही आदर्श युवती केही दिनअघि दुई युवकसँग सिनेमा हेर्न गएको देखेको थियो । उसले देवकीको पिछा गऱ्यो । बाटोमा जंगल थियो । तीनै जना जंगल पसे । उसलाई खपिनसक्नु भयो तर ऊ जंगलमा पस्न सकेन । करिब एक घन्टापछि उनीहरू जंगल बाहिर निस्किए । उसको मन त्यही कुराले कुटुकुटु खाएको थियो । गाउँकी आदर्श युवती भएका कारण यस विषयमा उसले कतै कुरा नगरी उसैसँग बुझ्न चाहेको थियो । तर जबाफ आयो, 'के हेरेर बस्छेस्, गालामा ठ्याम्म नदिएर ?'

केही समयपछि थाहा भयो, देवकीले गर्भपतन गराइन् । यो पनि उसलाई हल्ला मात्रै हो भन्ने लाग्यो । हेर्दाहेर्दै गाउँमा देवकीका बारेमा गलत कुरा चल्न थाले । अन्त्यमा उसका आमा-बुवाले एउटा केटो खोजेर विवाह गरिदिए ।

**सरगम बेहोसी**

## घ्याङडाँडामा भ्यू टावर

# पर्यटकीय आकर्षण

● **मनोज बस्नेत**

पनौती (काभ्रे)- काभ्रे र सिन्धुली जिल्लाको सिमानामा रहेको भीमखोरी गाविस वडा नम्बर-८ स्थित घ्याङडाँडाबाट तराईका जिल्लाहरू, काठमाडौं, सगरमाथा, पूर्वी पहाडका केही जिल्लाको दृश्य अवलोकन गर्न सकिन्छ ।

'प्राकृतिक एवं भौगोलिक विविधताको अध्ययन गर्न यहाँ आएको हुँ, नेपालका धेरै क्षेत्रमध्ये यो क्षेत्र उपयुक्त लागेकाले यस क्षेत्रका बारेमा अध्ययन अवलोकन गर्न आएको हुँ'- पीएचडीमा थेसिस लेखिरहेका आन्तरिक पर्यटक गोविन्द भट्टराईले बताए । आफूले यहाँ बसेर नेपालको भौगोलिक एवं प्राकृतिक विविधताका बारेमा थेसिस लेख्ने उनले जानकारी दिए । विशेष गरी यो डाँडामा विभिन्न प्रकारका जुका घामको किरणसँगै आकाशबाट खस्ने भएकाले जीव विज्ञानको अध्ययन गर्नेहरूका लागि यो ठाउँ आकर्षक हुन सक्छ, उनले बताए ।

उक्त क्षेत्रमा आन्तरिक एवं बाह्य पर्यटक बढाउन स्थानीय गाउँलेको सक्रियतामा भ्यू टावर निर्माण भएको छ । भ्यू टावरबिना नै उक्त क्षेत्रमा पर्यटकहरूको ओइरो लाग्ने गरेको थियो । 'आफूले अहिलेसम्म घुमेका धेरै ठाउँमध्ये यो डाँडा असाध्यै मन परेकाले ट्रेकिङका लागि यहाँ आएको बेला एक रात त्यही डाँडामा बिताउने गरेको छु,'- अमेरिकी नागरिक रोबिलले बताए । विशेषगरेर उक्त क्षेत्र हुँदै ट्रेकिङ गर्ने पर्यटकहरू त एक रात भए पनि घ्याङडाँडामा बिताउने गरेका छन् । काभ्रेको सबैभन्दा आकर्षक क्षेत्र उक्त डाँडा नै भएको पर्यटकहरू बताउँछन् ।

'घ्याङडाँडालाई पर्यटकीय क्षेत्र बनाउने उद्देश्यसहित स्थानीय जनताको पहलमा भ्यू टावर निर्माण गरिएको हो ।' भ्यू टावर निर्माण समितिका अध्यक्ष फुर्साङ लामाले बताए । लामाका अनुसार भ्यू टावर बनेपछि अहिलेको भन्दा स्पष्ट दृश्य हेर्न सकिन्छ । जिल्ला सदरमुकाम धुलिखेलबाट करिब १ सय किलोमिटर टाढा र समुद्री सतहबाट २ हजार ८ सय मिटर अग्लो महाभारत क्षेत्रमा पर्ने डाँडामा पर्यटन बोर्डको सहयोगमा स्थानीयवासीले भ्यू टावर निर्माण गरेका हुन् । भ्यू टावर निर्माणका लागि करिब १ करोड रुपैयाँ लाग्ने अनुमान गरिए पनि पर्यटन बोर्डले दिएको २ लाख र गाविसले गरेको ५० हजार रुपैयाँको सहयोगको भरमा सुन्दर डाँडामा टावर निर्माण गरिएको उपभोक्ता समितिका अध्यक्ष लामाले जानकारी दिए । 'महाभारत क्षेत्रको यो सुन्दर डाँडालाई जसरी भए पनि भ्यू टावर बनाएर अहिलेको भन्दा धेरै पर्यटक भित्र्याउनु यहाँका जनताको प्रमुख लक्ष्य रहेको लामाले बताए ।

९६ मिटर अग्लो भ्यू टावर निर्माण गर्न यहाँका बासिन्दाहरू दिनरात काममा खटिरहेका थिए । यहाँबाट तराईका सुन्दर फाँट, अधिकांश पहाडी जिल्ला तथा विश्वको सर्वोच्च शिखर सगरमाथादेखि अधिकांश हिमश्रृंखला सजिलै देख्न सकिन्छ । यहाँको चिसो हावा र बादल मडारिएको दृश्य सबैका लागि आकर्षण बन्न पुगेको छ ।

# 'लभ'ले चिनिएको ठाउँ

● **शिव शर्मा**

पोखरा- एकान्त ठाउँ र रमणीय वातावरण प्रेम गर्ने जोडीहरूका लागि स्वर्ग नै हो । अझ हाम्रो समाज त खुला भैसकेको छैन । युरोपेली संस्कृतिले जति प्रभाव पारे पनि नेपाली युवायुवतीहरू लुकेरै प्रेम गर्छन् । त्यसैले प्रेमजोडीहरूका लागि एकान्त र रमाइलो वातावरण अत्यावश्यक हुन्छ । उनीहरू त्यस्तै ठाउँ खोज्दै हिँड्छन् । यस्तै खोजी गर्दै हिँडेका युवायुवतीको झुन्ड पोखरानजिकैको रमणीय लभ्ली डाँडोमा देखिन्छ । प्रेमप्रेमीहरूको भलाकुसारी गर्ने ठाउँ भएकाले नै यसलाई लभ्ली डाँडो भनिएको हो । पोखराको सिरान बाग्लुङ बसपार्कबाट दस मिनेट लाग्छ यो ठाउँ पुग्न । प्रेम जोडीहरूका लागि मात्र होइन, पर्यटकहरूका लागि पनि साँच्चिकै लोभलाग्दो र सुन्दर छ यो पहाडी टाकुरा ।

पोखरेली टिनएर्जसहरू 'लभ्ली डाँडा'को नाम सुन्ने बित्तिकै कान ठाँडो पार्छन् । आफ्ना प्रेमिका लिएर लभ्ली डाँडो नजाने प्रेमीहरू यहाँ बिरलै छन् । सिजन क्षेत्री आफू पनि पहिलो पटक प्रेमीका लिएर लभ्ली डाँडो पुगेको अनुभव सुनाउँछन् । उनीजस्ता अधिकांश पोखरेली ठिटाठिटीहरू त्यहाँ पुग्ने गरेका छन् । सुन्दर र लोभलाग्दो ठाउँ भएकाले पनि यसलाई लभ्ली डाँडो भन्न थालिएको बूढापाकाहरू बताउँछन्, तर पोखरेली टिनएर्जसहरूको धारणा भने बेग्लै छ । उनीहरू युवा-युवतीहरूको लभ गर्ने ठाउँ भएकाले यसलाई लभ्ली डाँडो भनिएको बताउँछन् । डाँडाकै फेदीमा केही रेस्टुराँ छन् ।

लभ्ली डाँडा जाने ठिटाठिटीहरू रेस्टुराँमा बसेर विभिन्न परिकारको स्वाद लिएर उकालो लाग्छन् । हरियाली वनजंगलले त्यो ठाउँको शोभा बढाएको छ । यहाँको जंगलले ढाकेको भाग प्रेम गर्नेहरूका लागि वरदान सावित भएको छ । वनका चराचुरुङ्गीको चिरबिरसँगै प्रेमी-प्रेमिकाको आलिङ्गन र चुम्बनको वर्षात सुरु हुन्छ यहाँ । प्रेम बन्धनमा बाँधिएका पोखरेली ठिटाठिटीहरूका लागि सुरक्षित स्थल बन्दै गएको छ लभ्ली डाँडो । त्यति मात्र होइन, त्यहाँबाट पोखरा उपत्यकाको दृश्यावलोकन पनि गर्न सकिन्छ । विशेष गरी बिदाका दिनहरूमा त प्रेमी-प्रेमिकाहरूको जोडी उधुमै देख्न पाइन्छ यहाँ ।

सहरी कोलाहलबाट केही टाढा अनि शान्त भएकाले पनि प्रेमी-प्रेमिकाहरूका लागि यो स्थल रमाइलो बन्न पुगेको हो । स्थानीय मोडल राजेश केसी भन्छन्- प्रेमजोडी लिएर बस्न त यो ठाउँ स्वर्ग नै छ ।' डाँडाको क्षेत्रफल ठूलो भएकाले घुमफिरका लागि पनि त्यत्तिकै लायक छ यो ठाउँ । हरियो वनको शीतल पवनसँगै लठिन्छन् प्रेमजोडीहरू । प्रेम गर्ने बहानामा सीमाभन्दा बाहिर गएर सुन्दर ठाउँलाई नै विकृतितर्फ धकेल्न खोजेको आरोप स्थानीय पाका व्यक्तिहरू बताउँछन् । प्रेम गर्नु नराम्रो होइन, तर सीमाभित्र रहन जान्नुपर्छ- उनीहरू बताउँछन् ।

प्रकाश बोगटी प्रेमीका लिएर यो ठाउँमा बसेर गफ चुट्न आनन्द आउने बताउँछन् । कोही कसैले सुइँको नपाओस् भनेर यहाँ आउने गरेको छु, उनले भने । पोखरा नदीपुरका अमुल दास बिदाको दिन घुम्दै लभ्ली डाँडा पुग्दा प्रेमी-प्रेमिका जोडी देखेर दंग परे । शनिबारको बिदामा त यो डाँडाको वनमा प्रेमी-प्रेमिकाहरूको जोडी छ्यापछ्याप्ती हुँदा रहेछन्- उनले आश्चर्य प्रकट गर्दै सुनाए । कसै कसैले यो डाँडोलाई 'मडकेलो' डाँडो पनि भन्ने गरेका छन्, तर स्थानीय बासिन्दाहरू त्यो डाँडो सुरु-सुरुमा चार चौतारीको नामले चिनिन्थ्यो भन्छन् । ठिटाठिटीहरू आउन थालेपछि यो ठाउँ लभ्ली डाँडाका रूपमा चिनियो ।

## ● सन्देश ●

पूर्णलाल दाजु, तपाईं काठमाडौं गएपछि हराउनुभयो, गाउँलाई चटक्कै बिर्सनुभयो। तपाईंका लोकगीत आजभोलि रेडियोमा त्यति प्रसार हुँदैनन्। पुरानो भएर हो कि कसो हो? अब नयाँ आधुनिक गीतहरू रेकर्ड गर्ने सोच राख्नुपर्‍यो।

**रामेश्वर**

मलाई सम्झेर पत्रचार गर्ने साथीहरू विमल, कृष्ण, अशोक, सौरभ, दिपा, स्वस्तिका, प्रियंका सबैलाई मेरो अभिवादन। मैले तपाईंहरूलाई बिर्सिएको छैन। तपाईंहरूको पत्रको प्रतिक्रिया दिन नभ्याएको मात्र हो, नरिसाउनुहोला।

**कुमार राई**

नायक आर्यन सिंग्देलज्यू, तपाईंले अभिनय गरेका सबै फिल्म हेरेकी छु। सबैमा राम्रो अभिनय गर्नुभएको छ तर कहिलेकाहीं ओभर एक्टिङ गरेजस्तो लाग्छ। अरूको नक्कल गरेर प्रगति हुँदैन, मौलिकतालाई नछाड्नुहोस्।

**लारा**

शुक्रबार शंखपार्कमा पानीपुरी खाने सुन्दरी, त्यो दिन तिमीसँग मैले धेरै पटक आँखा जुधाए तर तिमी लजायौ। पहिलो भेट भएकाले तिमीसँग कुरा गर्न सकिनँ। फेरी त्यहीं भेटेर कुरा गरौं न। शुक्रबार म तिमीलाई त्यही पार्कमा पर्खेर बस्छु।

**आँखा जुधाएर हाँस्न खोज्ने**

संगीता, कलेज जाँदैछौ? किन फोन नगरेकी? अस्ति तिमीले एसएमएस पठाएकी रहेछौ। मैले रिप्लाई गर्न पाइनँ, सायद रिसायौ होला। त्यो दिन म बिजी थिएँ। पछि कल गर्दा तिमीले उठाइनौ। किन त्यसै बित्थामा रिसाएकी? अब फोन गर्दा रिसिभ गर है।

**काले**

शनिबार आरएनएसीबाट पाँच नम्बर ट्याम्पोमा कालो ओभरकोट लगाएर बसेकी, सांग्रिला होटल अगाडि उत्रिने बेला मुसुक्क हास्ने मैयाँसँग मित्रता गर्न चाहन्छु। प्लिज, तिमी उत्रिएको ठाउँमा शनिबार ३ बजे भेटौं न।

**रातो स्विटर**

राजा, तिमी कति निश्छल छौ? तिम्रो रूप मात्र होइन, दिल पनि सफा छ। तिमीजस्तो युवकसँग चिनजान भएकोमा म आफूलाई भाग्यमानी मान्छु। अस्ति भर्खरको पिकनिकमा तिमीले मप्रति गरेको व्यवहारले झनै आकर्षित भएकी छु।

**शुभचिन्तक**

लक्की, जीवन कस्तो चल्दैछ? फोन गर्न पनि छाड्यौ। सानोतिनो असफलतामा हरेस खानु हुँदैन। असफलताबाट पाठ सिकेर अघि बढ्नुपर्छ। हुन त तिमीले यसलाई अर्ती मान्यौ होला, तर वास्तविकता पनि यही हो। आफ्नै मनलाई दुखाएर कहिलेसम्म बस्नु? बरु ती कुरा बिर्सिएर अब नयाँ जीवन सुरु गर।

**एस**



## सूचना

**ईस्वी सम्वत्को नयाँ वर्ष २०११ का अवसरमा आफन्तहरूलाई साप्ताहिकमार्फत् शुभकामना दिन चाहनेहरूले आफ्नो सन्देश साप्ताहिकको कार्यालयमा पुस १२ गतेसम्म आइपुग्ने गरी पठाउनुहुन अनुरोध छ।**

**–सम्पादक**

## बिग्रँदो सम्बन्ध

### ● जीवनको गोरेटोमा ●



कैयन वर्ष लगाएर श्रीमान्-श्रीमतीबीच स्थापित सुमधुर सम्बन्धरूपी पर्खाल भत्किन बेर लाग्दो रहेनछ। मानिसलाई एउटा कारण बहाना मात्र चाहिने रहेछ। एकदिन बिनाप्रसंगमै पनि मेरो श्रीमतीले मलाई 'मेरो भाइको मासु खा' भनी। कुनै रिसइवी झैझगडाबिना नै श्रीमतीको मुखबाट त्यस्ता अपशब्द निस्किएपछि अचम्म लाग्नु स्वाभाविकै हो। विगत आठ नौ वर्षदेखि हाम्रो सम्बन्ध बिग्रँदै गएको थियो। श्रीमतीसँग मेरो कुनै शारीरिक सम्बन्ध थिएन, तर हामीमा समझदारी भने कायमै थियो। घरव्यवहार चलिरहेकै थियो। चाहेर पनि मैले श्रीमतीसँग सम्बन्ध विच्छेद गर्न सकिरहेको थिइनँ र विवश भएर म नारकीय जीवन बिताइरहेको थिएँ।

एकदिन कल्पनै नगरेको घटना घट्यो। मेरो सालोले झुन्डिएर आत्महत्या गर्‍यो। सालो प्रहरीमा जागिरे थियो र दुर्गम जिल्लातिर खटाइएको थियो। मरेपछि उसको शव जलाउन काठमाडौं पशुपति ल्याइएको थियो। मेरी श्रीमती भाइ मरेको खबरले डाँको छोडेर रोई। शव जलाउन लगेको ठाउँमा पनि खुब रोई। त्यसको भोलिपल्टको कुरा हो, बिहान सबेरै म धारामा नुहाउन लागेको थिएँ। श्रीमतीले अचानक यस्तो शब्दवाण प्रहार गरी- 'मेरो भाइ मर्दा सारा गाउँलेहरू रोए, भिनाजुहरू रोए तैंले भने दुई थोपा आँसु चुहाइनस्।

मेरो भाइ मरेकामा तँ अति नै खुसी भएको रहेछस्। मेरो भाइको मासु खा। म मर्माहत भएँ श्रीमतीका यस्ता तुच्छ कटु वचनले। मलाई उसको त्यो मरेको भाइसँग कुनै सम्बन्ध, सरोकार थिएन। कुनै कुराको रीसइवी पनि थिएन। कसैको मृत्युमा कोही रुनैपर्छ भन्ने पनि छैन। फेरि आँसु त्यसै जबर्जस्ती आउने कुरा पनि होइन। मेरी श्रीमतीसँग सम्बन्ध बिग्रिएको धेरै भैसकेको थियो त्यसैले बेलाबेलामा ऊ यस्ता बटारिएका कुरा गर्थी।

मलाई केटाहरू घरमा, आँगनमा आएर चलखेल गरेको मन पर्दैनथ्यो। मेरो जागिरको पैसाबाट पनि उसका गुन्डा केटाहरूले गर्नु मोज गरे। म श्रीमतीलाई पैसा राख्न दिन्थें, ऊ भने बाहिरका केटाहरूलाई पोस्थी। जागिर खान कति गाह्रो हुन्छ भोग्नेहरूलाई थाहा हुन्छ, तर समाज स्वार्थी मानिसकै पक्षमा लाग्दो रहेछ। जसले नोटको बिटो दियो उसकै पक्षमा बोल्दो रहेछ। यतिबेला समयले कोल्टे फेरिसकेको छ। मेरी श्रीमती यौनरोगले ग्रस्त छे। उसलाई एड्स लागेको छ। उसलाई टीबी र क्यान्सरसमेत छ। सुकेर शरीर हाडछाला मात्र बाँकी छ। ऊ अब यो संसारका निम्ति केही दिनको मात्र पाहुना हो। ऊ आफ्नो दुखद् कथा यसरी सुनाउँथ्यो- 'श्रीमतीको दुर्व्यवहार आल्पिनझैं घोच्ने तीखा वचन मेरा लागि मार्गदर्शक बन्यो। जीवनपथमा अघि बढ्न मलाई थप प्रेरणा मिल्यो।'

**विपन्न**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ........................................................................................................

उमेर : ........................................ उचाइ : ........................................

पेसा : ........................................ शिक्षा : ........................................

स्वभाव : ........................................ वैवाहिक स्थिति : ........................................

अभिरुचि : ........................................ वर्ण : ........................................

इमेल : ........................................................................................................

ठेगाना : ........................................................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

........................................................................................................

........................................................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## ● साथी ●



गत वर्ष प्रवेशिका उत्तीर्ण अनिस राई प्लस टु मा अध्ययनरत छन्। उनी १७ वर्षका भए। मिजासिलो स्वभावका अनिस नयाँ-नयाँ साथी बनाउन मन पराउँछन्। उनी दुःखको बेला साथ दिने साथीको खोजीमा छन्। पत्रमित्रतालाई बीचमा नरोक्ने साथीहरूसँग ओखलढुंगा-५ रामबजारमा पत्राचारका लागि आग्रह गर्छन्।



निर्दोष उपनामले परिचित प्रमोद आले २२ वर्षका भए। प्रमोद ५ फिट ६ इन्च अग्ला छन्। स्नातक दोस्रो वर्षमा अध्ययनरत प्रमोद अविवाहित हुन्। उनी गम्भीर स्वभावका छन्। भ्रमण र मित्रतामै जीवनको रस छ भन्ने मान्यता राख्ने प्रमोदलाई मिलनसार साथीहरूको खाँचो छ। प्रमोदलाई भूचक्रपुर -८ धनुषा वा बर्दिवास जनता बहुमुखी क्याम्पस बर्दीवासमा पत्राचार गर्न सकिन्छ।



कान्छा भनेर गाउँमा बोलाइने विष्णु कार्की २० वर्षका भए। विष्णु ५ फिट ९ इन्च अग्ला छन्। बीबीएस प्रथम वर्षमा अध्ययनरत विष्णु लजालु एवं कम बोल्ने स्वभावका छन्। अध्ययनशील साथीहरूको ठूलो समूह बनाउने उनको जीवनको उद्देश्य हो। उनी नयाँ स्थानको भ्रमण गर्ने, नयाँ पुस्तक अध्ययन गर्ने एवं काममा लगनशील व्यक्तिलाई आफ्नो साथी बन्न आग्रह गर्छन्। उनलाई पुतलीबजार नगरपालिका-३ काफल डाँडामा पत्राचार गर्न सकिन्छ।



रातो वर्णका निलप्रसाद गुरुङ १९ वर्षका भए। प्लस टुमा अध्ययनरत निल मिलनसार छन्। उनलाई फूटबल खेल्न र संगीत सुन्न मन लाग्छ। फूटवल र संगीतमै करियर खोज्ने योजना बनाएका निललाई मिलनसार एवं भेदभावरहित मित्रताको खाँचो छ। उनलाई भुजुङ-३, लमजुङ वा nilgurung57@yahoo.com मा पत्राचार गर्न सकिन्छ।



आफूलाई वैरागी भन्न रुचाउने विशेष ढुंगाना २१ वर्षका भए। प्रवेशिकासम्म अध्ययन गरेका विशेष नोकरी गर्छन्। उनको उचाइ ५ फिट ३ इन्च छ। विवाहका लागि असल युवती खोजीरहेका ढुंगाना मिलनसार, सहयोगी एवं भावनात्मक कुरा बुझ्न सक्नेहरूलाई साथी बनाउन चाहन्छन्। उनलाई बेल्कोट-६ तीगाउँ नुवाकोटमा पत्राचार गर्न सकिन्छ।



मिलनसार स्वभावका अनिष लुइँटेल १५ वर्षका भए। अनुसन्धान गर्ने, प्राकृतिक दृश्य नियाल्ने र अध्ययन गर्ने स्वभावका अनिष गरिबहरूप्रति संवेदनशील छन्। उनी पत्रमित्रतालाई नियमित गर्ने व्यक्तिसँग मित्रताका लागि आग्रह गर्छन्। यसै वर्ष प्रवेशिकाको तयारी गरिरहेका अनिषलाई झोराहाट-२ मोरङमा पत्राचार गर्न सकिन्छ।

# अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?

हेरून् न त हेरून्, उमेरमा पनि नहेरेको कहिले हेर्नु त ?

**केशव काफ्ल**

यो कुरा नराम्रो भैकन पनि समाधान गर्ने उपाय नभएकाले के नै भन्न सकिन्छ र ?

**रोञ्जन गुल्मेली**

केलाई अश्लील भन्ने ? यो लोकतन्त्रको खुला संस्कृतिको उपज हो क्यारे ।

**त्रिताल नोदनाथ** (२९)

हेर्न एकदमै मजा, अझ धेरै किसिमका यस्ता भिडियो आए हुन्थ्यो जस्तो लाग्छ मलाई त ?

**हरिशप्रसाद**

यो यथार्थ कुरालाई देखाउन खोजिएको मात्र हो, तर विकृति भने पक्कै फैलिन्छ । के गर्नु ? कहिलेकाहीं त आफ्नै सार्वजनिक गरौं कि जस्तो पनि लाग्छ ।

**प्रदीप**

देखाउन नहुने अंग भन्दै भिडियोबाट देखाउन खोज्छन् भने लाइभ शो नै गर्नुपर्ला जस्तो छ ।

**उपेन्द्र गोले**

समाजमा विकृति उत्पन्न भएर दुरुपयोग हुने सम्भावना बढी हुन्छ ।

**कमला दाहाल**

फेसन र विकसित टेक्नोलोजीको नकारात्मक प्रयोग जसले जीवनलाई नै संकटमा पार्ने कार्य गर्छ ।

**दीपक गोतामे**

यौनशिक्षा दिने खालको भिडियो ठीकै हो, तर जथाभावी प्रचलनमा ल्याउनेहरूका लागि कानुनी सजाय दिए पुरुष तथा महिलाहरू पहिले नै सतर्क हुन्छन् ।

**एजी सेक**

भनेर केही हुने वाला होइन, जिन्दगीमा रिल्याक्स गरून् । बरु तपाईंलाई पनि जान मन भए जानुस् ।

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैँ आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. तपाईं एक्लै हुँदा के सोच्नुहुन्छ ?
२. राजनीति राम्रो कि समाजसेवा ? किन ?
३. तपाईंले पछिल्लो पटक कहिले झूटो बोल्नुभयो ?
४. साप्ताहिकको ब्लो-अप तपाईंलाई कस्तो लाग्छ ? किन ?
५. के तपाईंलाई नेपालमा राजतन्त्र फर्किन्छ जस्तो लाग्छ ?
६. नेपालबाट रूढिवाद र अन्धपरम्पराको अन्त्य किन नभएको होला ?
७. मानिस मरेपछि कहाँ जान्छ (पुग्छ) ?
८. नेपालीहरू विदेश जान किन मरिहत्ते गर्छन् ?
९. पेट भर्ने समस्या नभएको भए के हुन्थ्यो ?
१०. परस्त्री सम्बन्ध किन हुन्छ ?

योभन्दा बढी के भनौं खै ?

**अविनाश तामाङ**

पुराना ढुंगेयुग गयो, नेपालले पनि हलिउडको नक्कल गर्नुपर्‍यो नि । सबै आएको नक्कल नै त हो । यो कलियुगको फेसन पनि हो ।

**सचिन श्रेष्ठ** (२३)

खोइ, म के भनूँ के नभनूँ आफैं दोधारमा छु तर सामाजिक जीवनमा नैतिकताको प्रश्न उठ्ने कुरा भएकाले विकृतिबाहेक अरू के नै हुन सक्छ र ?

**resham_sunuwar@yahoo.com**

अश्लील भिडियोले समाजमा नकारात्मक असर पारेको छ, यस्तो कामलाई निरुत्साहित गर्नुपर्छ ।

**हिमाल रेग्मी**

अश्लील भिडियोको पछि मात्र किन लाग्नुहुन्छ ? हाम्रो त संसद्मै अश्लील चर्तिकला हुन्छ । अश्लील भिडियो त सामान्य कुरा हुन् ।

**राकेश श्रेष्ठ**

अश्लील भनेर हेर्ने नजर गलत हो । त्यसलाई केवल मनोरञ्जनका रूपमा पनि लिन सकिन्छ । यो पनि रक्सी खाएर मज्जा लिए जस्तै होइन र ?

**घनश्याम**

यसमा अश्लील भिडियोको के दोष ? हेर्नेहरू पो उस्ता ।

**जीवा**

अश्लील भिडियो नियन्त्रणका लागि सरकारले कडा कदम चाल्नुपर्छ ।

**सोनाम**

नेपाली समाज पनि यौनको विषयमा उदार हुँदैछ, यसमा किन टाउको दुखाउनुभएको सम्पादकज्यू ?

**अमृत सुब्बा**

बाँदरको हातमा नरिवल भनेजस्तै प्रविधिको सदुपयोग गर्न नजान्नेहरूले गर्दा अश्लील भिडियोको प्रकोप बढ्दो छ । यस्ता कुराले समाजमा विकृति ल्याउँछ ।

**कल्पना**

अश्लील भिडियोको बढ्दो चलनलाई कसैले रोकेर हुँदैन । आफैं सतर्क हुनुपर्छ ।

**राज**

## ● यौन जिज्ञासा र समाधान ●

**प्रश्न : म २१ वर्षीया विवाहित महिला हुँ । मेरो विवाह भएको भर्खरै हो । मेरा श्रीमान् अहिले विदेशमा हुनुहुन्छ । म यो समस्याबाट विवाहपूर्व नै पीडित थिएँ । म अलि पातली छु । मेरा स्तन अति नै साना छन् । म यही समस्याले गर्दा खुला रूपमा कुर्ता र साडीमा हिंड्न सक्दिनँ । जहिले पनि मलाई फोम भएको ब्राको आवश्यकता पर्छ । फोम भएको ब्रा नलगाई हिंड्दा पटक्कै सुहाउँदैन । यो समस्याले गर्दा ममा आत्मविश्वासको कमी छ । के पातली हुँदैमा स्तन साना हुन्छन् ? स्तन ठूला र आकर्षक बनाउन के गर्नुपर्ला ? केही घरेलु उपाय बताइदिनुहुन्छ कि भन्ने आशा लिएकी छु ।**

**–मनि.**



डा. राजेन्द्र भद्रा

**उत्तर** : स्तन शिशुका लागि दूध बनाउन मात्र होइन, यौनका दृष्टिकोणले पनि महत्त्वपूर्ण अङ्ग हो । किशोरावस्थामा पुगेपछि हार्मोनको प्रभावले युवतीहरूमा स्तनको विकास तीव्र गतिमा हुन थाल्छ । स्तनको वृद्धि धेरैजसोमा ११ वर्षको उमेरमा सुरु भएर १५ वर्षमा पूरा हुन्छ । स्तनको आकार तथा आकृतिको महिलाको मानसिकतामा महत्वपूर्ण प्रभाव हुन सक्छ । स्तनसँग आत्मसम्मानको कुरा पनि जोडिएको हुन्छ । यसको आकार वा आकृतिका बारेमा स्वास्थ्यभन्दा सुन्दरताका कारणले बढी चिन्ता गरिने कुरा अनुसन्धानहरूलेदेखाएका छन् ।

व्यक्तिअनुरूप स्तनको स्वरूप एवं आकारमा धेरै विविधता पाइन्छ । स्तनमा भएका तन्तुका आधारमा यो कुनै ठूलो वा सानो हुन्छ । सामान्यतया: स्तनको आकार वा स्वरूपलाई प्रभाव पार्ने प्रमुख कुरा निम्न छन् : स्तनका तन्तुको मात्रा, पारिवारिक इतिहास, उमेर, तौल बढ्नु वा घट्नु, स्तनको छालाको मोटाइ वा तन्कन सक्ने गुण, रागरस (हार्मोन) हरूको प्रभाव । स्तनको विकासका क्रममा यसको आकार र कडापनमा पनि परिवर्तन हुन्छ । किशोरावस्थामा स्तनको तन्तु बढ्दै जाँदा यो गोलाकार हुन्छ र त्यति बेला यसका तन्तुहरू पनि निकै खाँदिएका हुनाले वयस्क उमेरका महिलाभन्दा कडा हुन्छ । उमेर बढ्दै गएपछि स्तनको खँदिलोपन पनि घट्दै जाने हुनाले पहिलेको तुलनामा नरम हुँदै जान्छ । स्तनको आकारमा वंशाणुगत प्रभाव एकातिर हुन्छ भने अर्कातिर पोषणको । यी दुवैको संयुक्त प्रभाव स्तनको आकार निर्धारणमा महत्वपूर्ण छ । आमा र दिदीहरूको स्तनको आकार प्रकारसँग धेरै मिल्नु वंशाणुगत कारण हुनसक्छ ।

**के पातली हुँदैमा स्तन पनि साना हुन्छन् ?**

तपाईंले आफूलाई पातली भन्नुभए पनि तौल लेख्नुभएको छैन । शरीरको तौलअनुसार अन्य भाग जस्तो ठ्याक्कै नहुने भए पनि तौल कम हुँदाको स्तन पनि सानो हुने स्थिति रहन्छ । हामी शरीरको Body Mass Index (BMI) कति हेरेर तौल सामान्य भन्दा कम वा बढी भएको निक्यौल निकाल्छौं । सामान्यत: हामी वयस्क व्यक्तिको उचाइ र तौलका आधारमा शरीरमा कति 'बोसो' छ नाप्छौं । यसलाई Body Mass Index (BMI) भनिन्छ । हुन त यो पद्धतिका पनि आफ्नै सीमितताहरू छन् । यो Index यदि १८ दशमलव ५ देखि २४ दशमलव ९ सम्म छ भने त्यसलाई सामान्य तौल मानिन्छ । यो २५ देखि २९ दशमलव ९ सम्म भएको स्थितिमा तौल बढी भएको मानिन्छ भने यो ३० भन्दा बढी भएको स्थितिमा 'मोटो' (obese) भनिन्छ । त्यसैगरी १८ दशमलव ५ भन्दा कम BMI भएको व्यक्तिलाई कम तौल भएको मानिन्छ । तपाईंको उचाइ ५ दशमलव ४ इन्च र तौल ४५ किलोग्राम छ, भने तपाईंको BMI यस्तै १७ हुन्छ । यो तौल सामान्यभन्दा कम हो । त्यसैले पोषणमा ध्यान दिनु राम्रो हुन्छ । पहिले तौल बढी भएर पछि घट्न गएको स्थितिमा पनि स्तनको आकारमा कमी आउनुका साथै कसिलोपनमा पनि कमी आउन सक्छ अर्थात् नरम हुनसक्छ । तौलमा थोरैमात्र उतार-चढाव हुँदा स्तनमा परिवर्तन नदेखिन सक्छ ।

**स्तन बढाउने उपाय**

घरेलु उपाय गरेर स्तनको आकारलाई उल्लेख्य रूपमा प्रभावकारी तवरले बढाउन सकिएला जस्तो लाग्दैन, तर कतिपय समाजमा ठूला आकारका स्तनलाई आकर्षक मानिने भएकाले यसलाई ठूलो बनाउन महिलामाथि दबाब हुन्छ । सौन्दर्यसँग स्तनको आकार तथा आकृति जोडिने भएकाले त्यस्तो भएको हुनसक्छ । त्यसै कारणले संसारभर नै स्तनलाई बढाउन वा आकर्षक देखाउन विभिन्न विधि प्रयोग हुने गरिएको देखिन्छ । छोटकरीमा केही प्रमुख विधिको चर्चा गरौं ।

क्रिम प्रयोग गरेर स्तन वा मुन्टोको मालिसले स्तनको आकार बढ्ने दाबी गरिए पनि यसले 'स्थायी' रूपमा आकार बढ्छ भन्ने कुरा प्रमाणित छैन । केही कसरतले छातीको मांसपेशीलाई बलियो र ठूलो बनाउँछ र यस्तो स्थितिमा स्तन ठूलो भए जस्तो लाग्न सक्छ, तर त्यसले स्तनको 'कपको आकार' लाई परिवर्तन गर्दैन । विभिन्न रसायनिक औषधियुक्त मल्हमको प्रयोग अर्को उपाय हो । उत्पादनकर्ताको भनाइमा यस्ता मल्हमले सीधै स्तनको तन्तु तथा कोषमा कार्य गरेर त्यसको वृद्धि गराउँछ ।

हाल स्तन बढाउने विभिन्न किसिमका खाने चक्की विश्व बजारमा उपलब्ध हुन थालेका छन् । जडिबुटी पनि भएको दाबी गरिएका ती औषधि निर्माणकर्ताहरूको भनाइमा यसको सफलता निकै छ । जे सुकै दाबी गरिए पनि अमेरिकी FDA तथा National Research Center for Women and Families जस्ता संस्थाले यस्ता कुरा प्रमाणित गर्न बाँकी नै छ । त्यसबाहेक स्तनको आकारमा वृद्धि गर्न पम्पको प्रयोग पनि निकै चर्चामा छ । शल्यक्रिया एउटा अर्को प्रचलित उपाय हो । शल्यचिकित्साले नकारात्मक प्रभावबिना नै नतिजा दिन सक्ने दाबी गरिए पनि त्यसको दीर्घकालीन प्रभावका बारेमा यसै भन्न सकिने स्थिति भने छैन । शल्य चिकित्सा गरेर स्तनको आकार बढाउन सकिन्छ, तर अत्यधिक खर्चका साथै शल्य चिकित्साको कुप्रभावको असर खप्नुपर्ने हुनसक्छ ।

तपाईंले फोम भएको ब्रा अर्थात् थुनचोली प्रयोग गर्नुभएको छ । स्तन कसैलाई देखाउनुपर्ने अङ्ग नभै छोपेरै राख्नुपर्ने अङ्ग हो । यसलाई आकर्षक देखाउने अन्य उपाय जस्तै: थुनचोली (ब्रा) भित्र कपडा, कपास वा यस्तै कुनै वस्तुको प्रयोग गर्ने वा स्तनलाई माथितिर उचाल्ने साधनहरूले आकर्षण थप्छ । श्रीमान्लाई तपाईंको स्तनका सम्बन्धमा कुनै गुनासो छैन भने यो एउटा राम्रो उपाय हुनसक्छ । स्तन सानै भए पनि त्यसले यौन सुख दिन दूध उत्पादन गर्न सक्छ । अन्तमा के भनौं भने आफ्नो तौल बढाउनतिर पनि ध्यान दिनुहोस् त्यसबाहेक प्रकृतिले दिएको स्तनको आकारमा सहज बन्ने प्रयास गर्नु बेस हुन्छ ।


के तपाईमा यौन सम्बन्धी समस्या छ ?
पुरुषहरुमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु
महिलाहरुमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु
मानसिक
निराशा, उदासिपन, मानसिक डर, भय, दिमागको बोधोपन
सम्पर्क स्थान : माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
हेटौडा – ०५७–५२६०४६
बुटवल – ०७१–५४८८९३
इटहरी – ०२५–५८४०८८
सप्तरी फतेपुर – ०३१–५५०११२
पोखरा – ०६१–५३९१९४
भरतपुर – ०५६–५२०९६८
दाङ – ०८२–५६२९८३
सर्लाही – ०४६–५३०४८४
बिर्तामोड – ९८४२७५७६०३
धनगढी – ०९१–५२३१५७
सुर्खेत – ०८३–५२३८९२



मुहार केश तौल उचाई स्तन
सम्बन्धी सम्पूर्ण समस्याको समाधान प्राकृतिक उपचार पद्धती द्वारा
मिराकल फाउण्डेशन नेपाल
The Health & Beauty Solution
बिजुलीबजार, नयाँबानेश्वर, काठमाडौं (सगरमाथा टेलिभिजन अगाडी) 4780678
9851016824, 9808594757



Sliming Camp बस्दैछ १ महिनामा १५ के.जी मोटोपन घटाउने गोंगबुचोकमा
100% ग्यारेण्टीका साथ उपचार स्लिमिङ, Good Looking स्वस्थता सुन्दरताको लागि तु सम्पर्क राख्नुहोला । सिट सिमित छ ।
Dr. द्वारा सम्पूर्ण स्वास्थ समस्याको समाधान ।
शक्ति सम्बृद्धिको लागि हर समस्या, हर रोगबाट छुटकारा दिलाउने नजर कबज साथमा त्रिस्टल र हरेक लकेटहरु पाईन्छ । साथमा चुरोट, जाँड, रक्सीको, नशाबाट छुटकारा दिलाइन्छ ।
कपाल उमार्ने तेल
मेमोरी पावर बढाउने
अनुहार उज्यालो बनाउने क्रिम
तौल बढाउने
Hight बढाउने
Health & Physical Problem ?
100% Sliming & Good Looking को लागि हर्बल पद्धती एक महिनामा १५ के.जी मोटोपन घटाउने, हाईट बढाउने १ महिनामा १५० से.मी. देखि १८० से.मी., अनुहारको समस्याहरु चायाँ पोतो, दाग र अनुहार उज्यालो गोरोबनाउने, गुमेको सुन्दरता फिर्ता, चाउरीपन हटाउने, पेटको धर्सा मेटाउने, स्लीम, हिप थाई, पेट १ दिनमा नै ५ ईन्च कम हुने मोटाउने औषधि १ महिनामा १० देखि १२ केजी वढाउने १० वर्ष उमेर कम देखाउने योङ बनाउने ।
Male & Female SEX PROBLEM ?
स्तन, गुप्ताङ्ग टाईट एक दम फिट 100 % ग्यारेण्टी
Max Man Capsul लिङ्गको लम्बाई र मोटाई बढाउने USA प्रोडक्ट
भिटामिन सेक्स पावर बढाउने क्याप्सुल, तुरुन्त रिजल्ट दिने
If u any sexual problem plz contact (Male & Female)
महिला पुरुषमा देखिने उत्तेजना नहुने यौन आनन्द नहुने Long time को लागि अचुक उपचार
Cobra Oil 900/-
मोटोपना घटाउने १ महिनामा १५ के.जी (44 cm - 13 cm = 31 cm)
हेल्दी होम
उपत्यका बाहिर ब्रान्च राख्न चाहनेले सम्पर्क राख्नु होला ।
के तपाईलाई कुनै समस्या छ ? मात्र ३०० मा शरीरको सम्पूर्ण स्वास्थ जाचँ गरिन्छ ।
ब्लड प्रेसर, सुगर रोगीहरुलाई अचुक उपचार
Asian Sky Shop का सामानहरु पाईन्छ ।
गोंगबु चोक, विनायक हस्पिटल अगाडी, मेरो डेन्टल संगै
०१-४३६५४९१, ९८०८५०३५४०



मुहार बेदाग गोरो बनाउने आयुर्वेदिक रूपअमृत Rs. 1650/- मात्र
Anti Pimple (Rose Sunscream Free)
*मुहारको दाग चाँया पोतो हटाउने Dr. Japan - Rs.350/-
*मुहारको चाउरीपन हटाउने Cream - Rs.1250/-
*स्तन घटाउने तथा बढाउने Cream - Rs.1650/-
*शरिरको Weight घटाउने Dr. Slim Tea - Rs.1250/-
शरीरको तौल + उचाई बढाउने
No side effect 100% Garantee
जाँड-रक्सीको कुलत बाट छुटाउने
सफल आयुर्वेदिक प्राकृतिक उपचार
केश झर्न तुरुन्तै रोकी उमार्ने तेल Harbal 44 Rs. 750/-
Before After
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, 9842083409 इटहरी



हाईट बढाउने ?
३ महिनामा ४" उचाई बढाउने
केश झर्न तुरुन्तै रोकी उमार्ने
१ महिनामा चाहेजती ब्रेष्ट बढाउने र घटाउन
जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
१ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वैदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल, (पाटन हस्पिटल अगाडी)
फोन : 5004046, 5550195
मोबाइल: 9851112675, 9808502611

# विश्वकप आयोजना अधिकारको घोषणाले निम्त्याएको विवाद



**जयदेव गौतम**

पछिल्ला ८० वर्षको फिफा इतिहासमा यस्तो कहिल्यै भएको थिएन, विश्वकप फुटबल प्रतियोगिताको पछिल्लो संस्करण आयोजनाको अधिकार घोषणा गरेपछि विश्व फुटबल महासंघ फिफा यसरी कहिल्यै विवादमा तानिएको थिएन, जति र जसरी यसपटक मुछिएको छ। सन् १९३० मा पहिलो पटक विश्वकप प्रतियोगिता आयोजना हुँदादेखि आगामी सन् २०१४ मा ब्राजिलमा आयोजना हुने बीसौं संस्करणसम्म कहिल्यै यस्तो विवाद भएको थिएन, तर यसपटक फिफाले सन् २०१८ र २०२२ का दुई संस्करणको आयोजना अधिकारको घोषणा एकसाथ गऱ्यो। पहिलो पटक थियो, फिफाले यसरी विश्वकप फुटबल प्रतियोगिताका दुई संस्करण आयोजना अधिकारको घोषणा एकसाथ गरेको, तर विवाद एकसाथ घोषणा गरिएको भन्दा पनि आयोजनाको अधिकार दिइएका देशहरूको अवस्थालाई दृष्टिगत गरी उठेको हो।

गत साता २ डिसेम्बर २०१० को बिहीबार राति स्वीस सहर जुरिचमा २२ सदस्यीय फिफा केन्द्रीय समितिले विश्वकप प्रतियोगिताको नयाँ संस्करण आयोजना गर्ने अधिकार कुन देशले पाउने भन्ने विषयमा गोप्य मतदान गऱ्यो। उक्त आयोजनाको दावेदारी प्रस्तुत गर्ने देशहरू थिए- इङ्ल्यान्ड, हल्यान्ड-बेल्जियम (संयुक्त), रूस, र स्पेन-पोर्चुगल (संयुक्त)। त्यसैगरी, पछिल्लो आयोजनाको अन्तिम दावेदारीमा अडेका देश थिए- अस्ट्रेलिया, जापान, कतार, अमेरिका र दक्षिण कोरिया।

त्यस दिन फिफाको गोप्य मतदानपछि सार्वजनिक भएको निर्णयले सबैलाई विस्मित पारिदियो, किनभने सन् २०१८ को विश्वकप आयोजना गर्ने अधिकार रूसले पाएको घोषणा भयो भने सबैभन्दा अप्रत्याशित मानियो सन् २०२२ को विश्वकप आयोजना गर्ने अधिकारको घोषणालाई, किनभने यो बाइसौं संस्करण आयोजनाको अधिकार सानो खाडीराष्ट्र कतारले पाएको थियो।

आश्चर्य मान्नुपर्ने खास कारण भने छैन, किनभने फिफाको अहिले भैरहेको आलोचना ती देशबाटै बढी आएको छ, जुन देश उक्त गोप्य मतदान हुँदा विश्वकप आयोजनाको दौडमा थिए। आलोचकहरूले निराशापूर्ण आक्रोश व्यक्त गर्दै भनेका छन्- 'फिफाले राजनैतिक कारणले रूसलाई र आर्थिक कारणले कतारलाई उक्त आयोजनाको अधिकार दिएको हो। पछिल्ला दुई वर्षदेखि ती दुवै देशले उक्त आयोजना अधिकारका लागि लाखौं डलर खर्च गर्दै आएका थिए।'

उक्त आयोजना अधिकारको घोषणा हुनुभन्दा केही महिनापहिलेदेखि नै फिफा पदाधिकारीहरूलाई ठूलो मात्रामा घूस दिइएको चर्चा युरोपेली पत्रपत्रिकामा चलेको थियो। फिफाको २ डिसेम्बरको गोप्य मतदान प्रभावित गर्न अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका एक जना प्रभावशाली सदस्यसमेत अनेक फिफा पदाधिकारीलाई त्यसरी मोटो रकम घुस ख्वाइएको चर्चा चलेको हो। यसै क्रममा, नैतिक आचरण एवं व्यवहार हेर्ने फिफा निकायले गत नोभेम्बर १८ मा दुई जना कार्यकारी सदस्यलाई अनैतिक आचरण र घूसखोरीमा संलग्न रहेको आरोपमा तीन वर्षका लागि फिफाको कुनै पनि निकायमा बस्न नपाउने गरी निलम्बित गरेको थियो।

यद्यपि, विश्वकप २०१८ आयोजना गर्ने दौडमा रहेका देशमध्ये रूसले जित्ने कुरा त एक किसिमले पूर्वानुमानित जस्तै थियो, पहिलो पटक भएको उसको दाबेदारी सबैभन्दा बलियो पनि मानिएको थियो। उक्त अधिकार नपाएपछि इङ्ल्यान्डसमेतका देशले विश्वकपजस्तो विशाल प्रतियोगिता आयोजना गर्न रूसको आर्थिक संरचनाले नसक्ने भन्दै तीखो आलोचना गरेका छन्। रूसले भने हाल त्यहाँ रहेका तीन ठूला रंगशालाको मर्मत गर्ने र अन्य नौवटा नयाँ अत्याधुनिक रंगशाला निर्माण गर्ने बताइसकेको छ। विस्तृत क्षेत्रफल ओगटेको रूसमा विश्वकपको टिकट लिएका व्यक्तिहरूका लागि म्याचस्थलसम्म जान निःशुल्क यातायातको व्यवस्था गरिने पनि रूसी घोषणा छ। रूसी प्रधानमन्त्री भ्लादिमिर पुटिनले इङ्ल्यान्डको आईपीएल च्याम्पियन क्लब चेल्सीका मालिक रूसी नागरिक अर्बपति रोमन अब्रामोविचसमेत सबै निजी क्षेत्रका धनाढ्यहरूलाई विश्वकप आयोजना सफल पार्ने गरी लगानी गर्न आह्वान गरेका छन्, मुलुकले गर्नुपर्ने व्यापक निर्माण र पुनर्निर्माणको दायित्व त छँदैछ।

सबैभन्दा बढी कोकोहोलो कतारको छनोटले मच्चाएको छ। कतार अर्थात्, एउटा सानो खाडी अधिराज्य, जो कहिल्यै विश्वकप खेल्नका लागि छनोट नै हुन सकेको छैन र जुन देशमा विश्वकपको आयोजना हुने समय जून-जुलाईमा तापक्रम ४३ डिग्री सेल्सियससम्म पुग्छ। कतारमा न ३२ देशले फिफा विश्वकप चुम्न अन्तिम प्रतिस्पर्धा गर्ने ६४ म्याच खेलाउने रंगशाला छन्, न विश्वकप जस्तो वृहद् आयोजनाका लागि आवश्यक अन्य पूर्वाधार नै। फिफाको टेक्निकल कमिटीले १७ लाख जनसंख्या भएको तेल-धनी मुलुक कतारमा विश्वकप आयोजनाका सम्बन्धमा चाहिने पूर्वाधारका बारेमा उठाएका तर्कपूर्ण समस्याहरूमा मौन बसेर अमेरिका, अस्ट्रेलिया, जापान र दक्षिण कोरिया जस्ता देशलाई पछाडि छाड्दै कतारलाई उक्त अधिकार दिइएको थियो।

हुनत कतारले इतिहासमै सर्वश्रेष्ठ आयोजना गरेर देखाउने अठोट व्यक्त गरेको छ। उसले रेगिस्तानको उखर्माउलो घामबाट बिजुली निकालेर वातावरण-मैत्री नयाँ र एयरकन्डिसन्ड रंगशालाहरू निर्माण गर्ने भनिएको छ अनि ग्लोबल वार्मिङको कारक मानिएको कार्बन निःसृत हुन नदिई सन् २०२२ को विश्वकप फुटबललाई केवल एक खेलकुद आयोजना मात्र नभएर मानव इतिहासकै अविस्मरणीय परिघटना बनाउने घोषणा पनि गरेको छ।

फिफा आफैंमा स्वतन्त्र, शक्तिमान र सार्वभौम विश्व संस्था हो। यसका निर्णयमाथि कतै उजुरी लाग्दैन। जतिसुकै आलोचना भए पनि सन् २०१८ र २०२२ का विश्वकप प्रतियोगिता आयोजनाको अधिकार घोषणा भैसकेको छ। यी घोषणासँगै फिफाले निश्चय पनि युरोपको सबैभन्दा ठूलो देश रूस र खाडीक्षेत्रको उदीयमान आर्थिक शक्ति कतारका रूपमा फुटबल खेलका लागि नयाँ क्षितिजको खोजी गरेको छ। त्यसपछि फिफा अब आफ्नो नियमित कार्यक्रम 'फिफा प्लेयर अफ द इअर' को घोषणा नयाँ नाम 'ब्यालोन डी'ओर' को नामले गर्ने तयारीमा छ।

**विश्वकप २०१८ आयोजना अधिकारका लागि भएको मतदान**

**पहिलो चरण :** इङ्ल्यान्ड २ मत (बाहिरियो), हल्यान्ड-बेल्जियम ४, स्पेन-पोर्चुगल ७, रुस ९ .

**दोस्रो चरण :** हल्यान्ड-बेल्जियम २, स्पेन-पोर्चुगल ७, रुस १३ (बहुमत)

**विश्वकप २०२२ आयोजना अधिकारका लागि भएको मतदान**

**पहिलो चरण :** अस्ट्रेलिया १ मत (बाहिरियो), जापान ३, अमेरिका ३, दक्षिण कोरिया ४, कतार ११


**दोस्रो चरण :** जापान २ (बाहिरियो), दक्षिण कोरिया ५, अमेरिका ५, कतार १०.

**तेस्रो चरण :** दक्षिण कोरिया ५ (बाहिरियो), अमेरिका ६, कतार ११.

**चौथो चरण :** अमेरिका ८, कतार १४ (बहुमत)

## मैदान बाहिर

## रुनीलाई क्लबमै व्यंग्य



वाह्ये रुनीलाई इंग्ल्यान्डमा केहि महिनाअघिसम्म अनुशासित व्यक्ति मानिन्थ्यो। डेविड बेकह्यामले राष्ट्रिय टिमबाट संन्यास लिएपछि उनको स्थान रुनीले नै लिने कुरामा सबै जना विश्वस्त थिए। श्रीमती गर्भवती भएको बेला यौनचाहना पूरा गर्न यौनकर्मीकहाँ गएको घटना खुलासा भएपछि रुनी हाँसोका पात्र भएका छन्। २१ वर्षीया जेनिफर थोम्सन तथा २३ वर्षीया हेलेन वोसले रुनीसँग भएका अन्तरंग सम्बन्धहरू सार्वजनिक गरेपछि रुनीको वास्तविकता सार्वजनिक भएको थियो। उक्त घटनाले टाइगर उडको जस्तै परिवार विखण्डन हुने अनुमान गरिए पनि कोलिन रुनीले संयम अपनाएपछि पारिवारिक कलह शान्त भएको थियो।

इंग्ल्यान्डका बालबालिकामा फुटबलका आदर्श खेलाडी रुनीलाई लिएर म्यानचेस्टर युनाइटेडको फुटबल परियोजनामा रहेका बालबालिकाहरूले हालै नाटक प्रदर्शन गर्ने क्रममा रुनीप्रति व्यंग्य गर्न भ्याए। म्यानचेस्टर क्लबको फुटबल मैदानमा क्लबका सम्पूर्ण सदस्यहरूबीच प्रस्तुत गरिएको क्रिसमस पान्टो शीर्षकको नाटकमा रुनीको पछिल्लो छविप्रति व्यंग गरिएको थियो। आफूप्रति गरिएको व्यंग्यलाई लिएर रुनीले कुनै प्रतिक्रिया जनाएका छैनन्। यसले उनलाई व्यंग्य सहन सक्ने खेलाडीका रूपमा प्रस्तुत गरेको छ।

## वार्नको रूप परिवर्तन



अस्ट्रेलियाका पूर्वक्रिकेटर शेन वार्नले आफ्नो रूपमा परिवर्तन गरेपछि अहिले उनी चर्चामा छन्। आफ्नो खेल करियरमा मोटे खेलाडीको छविमा रहेका वार्न संन्यासपछिको जीवनमा पातलो देखिएका छन्। अहिले वार्नले आफ्नो दाँत, केश र शरीरमा एकै पटक परिवर्तन ल्याएका छन्।

उनको दाँत अहिले पियानोको कि भन्दा सेतो छ, मुहार पहिलेको तुलनामा बढी चम्किलो छ भने केशलाई चहकिलो खैरो रंगले रंगाइएको छ। वार्नले शरीरको तौल पनि घटाएका छन्। पहिले र अहिलेको शरीर तुलना गर्ने हो भने उनलाई आमाले कुनै गोप्य कोठामा राखेर उपचार गरेजस्तो देखिन्छ। वार्नको बदलिँदो शरीरमा कुनै पनि प्लास्ट्रिक सर्जनले हात हालेको देखिँदैन। यदी उनले प्लास्टिक सर्जरी गरेर आफ्नो शरीरमा परिवर्तन ल्याएको भए कुनै दाग देखिनुपर्ने थियो। उनले दाँतलाई सेतो पार्ने उपचारचाहिँ गरेको हुनुपर्छ। लेजर ह्वाइटनिङवाट दाँतलाई सेतो बनाउन सकिन्छ।

वार्नको बदलिएको शरीर संरचनाप्रति प्लास्टिक सर्जनहरू चकित नै भने भएका छैनन्। यदि उनले उपचार नै गरेर आफ्नो शरीरको संरचना परिवर्तन गरे पनि त्यो लोभ्याउने किसिमको भने छैन। यद्यपि वार्न पहिलेको भन्दा बढी आकर्षक देखिएका छन्।

## उडले प्रेमिका पाउन थाले

थ्यांक्स गिभिङ पार्टीमा जाने क्रममा सवारी दुर्घटना भएपछि सार्वजनिक भएको टाइगर उडको वाहिरी महिलाहरूसँगको सम्बन्धले परिवारमा विखण्डन ल्याएको थियो। श्रमितीबाहेक उनको जीवनमा आएका एक दर्जनभन्दा बढी महिलाले आफू उडको वास्तविक प्रेमिका भएको दाबा समेत गरेका थिए। कानुनी रूपमा श्रीमतीले अलग भएको घोषणा गरिसकेपछि अहिले उड कुनै युवतीको प्रेममा परेका छन्। पारपाचुकेपछि मुसोको छवि देखाउने उड हालै एक युवतीसँग गोप्य स्थानमा हिँडिरहेको समाचार अमेरिकाको यूएस म्यागजिनले सार्वजनिक गरेको छ। उड ती युवतीसँग आफ्नो निवास वरिपरि घुमिरहेको उक्त म्यागजिनले दावा गरेको थियो। उडका निकटतम स्रोतलाई उद्धृत गर्दै म्यागजिनले उड अहिले ती युवतीसँग डेटिङमा रहेको जानकारी दिएको छ। स्रोतले जनाएअनुसार उड अहिले ति युवतीसँग अलग हुने सोचमा छैनन् भने अहिले घनिष्ठता बढाउने पक्षमा पनि छैनन्, किनभने थ्यांक्स गिभिङ पार्टीमा सहभागी हुन उडका छोराहरू र आमा उनको निवासमा आउँदैछन्। उडले अर्कै युवतीसँग प्रेम गरेको विषयमा श्रीमती एलिन नोर्डेग्रेनले भने कुनै प्रतिक्रिया जनाएकी छैनन्। उनी अझै पनि आफ्ना बालबच्चाको लालनपालनमै समय व्यतित गरिरहेकी छिन्।



## खेलाडी बङ्गलादेश प्रस्थान

# प्रथम साफ च्याम्पियनसिप महिला फुटबल प्रतियोगिता

● **हिमाल खरेल**

बिर्तामोड- बङ्गलादेशको कोक्स बजारमा हुने प्रथम साफ च्याम्पियनसिप महिला फुटबल प्रतियोगिताका लागि छानिएका नेपाली राष्ट्रिय महिला फुटबल टिमका खेलाडी बङ्गलादेश प्रस्थान गरेका छन् । २३ दिनसम्म झापा अनारमनीस्थित डोमालाल रङ्गशालामा भएको बन्द प्रशिक्षणपछि १८ सदस्यीय टिमको घोषणा गरिएको वरिष्ठ फुटबल प्रशिक्षक ध्रुव केसीले बताए । बिर्तामोडनजिकैको शान्त वातावरण अवस्थित डोमालाल रङ्गशालामा २५ खेलाडीले कडा अभ्यास गरेका थिए । एपीएफ, नेपाल पुलिस र अन्य क्लबबाट खेल्ने खेलाडीमध्ये १८ जनालाई प्राविधिक ज्ञान, ट्याक्टिल, अवस्था र पर्फमेन्सका आधारमा छनोट गरिएको केसीले साप्ताहिकलाई जानकारी दिए । दैनिक बिहान बेलुका तीन-तीन घण्टा एन्फाका प्रशिक्षकद्वय केसी र कुमार कटुवालबाट प्रशिक्षण लिएका खेलाडीहरू प्रतियोगिताका लागि तयार भएको बताइको छ ।

दक्षिण एसियाली फुटबल महासङ्घ (साफ)को आयोजनामा यही मंसिर २६ गते अर्थात्, डिसेम्बर १२ तारिखदेखि हुने प्रतियोगिता पहिलो पटक हुन लागेको हो । सार्कका सदस्य आठ राष्ट्र नेपाल, भारत, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश, अफगानिस्तान, भुटान र माल्दिभ्स प्रतियोगितामा सहभागी हुँदैछन् । साग र साफमा भाग लिइसकेको नेपालले यस पटक भने उपाधि उचाल्ने अपेक्षा राखेको छ । 'तर पनि कन्फर्म गरिहाल्न भने सकिँदैन,' कप्तान जमुना गुरुङले भनिन् । उनका अनुसार यसअघिको विजेता भारतका खेलाडी अभ्यास र अन्य प्राविधिक पक्षमा मजबुत भएकाले ऊसँग मुकाबिला गर्न कडा परिश्रम गर्नुपर्नेछ । भारतमा खेलाडीलाई प्रयाप्त सुविधा दिइनु तथा हौसला र कडा अभ्यास गराइनुले पनि तुलनात्मक रुपमा भारत अगाडि रहेको गुरुङले बताइन् । यद्यपि, टिमका सदस्य खेलाडीको मनोबल उच्च रहेको प्रशिक्षक केसीले बताए ।



| छनोट खेलाडी | प्रतिनिधित्व |
|---|---|
| १. जमुना गुरुङ (कप्तान) | एपीएफ |
| २. भगवती थापा (उपकप्तान) | एपीएफ |
| ३. अनु लामा | एपीएफ |
| ४. तुलसा सिंह | एपीएफ |
| ५. लक्ष्मी पौडेल | एपीएफ |
| ६. सजना रानामगर | क्लब |
| ७. दीपा अधिकारी | क्लब |
| ८. प्रमिला राई | एपीएफ |
| ९. मीरा महर्जन | एपीएफ |
| १०. दीपा क्षेत्री | एपीएफ |
| ११. चन्द्रा भण्डारी | एपीएफ |
| १२. नमिता दली (गोल रक्षक) | नेपाल प्रहरी |
| १३. रेनुका नगरकोटी | क्लब |
| १४. निरु थापा | क्लब |
| १५. बालकुमारी मगर | पीएलए |
| १६. रञ्जना दर्जी | एपीएफ |
| १७. उषा भण्डारी | एपीएफ |
| १८. चन्द्रादेवी दाहाल (गोलरक्षक) | एपीएफ |

झापा जिल्ला फुटबल संघको विशेष आग्रहमा खेलाडीको बन्द प्रशिक्षण बिर्तामोडमा गरिएको अध्यक्ष जेके गुरुङले जानकारी दिए । त्यस्तै, झापा र कोक्स बजारको मौसम मिल्दोजुल्दो भएकाले पनि बिर्तामोडमा राखेर खेलाडीलाई प्रशिक्षण दिइएको हो । 'काठमाडौंमा अहिले अत्यधिक चिसो भैसकेको छ', अध्यक्ष गुरुङले भने, 'त्यही भएर मौसम मिल्ने ठाउँमा प्रशिक्षण दिइएको हो ।' चिसो ठाउँबाट कम चिसो ठाउँमा जाँदा मौसम प्रतिकूल भै खेलाडी अस्वस्थ हुने सम्भावना रहेकाले झापामै सबै व्यवस्थापन मिलाएर प्रशिक्षण दिइएको गुरुङले बताए । मंसिर १० गते छानिएका खेलाडीलाई अझ कडा अभ्यास गराइएको थियो । २६ गते प्रारम्भ हुने प्रतियोगितामा भाग लिन महिला फुटबलको राष्ट्रिय टिम मंसिर २२ गते भारतको सिलिगुढी-ढाका हुँदै कोक्स बजार पुग्ने व्यवस्था मिलाइएको फुटबल प्रशिक्षक भगिरथ आले 'मामा'ले बताए ।

प्रतियोगिताको समूह विभाजनअनुसार समूह 'ए'मा भारत, बङ्गलादेश, श्रीलङ्का र भुटान छन् भने समूह 'बी' मा नेपाल, पाकिस्तान, अफगानिस्तान र माल्दिभ्स छन् । उद्घाटन खेल नेपाल र माल्दिभ्सबीच हुनेछ । साफले सार्वजनिक गरेको तालिकाअनुसार नेपालले दोस्रो खेल अफगानिस्तानसँग डिसेम्बर १४ तथा तेस्रो खेल पाकिस्तानसँग डिसेम्बर १६ मा खेल्नेछ । महिला फुटबल प्रतियोगितामा माल्दिभ्स, भुटान र अफगानिस्तानले पहिलोपटक सहभागिता जनाउँदैछन् । त्यसकारण, आफ्नो पोलमा रहेको पाकिस्तानलाई अहिलेसम्म जित्दै आएको र अन्य दुई राष्ट्रसँग प्रतियोगिताको अनुभव नभएकाले नेपाली फाइनलसम्म पुग्ने दाबी गरिन्छ । आफ्नो फाइनल यात्रा निश्चित रहेको खेलाडीहरू पनि बताउँछन्, तर पनि खेलका हिसाबले भारतभन्दा राम्रो रहेकाले यसपटक उपाधि रक्षा गर्न नेपालले कडा मेहनत गर्ने कप्तान गुरुङले बताइन् । अघिल्लो वर्षको साग प्रतियोगिताको पहिलो हाफमा नेपालले भारतलाई पछि पारे पनि निर्णायकको पक्षपातका कारण नेपालले उपविजेतामै चित्त बुझाउनुपरेको प्रशिक्षक केसीले बताए । आशालाग्दी खेलाडी भगवती थापा घाइते भएपछि नेपाली टिम कमजोर देखिएको थियो । भारतलाई पेनाल्टी दिएपछि नेपालले हार बेहोर्नुपरेको थियो । तनाव हुँदा २५ मिनेट खेल अवरुद्ध भए पनि ७ मिनेट मात्र समय उपलब्ध गराइएको थियो । 'त्यही भएर हारियो', केसीले भने, तर रणनीति परिवर्तन गर्दै यस पटक भारतलाई जितेरै छाड्ने नेपाली टिमको दाबी छ ।

गत वर्षको हार बिर्सन यस पटक हुन लागेको साफमा नेपाली महिला फुटबल टिमले सशक्त प्रदर्शन गर्ने योजना पनि बनाएको छ । गोल गर्न खप्पिस कप्तान गुरुङ टिमलाई नयाँ ढङ्गबाट खेलाउने बताउँछिन् । उनीसँगै अनु लामा र रञ्जना दर्जी पनि गोलकर्ताको सूचीमा पर्छन् । 'त्यसकारण उनीहरूसँगै सबै खेलाडीबाट आशा राख्न सकिन्छ', प्रशिक्षक कटुवालले भने ।

छनोट भएका खेलाडीमध्ये १२ जना सशस्त्र प्रहरी (एपीएफ)सँग आबद्ध छन् । त्यस्तै, नेपाल प्रहरी र पीएलएबाट एक-एक जना र अन्य क्लबबाट खेल्ने खेलाडी साफका लागि बङ्गलादेश गएका छन् । खेलाडीमध्ये चन्द्रा भण्डारी, जमुना गुरुङ, तुलसा सिंह, प्रमिला राई, भगवती थापा, अनु लामा, मीरा महर्जन निकै अनुभवी मानिन्छन् । उनीहरू एक दशकदेखि फुटबल खेल्दै आएका छन्, तर अन्य खेलाडी पनि बिल्कुलै नयाँ भने होइनन् । उनीहरू पाँच वर्षदेखि नेपाली महिला फुटबलमा निरन्तर सक्रिय छन् । 'त्यसैले हामीमा प्रयाप्त कन्फिडेन्स छ', कप्तान गुरुङले भनिन् ।

## ५ प्रश्न



जमुना गुरुङ, (कप्तान), राष्ट्रिय महिला फुटबल टिम

**झन्डै एक दशक फुटबल खेलेको अनुभव सँगालिसकेकी जमुना गुरुङले पछिल्ला एक वर्षदेखि राष्ट्रिय महिला फुटबल टिमको कप्तानको जिम्मेवारी सम्हाल्दै आएकी छिन् । एक वर्षअघि भएको सार्क फुटबलमा उपविजेता बनेको नेपाली टिम मंसिर २६ गतेदेखि बंगलादेशको कोक्स बजारमा हुने साफ च्याम्पियनसिपमा गुरुङकै कप्तानीमा फाइनल जित्ने आशामा छ । फिलिपिन्स, बंगलादेश र भारतमा फुटबल खेलिसकेकी गुरुङले सार्कमा सात गोल गरेकी थिइन् ।**

**साफ नजिकिँदैछ, तयारी कस्तो छ ?**

तीन साता लामो बन्द प्रशिक्षणबाट छनोट भएका खेलाडी खेलका लागि तयारी अवस्थामा छौं । प्रशिक्षकहरूले विभिन्न टेकनिक तथा रणनीतिहरू सिकाउनुभएको छ । भारत मुख्य प्रतिस्पर्धी भएकाले कडा प्रशिक्षण लिएका छौं । यस पटक आत्मबल पनि बलियो बनाएका छौं । साफका लागि तयारी पूरा भएको छ । साथीहरू सबै जना फिट छन् ।

**खेलाडी साथीहरूमा कस्तो सम्भावना देख्नुभएको छ ?**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फुटबल खेलिसकेका अधिकांश साथीहरू टिममा छन् । त्यसकारण पनि हामी मजबुत छौं जस्तो लाग्छ । अन्य खेलाडी पनि अनुभवी भएकाले उपाधि जित्नु नै हाम्रो उद्देश्य हो ।

**नेपाली खेलाडीको कमजोरी के हो ?**

नेपाली खेलाडी प्राविधिक हिसाबले कमजोर छन् । त्यसमा सुधार आइरहे पनि अझै सक्षम हुनु आवश्यक छ । तालिम र अभ्यासमा नेपाली खेलाडी पछाडि छन् । जाँगर भए पनि व्यावसायिक बन्ने स्थिति छैन ।

**नेपाली महिला फुटबलमा के परिवर्तन पाउनुभएको छ ?**

दस वर्षको मेरो अनुभवमा खेलाडीमा परिवर्तन पाएकी छु तर नियमित अभ्यास नहुनु, प्रतियोगिता नहुँदा खेलाडीमा पर्याप्त आत्मबल हुँदैन ।

**महिला फुटबललाई मजबुत तुल्याउन के गर्नुपर्ला ?**

सबैभन्दा पहिले त प्रशिक्षण आवश्यक छ । त्यस्तै नियमित रूपमा प्रयियोगिता आयोजना गर्नुपर्छ । महिला फुटबललाई विद्यालयस्तरमा प्रवेश गराउनुपर्छ ।

# पूर्वाञ्चल क्षेत्रीय क्रिकेट



काँकडभिट्टा- अमन थापाको ९८ रनको मद्दतले मोरङ झापा जिल्ला क्रिकेट संघ तथा मेची क्रिकेट एकाडेमीद्वारा आयोजित वाईवाई युथ १९ क्षेत्रीय छनोट क्रिकेट प्रतियोगिताको च्याम्पियन बनेको छ सप्तरीलाई १ सय ४५ रनले हराउँदै मोरङ क्षेत्रीय च्याम्पियन बनेको हो । टस जितेको मोरङले ब्याटिङ रोजेको थियो । उसले निर्धारित ३० ओभरमा सबै विकेट गुमाउँदै २ सय ५२ रनको ठूलो चुनौती खडा गरेको थियो प्रतिउत्तरमा सप्तरी २५ ओभरमा सबै विकेट गुमाएर १ सय ७ रनमा सीमित भएको थियो ।

प्रतियोगिताका म्यान अफ दि म्याच घोषित मोरङका अमन थापाले विस्फोटक ब्याटिङ गर्दै सर्वाधिक ९८ रन जोडे । रिमेश रेग्मी पनि ६४ रन बनाउन सफल भए । प्रतियोगिता अवधिभर उत्कृष्ट बलर बनेका धीरज दास, रोहित सिंह र दिग्विजय सिंहले २-२ विकेट बाडेका थिए ।

सप्तरीका धीरज दासले २१ र अमल दासले १७ रन जोड्नुबाहेक अरूले दोहोरो अंकको रन बनाएनन् । मोरङका बलरहरू सिमर अस्लम अख्तर, हरि चौलागाईं तथा बायाँहाते स्पीनर निर्जल क्षेत्रीले ह्याट्रिक पूरा गरे । पराजित टोलीका प्रशिक्षक राष्ट्रिय खेलाडी मेहवुव आलमले खेलको सुरुवातदेखिको दबाबमा परेका कारण सप्तरी हार स्वीकार गर्न बाध्य भएको बताए । उनले भने, 'टिम थाकेको पनि थियो, त्यसमाथि सुरुवातमै प्रेसर सहन बाध्य भयो ।'

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी सुनसरीका महिम श्रेष्ठ घोषित भए । उनले आइतबार मोरङविरुद्धको सेमिफाइनलमा एकै बलमा लगालग ४ छक्काको योगदान दिएका थिए । प्रतियोगितामा झापासहित मोरङ, सुनसरी, सप्तरी, उदयपुर तथा इलामले भाग लिएका थिए ।

**पर्वत पोर्तेल**

# गोथे र श्रेष्ठ टेबुलटेनिस बिजेता




विराटनगर- ३३ औं राष्ट्रिय टेबुलटेनिस प्रतियोगिताको उपाधि भक्तपुरका शिवसुन्दर गोथे तथा नेपाल प्रहरीकी नमिता श्रेष्ठले जितेका छन् । गत शनिबार विराटनगरमा सम्पन्न फाइनलमा पुरुष एकलतर्फ गोथेले दोस्रो हुने नेपाल प्रहरीका अजय सुवाललाई ४-१ को सेटमा हराउँदै दोस्रो पटक उपाधि रक्षा गरेका हुन् ।

विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिसकेका गोथेले यसअघिको प्रतियोगिता पनि जितेका थिए । प्रतियोगितामा काठमाडौंका चन्दन शाक्य तथा राजेन्द्र कपालीले तृतीय स्थान हासिल गरे । महिला सिंगलमा नमिताले प्रहरीकै स्वेच्छा नेम्वाङलाई ४-१ को सेटमा पराजित गरी उपाधिमाथि पहिलो पटक कब्जा जमाएकी हुन् । काठमाडौंका रेनुका खत्री र एलिना महर्जनले तृतीय स्थान हासिल गरेका छन् ।

यसैगरी जुनियर सिंगलमा काठमाडौंका प्रदीप रोकाले काठमाडौंकै अनिश श्रेष्ठलाई ३-१ को सेटमा हराएर उपाधि जितेका छन् । १५ वर्षमुनिको पुरुष एकल प्रतिस्पर्धामा मोरङका करण राईले भक्तपुरका पीयूष अवालेलाई ३-१ ले हराउँदै उपाधि जितेका छन् । यस्तै १५ वर्षमुनिका महिला एकलतर्फ काठमाडौंकी सरिना महर्जनले रूपन्देहीकी अम्बिका थापालाई ३-१ ले हराउँदै प्रथम भइन् ।

महिला टिम स्पर्धामा नेपाल पुलिसको टिमले काठमाडौंलाई हराएको छ । प्रहरीका नमिता श्रेष्ठ, स्वेच्छा नेम्वाङ तथा रबिना महर्जनको टिमले काठमाडौंका रेणुका खत्री, एलिना महर्जन र सेलिना खड्काको टिमलाई हराएको हो । यस्तै पुरुष टिम स्पर्धामा ललितपुरले प्रहरीलाई ३-२ हराउँदै उपाधि जितेको छ । ललितपुरका राजेन्द्र कपाली, सोनु गुप्ता र पुरुषोत्तम बज्राचार्यको समूहले प्रहरीका राकेश महर्जन, दीप सावन्त र अजय सुवालको टिमलाई हराएको हो । तीन दिनसम्म चलेको प्रतियोगितामा २३ जिल्ला र विभागीय टिम प्रहरीसहित २ सय २० जना खेलाडी सहभागी थिए ।

**-कमल रिमाल**

कफीसपमा तीस वर्षपछि उनीसँग भेट्न पाउँदा ममा धेरै खुसी, उत्तेजना, कौतूहलता एवं केही हडबडाहट थियो । तीस वर्षअघि उनी हिँड्ने सडक तथा गल्लीहरूमा घण्टौं कुर्ने यी आँखाले आज धेरै बेर पर्खनुपरेन । उनी भनेकै समयमा आइपुगिन् । त्यही रंग अनि त्यही भिन्न गहकिलो मुस्कानका साथमा । पहिलो पटक उनलाई देख्दा मेरो मनमा जुन तरंगको छाल उर्लिएको थियो, आज फेरि यतिका वर्षपछि उनलाई देख्दा त्यही पुरानो छाल फर्केर आएको महसुस भयो । जीवनको रंग अनेक रंग । वास्तवमा उनीप्रतिको आफ्नो आर्कषणका सम्बन्धमा मैले उनलाई कहिल्यै थाहा दिइनँ । त्यतिबेला म उनलाई एकतर्फी प्रेम गर्न थालेको थिएँ । आज म कल्पना गर्न सकिरहेको छैन कि उनलाई यतिका धेरै वर्षपछि यसरी भेट्ने हिम्मत गर्न सक्छु । किनभने यसअघि त कल्पना मात्र न गरें । कहिले कर्णालीको तीरैतीर बरालिदै अनि कहिले भोटे कोसी त कहिले अरुण र तमोरको डाँडामाथि बहकिँदै उनलाई सम्झी-सम्झी रोएँ । नियाग्राफलको झरनामुनि पुग्दा होस् वा गोल्ड कोस्टतिर लङ्ग ड्राइभ गर्दा होस्, उनलाई यो मनले निरन्तर सम्झिरह्यो । राजधानीको चिसोमा रात्रिचर बनी गजलको सुर र सुराको तालमा आफूलाई होम्दा पनि मनमा उनलाई पाउन नसकेको दर्द लुकेको हुन्थ्यो । ‘अ प्रशान्त के छ हालखबर ?’ उनको प्रश्नले म झसंग भएछु । ‘ठीक छु, तिम्रो नि ?’ तीस वर्षअघि उनीसँग बोल्न नसक्ने एक प्रकारको जुन डर ममा थियो वा भनौं जुन संकोच थियो, त्योचाहिँ अहिले पटक्कै छैन । पहिलो पटक उनीसँग बोल्न र भेट्न यतिका वर्ष लागेकाले होला, म बिस्तारै आफूलाई सहज बनाउँदै थिएँ । ‘तिमीलाई मैले बुटवलमा हुँदा कहिल्यै नोटिस गरिनँ, तर अहिले तिमीले पठाएको मेलबाट मात्र चिन्न सकें,’ उनको बोलाइमा अलि-अलि सहानुभूति थियो । हुन सक्छ, उनले मेरो भावनामा ठेस नलागोस् भनेर त्यसो भनेकी हुन् वा मलाई सान्त्वना दिएकी हुन् । हुन त उनले मेरो अनुरोधलाई स्वीकारेर भेट्न आउनु नै मेरा लागि ठूलो घटना थियो । फेरि किन हो यो मनले चाहँदा-चाहँदै पनि मैले उनको परिवारका सम्बन्धमा जिज्ञासा राख्न सकिनँ ।

उनका अगाडि म मुस्कुराउने प्रयास गर्दै थिएँ । सही अर्थमा म आफ्नो लाज लुकाउन खोज्दै थिएँ । सायद म उनीप्रतिको आकर्षणको रहस्य खोल्न लाग्दै थिएँ । अझ भन्नुपर्दा मनको त्यो भारी बोझलाई बिस्तारै उनका अगाडि बिसाउने हिम्मत गर्दै थिएँ । ‘म त तिमीप्रति यति आकर्षित थिएँ कि तिमीलाई कहाँ भुल्न सक्छु र ? अस्ति अखबारमा तिम्रा बारेमा पढेपछि मात्र तिमी पनि यहीं छौं भनेर थाहा भयो र गुगलमा तिम्रो नाम सर्च गरेपछि मेल पठाएको ।’ हल्का हाँस्दै भनें, ‘बुटवलमा हुँदा म तिमीप्रति लगभग एकोहोरोजस्तो भएको थिएँ नि,’ मैले अझ जोड्ले हाँस्दै भनें । ‘राती ओछ्यानमा सुत्दा तिमीलाई सम्झेर ट्वाल्ल परी छतमा हेर्दा बिहान भएको पत्तै हुँदैनथ्यो,’ म एक-एक गर्दै मनको वह पोख्न थालें । ‘त्यो उमेरमा एक किसिमले हदैसम्मको चाहना र आकर्षण थियो,’ मैले अलिक विश्वासका साथ भनें । उनी कफी पिउँदै मलाई सुनिरहेकी थिइन् । ‘तिमीलाई लाग्दो होला कि मैले किन यी कुरा त्यतिबेला भन्न सकिनँ ? सम्भवतः म तिमीबाट तिरस्कृत हुन चाहन्नथें । फेरि त्यतिबेला तिमीसँग बोल्न त सक्दिनथें भने कसरी यी सबै कुरा व्यक्त गर्ने हिम्मत गर्थें होला,’ म खुलस्त हुँदै गएँ । ‘यो

**‘हैन, तिमी अहिले पनि त्यत्तिकै सुन्दर देखिन्छौ। तिम्रो रूपबाट पीडित भएकाहरूलाई मुक्ति दिन पनि दिलजले संगठन खोल्नुपर्ने भएको छ र त्यसको अध्यक्षचाहिँ मै हुने भनेको,’ कुरालाई अर्कैतिर मोड्दै यी भनाइ राखेको मात्र के थिए, उनी खितिखिती हाँस्न थालिन्। गजबको आकर्षण, म उनलाई हेरिरहे।**



विक्रम राई

## प्रसंग कतिपय

जीवनमा धेरै कुरा भन्न सकिँदो रहेनछ, सिवाय महसुस गर्नुबाहेक,’ मैले लामो सास तान्दै भनें- ‘त्यतिखेर देखेको मेरो सपना रातको कालो आकाशभित्र हराएको सानो प्रकाशको किरण जस्तै भएको थियो ।’ मेरो एकोहोरो बोलाइमा उनी अझ गम्भीर हुँदै गएजस्तो लाग्यो । कता-कता मलाई पहिलो भेटमै यी सबै कुरा उनलाई भन्न नहुने थियो कि जस्तो लाग्यो । ‘अब म अध्यक्ष बन्नुपर्लाजस्तो छ,’ मेरो आशय नबुझेर होला, उनले मतिर पुलुक्क हेरिन् । ‘हैन, तिमी अहिले पनि त्यत्तिकै सुन्दर देखिन्छौ । तिम्रो रूपबाट पीडित भएकाहरूलाई मुक्ति दिन पनि दिलजले संगठन खोल्नुपर्ने भएको छ र त्यसको अध्यक्षचाहिँ मै हुने भनेको,’ कुरालाई अर्कैतिर मोड्दै यी भनाइ राखेको मात्र के थिएँ, उनी खितिखिती हाँस्न थालिन् । गजबको आकर्षण, म उनलाई हेरिरहे ।

तीस वर्षसम्म पर्खिने यो मन त्यो कफी गफपछि तीस दिन पनि पर्खने अवस्थामा थिएन । दिनहुँको आग्रह अनि लामो अनुनय-विनयपश्चात् उनले डिनरका लागि समय दिइन् । दोस्रो पटक पनि उनी समयमै आइपुगिन् । जाडो महिना, त्यसमा पनि हवात्तै बढेको चिसोले गर्दा डिनरको मजा नहुने भयो भन्ने आशंका थियो । रेस्टुराँका न्याना ठाउँहरू सबै खचाखच भएकाले बाहिरको चिसो टेबलमा बस्नुपर्दा म असहजता महसुस गरिरहेको थिए, तर पनि उनी त्यो चिसो डाइनिङ टेबुलमा मसँग खुसीसाथ बसिन् । ‘म नास्तिक होइन, तर पारिवारिक करकापबाहेक मन्दिर कहिल्यै गइनँ । आजभोलि मन्दिर जान मन पराउन थालेको छु र भगवान्लाई धन्यवाद दिन थालेको छु,’ मैले भनें । ‘के को धन्यवाद नि ?’ उनले मुस्कुराउँदै नबुझेजस्तो गरी प्रश्न तेर्स्याइन् । ‘तिमीसँग यतिका वर्षपछि भेट्न र बोल्न पाएकोमा,’ मैले उनको प्रश्नको जवाफ दिएँ । उनी मेरो कुरा नसुनेझैं चुपचाप डिनर लिन थालिन् । ‘मैले बढी बोलें कि ?’ डराई-डराई सोधें । ‘होइन’ भन्दै उनी फेरि चुपचाप डिनर लिन थालिन् । हुन त मनै त हो, के भर हुन्छ र ? अहिले पनि उनलाई देखेपछि लाग्छ कि जिन्दगी अहिले भर्खरै सुरु भएको छ । हावाले रूखका पात हल्लाउँदा मीठो धुन निस्किएजस्तो । ‘बुटवलमा हुँदा तिम्रा बारेमा कुरा गरेर हैरान र वाक्क पार्ने साथी भरतले आज यसरी तिमी र म सँगै डिनर गरिरहेको देख्यो भने, ऊचाहिँ एकपटक पक्कै बेहोश हुन्छ होला,’ मैले फेरि भनें । उनी मुस्कुराइन् । चिसो बढ्दै थियो अनि रात छिप्पिँदै थियो । ‘यो रेस्टुराँको साहँलाई म मुद्दा हाल्नेवाला थिएँ । अधिकांश समय यहीं नै नानाथरी खाएर मेरो वजन बढेको हो, तर अब नहाल्ने भएँ । अब त यो ठाउँ मेरा लागि यादगार भयो,’ मैले जिस्किँदै भने । त्यहाँ म धेरै बेर बोलिरहें र उनी निरन्तर मेरो कुरा सुनिमात्र रहिन् । त्यसो त यो जीवनमा अब सुन्नु र सुनाउनुबाहेक के नै बाँकी छ र ? बुटवलको त्यो गल्लीबाट यहाँसम्मको यात्रामा निरन्तर उनीप्रति समर्पित हुँदै गीत-गजल गाएकै हुँ । जीवनपर्यन्त यी सबैलाई साँचेर राख्छु नै, तर अब मेरो सोच चैं फेरिन्छ होला । मेरो कल्पना र तीभित्रका पात्रहरू त्यहीं नै रहे पनि । आशा गर्छु, उनी अब मेरो असल मित्र हुनेछिन् । अबको बाँकी जीवन म उनको एउटा असल मित्र बन्ने प्रयास गर्नेछु । यी कुरा मनभित्र हुँदाहुँदै पनि डिनरपश्चात् छुट्टिने बेलामा पार्किङको अँध्यारोमा मैले बोल्ने हिम्मत गरेँ, ‘यदि भगवान्को सृष्टिमा यो जन्मपछि अर्को जन्म छ भने, त्यहाँचाहिँ म तिमीलाई भेट्नेबित्तिकै मनका कुरा व्यक्त गर्नेछु, त्यहाँ म ढिला हुने छैन,’ त्यतिबेला म बढी भावुक भएको थिएँ, सायद उनी पनि .....।

भोलिपल्ट बिहान छोरीले म्यासेजको रिङटोन बजेको सुनेर ओछ्यानमै मोबाइल ल्याइदिइन् । एसएमएस बक्समा उनको म्यासेज देखें, ‘हिजोको डिनरका लागि धेरै-धेरै धन्यवाद छ । तिमी साँच्ची नै असल मानिस हौ । म सधैं तिम्रो प्रगतिको कामना गर्छु र आशा गर्छु– भगवानले तिम्रो अर्को जन्मवाला चाहना पूरा गरून् ।’

prasangakatipaya@hotmail.com


होटल तालिम (१००% रोजगारी मुलक)
5 Star होटलका प्रशिक्षक बाट तालिम ।
अन्तराष्ट्रिय होटल तालिम प्रा.लि. बालाजु चोक
फोन: 01-4384548

तु. आवश्यकता
विगत ८ वर्षदेखि संचालित यस NAO International Education को लागि निम्न कर्मचारीको आवश्यकता परेको हुँदा इच्छुक कर्मचारीले आफ्नो बायोडाटा सहित सम्पर्क राख्नुहोला ।
पहिला आउनेलाई पहिलो प्राथमिकता

| पद | योग्यता | तलब | संख्या |
|---|---|---|---|
| Project Work | SLC + above | 21,000 | 9/9 ladies/gents |
| Phone Operator | 10+2 + above | 10,000 | 5/5 ladies/gents |

(Transportation+Meals Free)
सम्पर्क: चावहिल मित्रपार्क चोक

हरेक महिलाले जान्नै पर्ने बेकरी/कुकिङ्
जमलेश्वर इन्स्टिच्यूट (first & the foremost)

Global's Training in 5★ Hotel
Vocational Course Detail
Hotel Management
F & B Management
Kitchen Management (Cook) (Continental/Chinese/Indian/ Bakery & Pastry) each 3 months
F & B Service Management (Waiter)
Bartender Management
Banquet Management
Front Office Management
Housekeeping Management
Internship compulsory in 5* Hotel
Trust a quality training
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
4621098, 2134544

होटल तालिम
Worldwide Valid Certificate
वेटर/वेट्रेस तालिम फ्रि
1mth Special Indian Tandoori Course
माउण्टेन होटल ट्रेनिङ सेन्टर Ph:016212336

मोबाईल तालिम
राज ईलेक्ट्रोनिक्स
कालिमाटी ०१-६२२४७९८

Language/Computer/ Hardware /Networking
Computer : Basic, Office, Web, Graphics, Diploma, Programming, Accounting
special & package programs:- English, Japanese, French, German, Korean, Hebrew, Chinese, spanish, Italian
TOEFL, IELTS, VISA / JOB INTERVIEW Pre. CLASSES
Osish Language & Computer Center (OLC)
New Baneshwor 4785226 | New Baneshwor 4483414 | Adwait Marg 4232866 | Lagankhel 5004018

Sarojina Scholarship Fund
Shaping Minds Group
निःशुल्क शिक्षा
Exams & Hands out will be charged
IELTS, Special English*, Secretary Training, Accounting Package, Hardware & Networking, Personality Development
Admissions Strictly on: First Come First Serve Basis..
Itahari 025-584310, Birtamod 023-543102
Study in UK / USA Canada Ireland Germany New Zealand Switzerland Many Others

रोजगारीमूलक तालिम
फोटोग्राफी VISUAL EDITING & ANIMATION भिडियोग्राफी
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE

1st time in Nepal
Sweet Secret
"your secret our treasure"
Varieties of Condom, Sextoy, Lube & Much More...
New Road, Kathmandu
Ph: 01-4225297
Opens from 11:00 am to 8:00 pm
Open on saturday also
order directly from Website too...
www.sweetsecret.com.np

MY CAREER EDU. CON. PVT. LTD.
Head Office: Dillibazar, Ktm, 4434136
Branch Office: Putalisadak, ktm, 4440700
Study in UK LONDON
* SLC, +2, Diploma & Degree can apply
* Dependent can also apply with students
* Work Limit: Students 20 hrs, Depn: full time
* Trust worthy & Affordable "A" Rated Colleges
* January Intake & IELTS optional.


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल ।**